योग्यता, निष्पक्षता, स्वच्छता

पाँचौं वार्षिक प्रतिवेदन

(आ.व.२०८१/०८२)

प्रदेश लोक सेवा आयोग

गण्डकी प्रदेश, पोखरा

प्रदेश लोक सेवा आयोग

सम्पर्क:

प्रदेश लोक सेवा आयोग

ठेगाना:

मुस्ताङ चोक, पोखरा

टेलिफोन नं.

फोन नं. : ०६१-४५७८७३

ई-मेल:

gandakipsc2076@gmail .com

वेबसाइट:

http://ppsc.gandaki.gov.np

प्रदेश लोक सेवा आयोग

गण्डकी प्रदेश, पोखरा

मितिः २०८२/०५/२७

विषयः वार्षिक प्रतिवेदन पेश गरिएको।

माननीय प्रदेश प्रमुखज्यू,
गण्डकी प्रदेश, पोखरा।

गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ५० बमोजिम प्रदेश लोक सेवा आयोगले आर्थिक वर्ष २०८१/०८२ मा सम्पादन गरेका काम कारबाहीहरूको वार्षिक प्रतिवेदन पेश गरिएको छ।

भवदीय,

विष्णुप्रसाद नेपाल
अध्यक्ष

कल्पना लम्साल
सदस्य

योगेन्द्र गौचन
सदस्य

रुद्रप्रसाद पण्डित
सचिव

आयोगका पदाधिकारीहरू

विष्णुप्रसाद नेपाल
अध्यक्ष

कल्पना लम्साल
सदस्य

योगेन्द्र गौचन
सदस्य

रुद्रप्रसाद पण्डित
सचिव

धन्यवाद ज्ञापन

आयोगको कार्य सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक भौतिक, मानवीय, सूचना प्रविधि लगायतका श्रोत साधनको उपलब्धतालाई सहजीकरण गराईदिएकोमा आयोग प्रदेश सरकारप्रति धन्यवाद ज्ञापन गर्दछ। आयोगका कामकारवाहीमा प्रत्यक्ष एवम् परोक्ष रूपमा सहयोग पुऱ्याउनु हुने सङ्घ, प्रदेश एवम् स्थानीय तह, सरकारी एवम् निजी क्षेत्रका विश्वविद्यालय, महाविद्यालय एवम् विद्यालयहरू, सुरक्षा निकायहरू र सम्बद्ध सबैप्रति आयोग आभार प्रकट गर्दछ। साथै पाठ्यक्रम निर्माण, प्रश्नपत्र निर्माण एवम् परिमार्जन, उत्तरपुस्तिका परीक्षण, प्रयोगात्मक परीक्षा, सामूहिक छलफल र अन्तर्वार्ता समेतका कार्यमा उपस्थित भई विज्ञ सेवा प्रदान गर्नुहुने दक्ष/विशेषज्ञ र परीक्षा सञ्चालनमा सहयोग गर्नु हुने सबैमा आयोग कृतज्ञता प्रकट गर्दछ।

पाँचौँ वार्षिक प्रतिवेदन तयार गर्ने कार्यमा संलग्न आयोगका सचिव लगायत सबै कर्मचारीहरूलाई आयोग धन्यवाद व्यक्त गर्दछ।

कार्यकारी सारांश

प्रदेश लोक सेवा आयोगले प्रतिवेदन अवधिमा गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९, गण्डकी प्रदेश निजामती सेवा नियमावली, २०७९ तथा स्थानीय सेवा -गठन तथा सञ्चालन) ऐन, २०७९ र स्थानीय सेवा -गठन तथा सञ्चालन) नियमावली, २०८० बमोजिम विभिन्न सेवा, समूहमा प्रदेश र स्थानीय तहबाट रिक्त पदको माग सङ्कलन गरी पदपूर्तिको कार्य गर्दै आएको छ।

माग सङ्कलन र विज्ञापन प्रकाशन



आ.व. २०८१/०८२ मा वार्षिक कार्यतालिका बमोजिम माग सङ्कलन गरी प्रदेश सरकारका विभिन्न मन्त्रालय तथा अन्तर्गतका कार्यालयबाट २ ९४, स्थानीय तहहरूबाट ४७४ र प्रदेश सङ्गठित संस्थाबाट प्राप्त १० पद गरी ७७८ पदको प्रतिशत निर्धारण गरिएको छ। विभिन्न सेवा समूहका तेह्रो तह देखि एघारौं तहसम्मका प्राप्त माग पदसङ्ख्यालाई बढुवातर्फ १६६, आन्तरिक प्रतियोगितातर्फ ८, अन्तर तह प्रतियोगितातर्फ १५, खुलातर्फ ३३१ र समावेशी समूहतर्फ २५८ पदसङ्ख्या छुट्याई जम्मा ७७८ पदसङ्ख्याको लागि विज्ञापन प्रकाशन भएको छ। प्रदेश सङ्गठित संस्थातर्फ गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानका विभिन्न सेवा समूहका १० पदसङ्ख्या समेत गरी कुल ७७८ पदसङ्ख्याको विज्ञापन प्रकाशन गरिएको छ।

दरखास्त सङ्कलन:

आयोगबाट प्रकाशित विभिन्न विज्ञापनमा बढुवातर्फ ५१७ दरखास्त प्राप्त भएका छन्। प्रतिस्पर्धात्मक परीक्षाद्वारा पदपूर्ति हुने विज्ञापनहरूमा सङ्गठित संस्था समेत गरी ७७,०४३ आवेदकहरूबाट आन्तरिक प्रतियोगितातर्फ २६, अन्तर तहतर्फ ३२१, खुलातर्फ ७६,४९२ र समावेशी समूहतर्फ ६०,५५६ गरी जम्मा १,३७,३९५ दरखास्त प्राप्त भएका छन्। प्रदेशगत रूपमा सबैभन्दा बढी कर्णाली प्रदेशबाट २४.५३ प्रतिशत र सबैभन्दा कम कोशी प्रदेशबाट ४.५६ प्रतिशत आवेदकको दरखास्त परेको छ। दरखास्त दिने आवेदक मध्ये महिला ३९.९० प्रतिशत र पुरुष ६०.१० प्रतिशत रहेका छन्। जिल्लागत रूपमा जुम्ला जिल्लाबाट सबैभन्दा बढी र मनाङ जिल्लाबाट सबैभन्दा कम आवेदक रहेका छन्। सेवागत आधारमा सबैभन्दा बढी प्रशासन सेवामा र सबैभन्दा कम शिक्षा सेवामा रहेको देखिन्छ।



पाठ्यक्रम निर्माण र परिमार्जन:

प्रतिवेदन अवधिमा प्रदेश निजामती सेवातर्फ १ वटा पदको पाठ्यक्रम परिमार्जन र प्रदेशका सङ्गठित संस्थाका विभिन्न सेवा/समूह/उपसमूह, तहका १० पदको पाठ्यक्रम निर्माण गरिएको छ।

परीक्षा सञ्चालन तथा व्यवस्थापन:

परीक्षा सञ्चालनका लागि १ हजार १ सय ९१ सेट कच्चा प्रश्नपत्र सङ्कलन गरी ५६१ सेट परिमार्जित प्रश्नपत्र तयार गरिएको छ। लिखित परीक्षामा २२ हजार १०३ महिला र ३१ हजार ५९१ पुरुष गरी ५३ हजार ६९४ उम्मेदवारहरू सहभागी भएका छन्। विभिन्न सेवा, समूहका तेस्रो तहदेखि नवौं तहसम्मका १ लाख ५१ हजार ९२८ विषयगत र वस्तुगत उत्तरपुस्तिकामा प्रथम र दोश्रो सङ्केत नम्बर कायम गरी आयोगमा सूचीकृत दक्ष/विशेषज्ञहरूबाट परीक्षण गरिएको छ।

लिखित परीक्षा नतिजा प्रकाशन:

आयोगबाट प्रकाशित विज्ञापनमध्ये तेस्रो तहदेखि सातौं तहसम्मका विभिन्न पदहरूको प्रथम चरणको नतिजा प्रकाशन गरी २७ हजार ४४३ उम्मेदवार दोस्रो चरणको परीक्षाको लागि छनोट गरिएको छ। लिखित परीक्षाको नतिजा प्रकाशन अनुसार ९३२ महिला र १४४४ पुरुष गरी २३७६ जना उम्मेदवार अन्तर्वार्ताको लागि छनोट भएका छन्। सङ्गठित संस्थातर्फ १ जना महिला र १३ जना पुरुष गरी जम्मा १४ जना उम्मेदवार अन्तर्वार्ताको लागि छनोट भएका छन्।

परीक्षण प्रविधि

प्रशासन तर्फको नवौं तहका लागि इन बास्केट एक्सरसाइज, प्रदेश सङ्गठित संस्थाको नवौं तहका लागि मामिला अध्ययन तथा प्रस्तुतीकरण, सातौं र आठौं तहका पदहरूमा सामूहिक परीक्षण र प्रशासनतर्फ सातौं, पाँचौं र चौथो तहका पदहरूमा कम्प्युटर सीप परीक्षण विधि अवलम्बन गरिएको छ। प्रदेश वन सेवा, जनरल फरेष्ट्री समूह, तेस्रो तह, वन रक्षक पदको प्रथम चरणको लिखित परीक्षामा उत्तीर्ण भएका ६६७६ जना उम्मेदवारको लागि द्वितीय चरणको शारीरिक तन्दुरुस्ती परीक्षण परीक्षा सञ्चालन गरिएको छ।

अन्तर्वार्ता तथा सिफारिस:

गत आ.व. २०८०/०८१ मा प्रकाशित विज्ञापनमध्ये अन्तर्वार्ता हुन बाँकी पाँचौं र चौथो तहका ३६ पदमा र चालु आ.व. २०८१/०८२ मा प्रकाशित नवौं, आठौं, सातौं र पाँचौं तहका ४० पदको अन्तर्वार्ता कार्यक्रम सम्पन्न भएका छन्। यस अवधिमा प्रदेश र स्थानीय तहमा अन्तर्वार्ताबाट ५१२ महिला र ८७८ पुरुष गरी जम्मा १३९० जना उम्मेदवार सिफारिस गरिएको छ। आन्तरिक प्रतियोगितातर्फ २, अन्तरतह प्रतियोगितातर्फ १२, खुलातर्फ ७७७ र समावेशी समूहतर्फ ५९९ जना उम्मेदवार सिफारिस गरिएको छ। समावेशी समूहतर्फ महिला २१०, आदिवासी जनजाति १६६, दलित ९०, विपन्न खस आर्य ६१, अपाङ्गता भएका



व्यक्ति २९, थारु १४, मुस्लिम १५ र मधेसी १४ गरी जम्मा ५९९ जना उम्मेदवार सिफारिस भएका छन्। प्रदेश सङ्गठित संस्थातर्फ गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानमा नवौं तहमा २ जना, सातौं तहमा ३ जना र पाँचौं तहमा १ जना गरी ६ जना उम्मेदवार सिफारिस गरिएको छ। प्रदेशतर्फ २६६, स्थानीयतर्फ १११८ र प्रदेश सङ्गठित संस्थातर्फ ६ गरी जम्मा १३९० जना उम्मेदवार सिफारिस गरिएको छ। सिफारिस गरिएका उम्मेदवारहरूलाई अभिमुखीकरण गरिएको छ। यसरी आ.व. २०८१/०८२ सम्म सङ्गठित संस्थामा समेत गरी जम्मा ३१४० जना उम्मेदवार प्रदेश तथा स्थानीय तहमा सिफारिस गरिएको छ।

बढुवा उजुरी, परामर्श र प्रतिरक्षा:

प्रतिवेदन अवधिमा बढुवा समितिले गरेको बढुवा सिफारिस उपर चित्त नबुझी आयोगमा पेश गरिएका ८ वटा उजुरी उपर निर्णय भएको छ। गण्डकी प्रदेश निजामती सेवा ऐन २०७९, स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९, गण्डकी प्रदेश निजामती सेवा नियमावली २०७९ र स्थानीय सेवा गठन तथा सञ्चालन नियमावली २०८० संशोधनका सम्बन्धमा परामर्श प्रदान गरिएको छ।

हालसम्म आयोगलाई विपक्षी बनाई सर्वोच्च अदालत, उच्च अदालत र प्रशासकीय अदालतमा ८० थान रिट निवेदन/उजुरी/पुनरावेदन दायर भएकोमा ३३ थान फछ्यौंट भई ४७ थान विचाराधीन अवस्थामा रहेका छन्।

संस्थागत सुधार, समन्वय र सहकार्य

आयोगको कार्य सम्पादनलाई योजनाबद्ध, प्रभावकारी र व्यवस्थित बनाउन प्रथम पञ्चवर्षीय रणनीतिक योजना तर्जुमा गरी कार्यान्वयन गरिएको छ। लोक सेवा आयोगको असल अभ्यास तथा अनुभव आदान-प्रदान तथा कर्मचारीको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिएको छ। प्रदेश लोक सेवा आयोगहरूको चौथो सम्मेलन पोखरामा २०८१ मंसीर १८ र १९ गते आयोजना गरी सम्पन्न गरिएको छ।

ध्यानाकर्षण तथा सुझाव:

सङ्घीय निजामती सेवा विधेयकमा सङ्घीय निजामती सेवाबाट प्रदेश सचिव र प्रमुख प्रशासकीय अधिकृत १० वर्षसम्म खटिई आउने समेतका विषय संविधानको भावना, मर्म र कर्मचारी समायोजन ऐन, २०७५ अनुकुल नभएको सम्बन्धमा राज्य व्यवस्था समितिमा सुझाव पेश गरिएको छ।

आयोगको परामर्श विना ठूलो सङ्ख्यामा कर्मचारी स्थायी गर्ने र करार सेवाबाट कर्मचारी भर्ना गरी कार्यसम्पादन गर्ने गराउने प्रवृत्तिले योग्यता प्रणालीको प्रवर्धन एवम् राज्यका निकायहरूमा नागरिकको समानुपातिक समावेशी सहभागिता सुनिश्चित गर्ने संबैधानिक एवम् कानुनी व्यवस्थामा प्रभावित भएको छ। प्रदेश र स्थानीय तहमा आयोगबाट सिफारिस भई नियुक्ति भएका कर्मचारीहरूको वैयक्तिक विवरण (सिटरोल) दर्ता प्रकृया पूर्ण नभएको, परीक्षणकाल समेत व्यतित नभएको अवस्थामा सरुवा सहमति दिने, ऐनको दफा नखुलाई अवधि किटान नगरी सरुवा गर्ने र कामकाजमा खटाउने प्रवृत्ति देखिएकोले पद अभिलेख व्यवस्थापन, पूर्वानुमानयोग्य पारदर्शी सरुवा व्यवस्थापन, पदपूर्ति कार्य व्यवस्थित हुन नसकी सार्वजनिक सेवा प्रवाहमा प्रत्यक्ष असर परेको देखिन्छ।

प्रदेश तथा स्थानीय तहमा कार्यरत कर्मचारीको औषधोपचार, उपदान, निवृत्तिभरण लगायतका सेवा सुविधाका सम्बन्धमा स्पष्ट कानुनी तथा संस्थागत व्यवस्था नहुँदा कार्यरत कर्मचारीहरूमा वृत्ति सुविधा एवम् सुरक्षाको कमी रहेको देखिन्छ।

उल्लिखित पृष्ठभूमिमा आयोगले अनुभूत गरेका विषय ध्यानाकर्षण तथा सुझाव खण्डमा प्रस्तुत गरिएको छ।

क्र.सं.	शीर्षक	पेज नं.
	परिच्छेद एक **आयोगको परिचय, गठन र कार्यक्षेत्र**	
१.१	पृष्ठभूमि	१
१.२	गठन	१
१.३	काम, कर्तव्य र अधिकार	१
१.४	उद्देश्य र कार्यक्षेत्र	२
१.५	आयोगका कार्यहरू	३
१.६	वार्षिक प्रतिवेदन	३
	परिच्छेद दुई **आयोगका कार्यसम्पादनका आधारहरू**	
२.१	संस्थागत प्रबन्ध	४
२.१.१	संवैधानिक तथा कानुनी व्यवस्था	४
२.१.२	सङ्गठन संरचना	५
२.१.३	आयोगका पदाधिकारीहरूको कार्य विभाजन	७
२.२	कार्यसम्पादनका सिद्धान्तहरू	८
२.३	कार्यसम्पादन प्रक्रिया र कार्यप्रवाह	९
	परिच्छेद तीन **प्रशासनिक र वित्तीय/भौतिक प्रगति**	
३.१	बैठक तथा निर्णय	१५
३.२	बजेट विनियोजन र खर्च	१५
३.३	राजश्व र धरौटी	१६
३.४	बेरुजुको अवस्था	१६
३.५	भौतिक पूर्वाधारको अवस्था	१६
३.६	निरीक्षण	१७
३.७	अन्तरक्रिया तथा अभिमुखीकरण	१९
३.८	सिफारिस भएका उम्मेदवारको अनुशिक्षण	२०
३.९	चौथो वार्षिकोत्सव	२१
३.१०	वार्षिक प्रगति समीक्षा	२१
	परिच्छेद चार **शैक्षिक योग्यता, पाठ्यक्रम र परीक्षण प्रविधि**	

४.१. शैक्षिक योग्यता	२२
४.२ पाठ्यक्रम निर्माण तथा परिमार्जन	२२
४.३ परीक्षण प्रविधि	२३
परिच्छेद पाँच **विज्ञापन र दरखास्त**	
५.१ पदपूर्तिको वार्षिक कार्यतालिका	२४
५.२ माग सङ्कलन	२४
५.३ प्रतिशत निर्धारण	२६
५.४ विज्ञापन प्रकाशन	२७
५.४.१ बढुवा विज्ञापन	२८
५.४.२ आन्तरिक, अन्तरतह र खुला तथा समावेशी प्रतिस्पर्धात्मक परीक्षाको विज्ञापन	३०
(क) प्रतिस्पर्धात्मक परीक्षाको विज्ञापन	३०
(ख) प्रतिस्पर्धात्मक परीक्षाको सेवागत तथा तहगत विज्ञापन	३१
५.५ दरखास्त सङ्कलन	३२
५.५.१ बढुवा दरखास्त सङ्कलन	३२
५.५.२ प्रतिस्पर्धात्मक परीक्षाको विज्ञापनमा दरखास्त	३३
५.५.४ सेवागत रूपमा दरखास्त दिने आवेदकको विवरण	३५
५.५.५ आवेदकको भौगोलिक, सामाजिक र वैयक्तिक विवरण	३६
(क) आवेदकको भौगोलिक अवस्थितिको विवरण	३६
(ख) आवेदकको प्रदेशगत अवस्थितिको विवरण	३६
(ग) आवेदकको जिल्लागत विवरण	३७
(घ) गण्डकी प्रदेशका आवेदकको जिल्लागत विवरण	४१
(ङ) गण्डकी प्रदेशका स्थानीय तहका आवेदक विवरण	४१
(च) आवेदकको जातिगत विवरण	४५
(छ) धार्मिक आस्थाको आधारमा आवेदकको विवरण	४९
(ज) आवेदकको वैवाहिक स्थितिको विवरण	४९
(झ) आवेदकको रोजगार अवस्थाको विवरण	४९
(ञ) आवेदकको बाबुको पेशागत विवरण	५०
(ट) आवेदकको आमाको पेशागत विवरण	५०
(ठ) आवेदकको बाबुको शैक्षिक स्थितिको विवरण	५१
(ड) आवेदकको आमाको शैक्षिक स्थितिको विवरण	५१
५.५.४ खुला तथा समावेशी समूह र बढुवातर्फ दरखास्त नपरेका पदहरू	५१

परिच्छेद छ परीक्षा सञ्चालन तथा व्यवस्थापन र परीक्षण	
६.१ प्रश्नपत्र निर्माण र परिमार्जन	५४
६.१.१ प्रश्नपत्र निर्माण	५४
६.१.२ प्रश्नपत्र परिमार्जन (मोडरेसन) तथा भण्डारण	५४
६.२ लिखित परीक्षा सञ्चालन	५५
६.२.१ प्रथम चरणको लिखित परीक्षा	५५
६.२.२ द्वितीय चरणको लिखित परीक्षा	५६
६.२.३ एक चरणमा हुने लिखित परीक्षा	५६
६.२.४ लिखित परीक्षामा समग्र सहभागिता	५७
६.२.५ आवेदक र लिखित परीक्षामा सहभागी उम्मेदवारको तुलनात्मक विवरण	५७
६.२.६ सहयोगी लेखक सम्बन्धी व्यवस्था	५७
६.२.७ लिखित परीक्षामा अनियमितता गर्ने उम्मेदवारलाई गरिएको कारवाही	५८
६.३ उत्तरपुस्तिका साङ्केतीकरण	५८
६.४ उत्तरपुस्तिका परीक्षण, रुजु र नतिजा तयारी	५८
६.४.१ उत्तरपुस्तिका परीक्षण	५८
६.४.२ उत्तरपुस्तिका रुजु	५९
६.४.३ नतिजा तयारी	५९
६.५ लिखित परीक्षा नतिजा प्रकाशन	६०
६.५.१ प्रथम चरणको लिखित परीक्षा नतिजा प्रकाशन	६०
६.५.२ लिखित परीक्षा नतिजा प्रकाशन	६०
६.५.३ खुला तर्फ थप भएका पदहरू	६१
६.६ शारीरिक तन्दुरुस्ती परीक्षण	६१
६.७ कम्प्युटर सीप परीक्षण	६२
६.८ सामूहिक परीक्षण	६२
६.९ इन वास्केट अभ्यास	६३
परिच्छेद सात **अन्तर्वार्ता तथा सिफारिस**	
७.१ अन्तर्वार्ता	६४
७.२ सिफारिस	६५
७.२.१ विज्ञापनको प्रकार अनुसार सिफारिस विवरण	६५

७.२.२ सेवागत आधारमा प्रदेश र स्थानीय तहमा सिफारिस विवरण	६५
७.२.३ तहगत सिफारिस विवरण	६६
७.२.४ सिफारिस भएका उम्मेदवारको लैङ्गिक विवरण	६७
७.२.५ सेवागत आधारमा लैङ्गिक सिफारिस विवरण	६७
७.२.६ स्थानीय तहगत सिफारिस	६८
७.२.७ सिफारिस भएका उम्मेदवारको भौगोलिक, सामाजिक र वैयक्तिक विवरण	७२
क) प्रदेशगत बसोबासका आधारमा सिफारिस भएका उम्मेदवारको विवरण	७२
ख) सिफारिस भएका उम्मेदवारको जिल्लागत बसोबासको विवरण	७३
ग) गण्डकी प्रदेशबाट सिफारिस भएका उम्मेदवारको जिल्लागत बसोबासको विवरण	७६
घ) सिफारिस भएका उम्मेदवारको जातीय विवरण	७८
ङ) मातृभाषाको आधारमा सिफारिस भएका उम्मेदवारको विवरण	८०
च) धार्मिक आस्थाका आधारमा सिफारिस भएका उम्मेदवारको विवरण	८१
छ) सिफारिस भएका उम्मेदवारको आमाको शैक्षिक अवस्था	८१
ज) सिफारिस भएका उम्मेदवारको बाबुको शैक्षिक अवस्था	८२
झ) सिफारिस भएका उम्मेदवारको आमाको पेशागत अवस्था	८२
ञ) सिफारिस भएका उम्मेदवारको बाबुको पेशागत अवस्था	८३
ट) सिफारिस भएका उम्मेदवारको वैवाहिक अवस्था	८३
ठ) सिफारिस भएका उम्मेदवारको उमेर समूहको अवस्था	८४
७.२.८ वैकल्पिक उम्मेदवार सिफारिस	८५
७.२.९ वैकल्पिक उम्मेदवार सिफारिस हुन नसकेका पदहरूको विवरण	८६
परिच्छेद आठ **समावेशी पदपूर्ति**	
८.१ समावेशी विज्ञापन	८७
८.२ समावेशी विज्ञापनमा दरखास्त	८८
८.३ समावेशी समूहमा सिफारिस विवरण	८९
परिच्छेद नौ **सङ्गठित संस्थातर्फको पदपूर्ति**	
९.१ माग सङ्कलन	९३
९.२ प्रतिशत निर्धारण तथा विज्ञापन	९४
९.३ दरखास्त सङ्कलन	९४
९.४ परीक्षा सञ्चालन	९४
९.५ उत्तरपुस्तिका परीक्षण विवरण	९५

९.६ मामिला प्रस्तुतीकरण	९५
९.७ अन्तर्वार्ता तथा सिफारिस	९५
परिच्छेद दश **उजुरी, परामर्श र प्रतिरक्षा**	
१०.१ उजुरी	९६
१०.२ बढुवा सिफारिस उपरको उजुरीको निर्णय	९६
१०.३ कर्मचारी सेवाका शर्तसम्बन्धी कानुनमा परामर्श	९७
१०.४ विभागीय सजायका सम्बन्धमा परामर्श	९७
१०.५ प्रतिरक्षा सम्बन्धी विवरण	९७
परिच्छेद एघार **साङ्गठानिक सुधार र नवप्रवर्तन**	
११.१ पञ्चवर्षीय रणनीतिक योजना निर्माण	९९
११.२ सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण	९९
११.३ सेवाग्राही र विज्ञहरूको संलग्नता अभिवृद्धि	९९
११.४ असल अभ्यास अवलम्वन	१००
११.५ लोक सेवा आयोगहरूको राष्ट्रिय सम्मेलन	१००
११.६ प्रदेश लोक सेवा आयोगहरूको सम्मेलन आयोजना	१००
११.७ रणनीतिक योजनाको कार्यान्वयनको स्थिति	१००
११.८ भावी योजना तथा कार्यक्रम	१०६
परिच्छेद बाह्र	
सुझाव कार्यान्वयनको स्थिति	१०७
परिच्छेद तेह्र	
ध्यानाकर्षण तथा सुझाव	११०
अनुसूचीहरू	
१. आयोगको लोगो र लोगोको व्याख्या	११५
२. आ.व. २०८१/०८२ को पदपूर्तिसम्बन्धी वार्षिक कार्यतालिका	११६
३. लोक सेवा आयोगहरूको पाँचौँ राष्ट्रिय सम्मेलनका घोषणापत्र तथा निर्णयहरू	११८
४. प्रदेश लोक सेवा आयोगहरूको चौथो सम्मेलनका घोषणापत्र तथा निर्णयहरू	१२०
५. आयोगको आ.व. २०८१/०८२ को पदपूर्तिसम्बन्धी कार्यसम्पादनको सारांश विवरण	१२२

तालिका सूची	
तालिका नं. १ दरबन्दी तेरिज र कार्यरत जनशक्ति सम्बन्धी विवरण	६
तालिका नं. २ कार्यविभाजन सम्बन्धी विवरण	७
तालिका नं. ३ विषयगत आधारमा आयोगका निर्णयहरूको विवरण	१५
तालिका नं. ४ : बजेट र खर्चको विवरण	१६
तालिका नं. ५ : राजश्व र धरौटीको विवरण	१६
तालिका नं. ६ : मुख्य-मुख्य जिन्सी सम्पत्तिको विवरण	१७
तालिका नं. ७ : निरीक्षण गरिएका स्थानीय तहहरू	१७
तालिका नं. ८ : अन्तरक्रिया तथा अभिमुखीकरण गरिएका जिल्लाहरू	१९
तालिका नं. ९ : अन्तरक्रिया तथा छलफल गरिएका स्थानीय तहको विवरण	२०
तालिका नं. १० : सिफारिस भएका उम्मेदवारको अनुशिक्षण विवरण	२०
तालिका नं. ११ : पाठ्यक्रम निर्माण तथा परिमार्जनको विवरण	२२
तालिका नं. १२ : तहगत आधारमा माग सङ्कलन विवरण	२४
तालिका नं. १३ : प्रदेशतर्फको माग सङ्कलन विवरण	२५
तालिका नं. १४ : स्थानीय तहतर्फको माग सङ्कलन विवरण	२५
तालिका नं. १५ : प्रदेश र स्थानीय तहको पद र माग पदसङ्ख्याको एकीकृत विवरण	२६
तालिका नं. १६ : प्रतिशत निर्धारणको विवरण	२६
तालिका नं. १७ : विज्ञापन प्रकाशनको तहगत विवरण	२७
तालिका नं. १८ : विज्ञापन प्रकाशनको पदपूर्ति किसिमअनुसारको विवरण	२७
तालिका नं. १९ : बढुवाको प्रकारगत विज्ञापन विवरण	२८
तालिका नं. २० : बढुवाको विज्ञापनको तहगत तथा सेवागत विवरण	२९
तालिका नं. २१ : प्रतिस्पर्धात्मक परीक्षाको विज्ञापन विवरण	३०
तालिका नं. २२ : प्रतिस्पर्धात्मक परीक्षाको सेवा तथा तहगत विज्ञापन विवरण	३१
तालिका नं. २३ : प्रदेश र स्थानीय तहमा सेवागत तथा तहगत बढुवा दरखास्त विवरण	३२
तालिका नं. २४ : बढुवाको किसिम अनुसार सेवा तथा तहगत दरखास्त विवरण	३३
तालिका नं. २५ : प्रतिस्पर्धात्मक परीक्षाको विज्ञापनमा दरखास्त विवरण	३३
तालिका नं. २६ : तहगत रूपमा दरखास्त दिने आवेदकको विवरण	३४
तालिका नं. २७ : सेवागत रूपमा आवेदक विवरण	३६
तालिका नं. २८ : आवेदकको भौगोलिक अवस्थितिको विवरण	३६
तालिका नं. २९ : आवेदकको प्रदेशगत अवस्थिति विवरण	३७
तालिका नं. ३० : आवेदकको जिल्लागत विवरण	३८
तालिका नं. ३१ : गण्डकी प्रदेशका आवेदकको जिल्लागत विवरण	४१

तालिका नं. ३२ : गण्डकी प्रदेशका स्थानीय तहका आवेदक विवरण	४१
तालिका नं. ३३ : आवेदकको जातिगत विवरण	४५
तालिका नं. ३४ : धार्मिक आस्थाको आधारमा आवेदकको विवरण	४९
तालिका नं. ३५ : आवेदकको वैवाहिक स्थितिको विवरण	४९
तालिका नं. ३६: आवेदकको रोजगार अवस्थाको विवरण	५०
तालिका नं. ३७ : आवेदकको बाबुको पेशागत विवरण	५०
तालिका नं. ३८ : आवेदकको आमाको पेशागत विवरण	५०
तालिका नं. ३९ : आवेदकको बाबुको शैक्षिक स्थितिको विवरण	५१
तालिका नं. ४० : आवेदकको आमाको शैक्षिक विवरण	५१
तालिका नं. ४१ : बढुवातर्फ दरखास्त नपरेका पदको विवरण	५२
तालिका नं. ४२ : प्रतिस्पर्धात्मक परीक्षातर्फ दरखास्त नपरेका पदको विवरण	५३
तालिका नं. ४३ : कच्चा प्रश्नपत्र सङ्कलन विवरण	५४
तालिका नं. ४४ : प्रश्नपत्र परिमार्जन तथा भण्डारणको विवरण	५५
तालिका नं. ४५ : प्रथम चरणको लिखित परीक्षामा सहभागी उम्मेदवारको लैङ्गिक विवरण	५६
तालिका नं. ४६ : द्वितीय चरणको लिखित परीक्षामा सहभागी उम्मेदवारको विवरण	५६
तालिका नं. ४७ : एक चरण हुने लिखित परीक्षामा सहभागी उम्मेदवारको विवरण	५६
तालिका नं. ४८ : लिखित परीक्षामा सहभागी उम्मेदवारको विवरण	५७
तालिका नं. ४९ : आवेदक र लिखित परीक्षामा सहभागी उम्मेदवारको तुलनात्मक विवरण	५७
तालिका नं. ५० : उत्तरपुस्तिका साङ्केतिकरणको विवरण	५८
तालिका नं. ५१ : उत्तरपुस्तिका परीक्षण विवरण	५९
तालिका नं. ५२ : नतिजा तयारी सम्पन्न र बाँकी विवरण	५९
तालिका नं. ५३ : प्रथम चरणको लिखित परीक्षा नतिजा प्रकाशन सम्बन्धी विवरण	६०
तालिका नं. ५४ : अन्तर्वार्ताको लागि छनोट भएका उम्मेदवारको तहगत विवरण	६०
तालिका नं. ५५ : अन्तर्वार्ताको लागि छनोट भएका उम्मेदवारको सेवागत विवरण	६१
तालिका नं. ५६ : खुलातर्फ थप भएका पदहरूको विवरण	६१
तालिका नं. ५७ : शारीरिक तन्दुरुस्ती परीक्षण विवरण	६२
तालिका नं. ५८ : कम्प्युटर सीप परीक्षणको विवरण	६२
तालिका नं. ५९ : सामुहिक परीक्षणमा सहभागी उम्मेदवारको विवरण	६२
तालिका नं. ६० : अन्तर्वार्तामा सहभागी उम्मेदवारको विवरण	६४
तालिका नं. ६१ : तहगत रूपमा अन्तर्वार्तामा सहभागी उम्मेदवारको विवरण	६४
तालिका नं. ६२ : विज्ञापनको प्रकारअनुसार सिफारिसको विवरण	६५
तालिका नं. ६३ : सेवागत आधारमा प्रदेश तथा स्थानीय तहमा सिफारिस विवरण	६६

तालिका नं. ६४ : सिफारिस उम्मेदवारको तहगत विवरण	६६
तालिका नं. ६५ : सिफारिस उम्मेदवारको लैङ्गिक विवरण	६७
तालिका नं. ६६ : सेवागत आधारमा लैङ्गिक सिफारिस विवरण	६७
तालिका नं. ६७ : स्थानीय तहमा सिफारिस विवरण	६८
तालिका नं. ६८ : प्रदेशगत बसोबासका आधारमा सिफारिस भएका उम्मेदवारको विवरण	७३
तालिका नं. ६९ : सिफारिस भएका उम्मेदवारको जिल्लागत बसोबासको विवरण	७३
तालिका नं. ७० : गण्डकी प्रदेशबाट सिफारिस भएका उम्मेदवारको जिल्लागत बसोबासको विवरण	७६
तालिका नं. ७१ : सिफारिस भएका उम्मेदवारको जातिय विवरण	७८
तालिका नं. ७२: मातृभाषाको आधारमा सिफारिस भएका उम्मेदवारको विवरण	८०
तालिका नं. ७३ : धार्मिक आस्था आधारमा सिफारिस भएका उम्मेदवारको विवरण	८१
तालिका नं. ७४ : सिफारिस भएका उम्मेदवारको आमाको शैक्षिक अवस्थाको विवरण	८१
तालिका नं. ७५ : सिफारिस भएका उम्मेदवारको बाबुको शैक्षिक अवस्थाको विवरण	८२
तालिका नं. ७६ : सिफारिस भएका उम्मेदवारको आमाको पेशागत अवस्थाको विवरण	८२
तालिका नं. ७७ : सिफारिस भएका उम्मेदवारको बाबुको पेशागत अवस्थाको विवरण	८३
तालिका नं. ७८: सिफारिस भएका उम्मेदवारको वैवाहिक अवस्थाको विवरण	८४
तालिका नं. ७९ : सिफारिस भएका उम्मेदवारको उमेर समूह	८४
तालिका नं. ८० : वैकल्पिक उम्मेदवार सिफारिस विवरण	८५
तालिका नं. ८१ : वैकल्पिक उम्मेदवार सिफारिस हुन नसकेका पदहरूको विवरण	८६
तालिका नं. ८२ : समावेशी पदपूर्ति सम्बन्धी कानुनी व्यवस्था	८७
तालिका नं. ८३: समावेशी विज्ञापनको विवरण	८७
तालिका नं. ८४: समावेशी विज्ञापनमा दरखास्त विवरण	८९
तालिका नं. ८५ : समावेशी समूहमा सिफारिस विवरण	९०
तालिका नं. ८६ : महिला समूहतर्फ तहगत सिफारिसको विवरण	९०
तालिका नं. ८७: आदिवासी जनजाति समूहतर्फ तहगत सिफारिसको विवरण	९१
तालिका नं. ८८: दलित समूहतर्फ तहगत सिफारिसको विवरण	९१
तालिका नं. ८९ : विपन्न खस आर्य समूहतर्फ तहगत सिफारिसको विवरण	९१
तालिका नं. ९०: अपाङ्ग समूहतर्फ तहगत सिफारिसको विवरण	९२
तालिका नं. ९१: थारु समूहतर्फ तहगत सिफारिसको विवरण	९२
तालिका नं. ९२ : मुस्लिम समूहतर्फ तहगत सिफारिसको विवरण	९२
तालिका नं. ९३ : मधेसी समूहतर्फ तहगत सिफारिसको विवरण	९२
तालिका नं. ९४ : माग सङ्कलन विवरण	९३
तालिका नं. ९५: प्रतिशत निर्धारण तथा विज्ञापन विवरण	९४

तालिका नं. ९६ : दरखास्त सङ्कलन	९४
तालिका नं. ९७ : सिफारिस विवरण	९४
तालिका नं. ९८ : उम्मेदवार सिफारिस विवरण	९५
तालिका नं. ९९ : बढुवा उजुरीसम्बन्धी विवरण	९६
तालिका नं. १०० : परामर्श सम्बन्धी विवरण	९७
तालिका नं. १०१ : विभागीय सजायसम्बन्धी परामर्श दिइएको विवरण	९७
तालिका नं. १०२ : प्रतिरक्षासम्बन्धी विवरण	९८
तालिका नं.१०३ : रणनीतिक योजनाको कार्यान्वयनको स्थिति	१०१
चित्र सूची	
चित्र नं. १ आयोगको सङ्गठन संरचना	६
चित्र नं. २ पदपूर्ति सम्बन्धी कार्यप्रवाह	१०
चित्र नं. ३ विज्ञापित पद संख्या	२८
चित्र नं. ४ खुला तथा समावेशी विज्ञापन	३०
चित्र नं. ५ प्रतिस्पर्धात्मक परीक्षाको प्रदेश तथा स्थानीय तहगत विज्ञापन	३१
चित्र नं. ६ प्रतिस्पर्धात्मक परीक्षातर्फको दरखास्त	३४
चित्र नं. ७ तहगत रूपमा आवेदक	३५
चित्र नं. ८ आवेदकको प्रदेशगत अवस्थिति	३७
चित्र नं. ९ जिल्लागत आवेदक	४०
चित्र नं. १० गण्डकी प्रदेशका स्थानीय तहका आवेदक	४५
चित्र नं. ११ गण्डकी प्रदेशका स्थानीय तहमा सिफारिस	७२
चित्र नं. १२ सिफारिस भएका उम्मेदवारको जिल्लागत बसोबास	७६
चित्र नं. १३ : प्रतिवेदन अवधिमा सिफारिस भएका उम्मेदवारहरूको उमेर	८५
चित्र नं. १४ : प्रतिवेदन अवधिमा सिफारिस भएका उम्मेदवारहरूको तह अनुसार उमेर	८५
चित्र नं. १५ समावेशी विज्ञापनको पदसंख्या	८८
चित्र नं. १६ समावेशी विज्ञापनमा दरखास्त	८९
चित्र नं. १७ समावेशी समूहमा सिफारिस	९०

परिच्छेद एक

आयोगको परिचय, गठन र कार्यक्षेत्र

१.१ पृष्ठभूमि

नेपालको संविधानको धारा २४४ मा प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग रहने, प्रदेश लोक सेवा आयोगको गठन, काम कर्तव्य र अधिकार प्रदेश कानुन बमोजिम हुने र सङ्घीय संसदले कानुन बनाई आधार र मापदण्ड निर्धारण गर्ने व्यवस्था भए बमोजिम प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेशको अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको पदमा उपयुक्त उम्मेदवार छनोटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउन गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६ बमोजिम आयोग गठन भएको छ। वि.सं. २००८ सालमा गठन भएको लोक सेवा आयोगले विकास एवम् अवलम्बन गर्दै आएको अभ्यास, विधि, मापदण्ड र सिद्धान्त समेतलाई आधार मानी यस आयोगले कार्यसम्पादन गर्दै आएको छ।

१.२ गठन

१) नेपालको संविधानको धारा २४४ को उपधारा (१) मा भएको व्यवस्थाअनुसार गण्डकी प्रदेश सभाबाट पारित गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६ बमोजिम गण्डकी प्रदेश लोक सेवा आयोग गठन भएको छ।

२) आयोगमा अध्यक्ष र एक महिला सदस्यसहित बढीमा तीन जना पदाधिकारी रहने प्रावधान छ।

३) आयोगका सदस्यहरूमध्ये कम्तीमा एकजना सदस्य बिस वर्ष वा सो भन्दा बढी अवधिसम्म कुनै सरकारी सेवामा रहेका व्यक्तिहरू मध्येबाट र बाँकी सदस्यहरू विज्ञान, प्रविधि, कला, साहित्य, कानुन, जनप्रशासन, समाजशास्त्र वा राष्ट्रिय जीवनका अन्य क्षेत्रमा शोध, अनुसन्धान, अध्यापन वा अन्य कुनै महत्त्वपूर्ण कार्य गरी ख्याति प्राप्त गरेका व्यक्तिहरू मध्येबाट नियुक्त गरी आयोग गठन हुने व्यवस्था छ।

१.३ काम, कर्तव्य र अधिकार

गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ९ बमोजिम प्रदेश लोक सेवा आयोगको काम, कर्तव्य र अधिकार देहायबमोजिम रहेको छः

(१) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा र स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनोट गर्न परीक्षा सञ्चालन गर्नु आयोगको कर्तव्य हुनेछ।

(२) प्रदेश प्रहरी सेवाको पदपूर्तिका लागि लिइने लिखित परीक्षा आयोगले सञ्चालन गर्नेछ।

(३) प्रदेश प्रहरी सेवाको पदमा नियुक्ति, बढुवा तथा विभागीय कारवाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा आयोगको परामर्श लिनु पर्नेछ।

(४) प्रदेश सरकार तथा स्थानीय तहबाट निवृत्तिभरण पाउने पदमा आयोगको परामर्श बिना स्थायी नियुक्ति गरिने छैन।

(५) देहायका विषयमा आयोगको परामर्श लिनु पर्नेछः-

(क) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा र स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदका कर्मचारीको सेवा, शर्त सम्बन्धी कानुनको विषयमा,

(ख) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा र स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा,

(ग) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा र स्थानीय सरकारी सेवाको पदमा ६ महिनाभन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,

(घ) कुनै एक प्रकारको प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदबाट अर्को प्रकारको प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदमा वा प्रदेश अन्य सरकारी सेवाबाट प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदमा सरुवा वा बढुवा गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,

(ङ) आयोगको परामर्श लिनु नपर्ने अवस्थाको पदमा बहाल रहेको कर्मचारीलाई आयोगको परामर्श लिनुपर्ने अवस्थाको पदमा स्थायी सरुवा वा बढुवा गर्ने विषयमा, र

(च) प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा र स्थानीय सरकारी सेवाका कर्मचारीलाई दिइने विभागीय सजायको विषयमा।

(६) आयोगले नेपालको संविधान, तथा प्रचलित कानुनबमोजिम आफूलाई प्राप्त काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार तोकेबमोजिमको शर्तको अधीनमा रही प्रयोग तथा पालना गर्ने गरी अध्यक्ष, कुनै सदस्य, सदस्यहरूको समिति, आयोगको कुनै कार्यालय वा कर्मचारी वा प्रदेश सरकारको अन्य कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

(७) उपदफा (६) बमोजिम प्रत्यायोजन गरिएको अधिकार आयोगले जुनसुकै बखत फिर्ता लिन सक्नेछ।

(८) आयोगको अन्य काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ।

१.४ उद्देश्य र कार्यक्षेत्र

प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको पदमा उपयुक्त उम्मेदवार छनोटमा योग्यता, स्वच्छता, निष्पक्षता, समान अवसर, समावेशिता र गोपनीयता कायम गरी योग्यता प्रणालीलाई प्रवर्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउने प्रदेश लोक सेवा आयोगको प्रमुख उद्देश्य रहेको छ।

गण्डकी प्रदेश सरकारका सम्पूर्ण मन्त्रालय तथा मातहतका कार्यालय र कास्की, स्याङजा, तनहुँ, गोरखा, लमजुङ, मनाङ, मुस्ताङ, म्याग्दी, बागलुङ, पर्वत, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) गरी प्रदेशका ११ जिल्लाका १ महानगरपालिका, २६ नगरपालिका र ५८ वटा गाउँपालिका समेत जम्मा ८५ वटा स्थानीय तहहरू आयोगको कार्यक्षेत्र भित्र पर्दछन्। आयोगले प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाका सेवामा रिक्त हुन आएका विभिन्न पदहरूको स्थायी पदपूर्तिको लागि सिफारिस गर्दछ भने प्रदेश प्रहरी सेवामा रहेका रिक्त पदमा पदपूर्तिका लागि लिखित परीक्षा सञ्चालन गर्दछ।

१.५ आयोगका कार्यहरू

आयोगले देहाय बमोजिमका कार्यहरू गर्दछः

(क) पदपूर्ति सम्बन्धी कार्य

१) दक्ष/विशेषज्ञ सूचीकृत
२) पाठ्यक्रम निर्माण
३) माग सङ्कलन
४) प्रतिशत निर्धारण
५) विज्ञापन प्रकाशन
६) प्रश्नपत्र तयारी र परिमार्जन
७) परीक्षा सञ्चालन तथा व्यवस्थापन
८) लिखित परीक्षा नतिजा तयारी र प्रकाशन
९) अन्तर्वार्ता तथा सिफारिस

(ख) अन्य कार्यहरू

१) परामर्श प्रदान
२) सामान्य सिद्धान्तको निर्धारण
३) निरीक्षण र अनुगमन
४) सुझाव प्रदान
५) बढुवाको उजुरी उपर निर्णय
६) आयोग विरुद्ध दायर भएका रिट/निवेदनमा प्रतिरक्षा
७) वार्षिक प्रतिवेदन पेश
८) अध्ययन, अनुसन्धान तथा प्रवर्धन
९) समन्वय र सहयोग

१.६ वार्षिक प्रतिवेदन

गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ५० ले गरेको व्यवस्थाबमोजिम आयोगले गरेको काम कारवाहीको वार्षिक प्रतिवेदन प्रदेश प्रमुख समक्ष पेश गर्नुपर्ने व्यवस्था रहेको छ। आयोगले स्थापनाकालदेखि वार्षिक प्रतिवेदन प्रदेश प्रमुख समक्ष पेश गर्दै आएको छ। यो प्रतिवेदन आयोगले आर्थिक वर्ष २०८१/०८२ मा सम्पादन गरेका कार्यहरू समेटिएको पाँचौं वार्षिक प्रतिवेदन रहेको छ। आयोगले स्थापनाकालदेखि प्रतिवेदन अवधिसम्म सम्पादन गरेका कार्यहरूलाई समेत समेटी प्रतिवेदन गर्ने प्रयत्न गरेको छ।

परिच्छेद दुई

आयोगका कार्यसम्पादनका आधारहरू

२.१ संस्थागत प्रबन्ध

नेपालको संविधानको धारा २४४ मा प्रदेश लोक सेवा आयोग गठनको व्यवस्था रहेकोमा सोहीबमोजिम आवश्यक कानुन निर्माण तथा कर्मचारी व्यवस्थापन गरी प्रदेश लोक सेवा आयोगको स्थापना, गठन र सञ्चालन भै रहेको छ।

२.१.१ संवैधानिक तथा कानुनी व्यवस्था

(क) नेपालको संविधान

नेपालको संविधानको धारा २४४ को उपधारा (१) मा प्रत्येक प्रदेशमा एक प्रदेश लोक सेवा आयोग रहने र उपधारा (२) मा प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार प्रदेश कानुन बमोजिम हुने व्यवस्था रहेको छ। यस्तो कानुन निर्माण हुनुअघि सङ्घीय संसदले कानुन बनाई आधार र मापदण्ड तोक्न सक्ने संबैधानिक व्यवस्था अनुरूप प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ जारी भएको छ।

(ख) प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५

नेपालको संविधानबमोजिम सङ्घीय संसदबाट प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ जारी भएको छ। यस ऐनले निर्धारण गरेको आधार र मापदण्डले प्रदेश लोक सेवा आयोगसम्बन्धी कानुनी व्यवस्था गरी सातै प्रदेशमा आयोगहरू स्थापना गर्ने आधार प्रदान गरेको छ।

(ग) गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६

गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६ लाई आयोगको कार्यसम्पादनको मुख्य कानुनी आधारको रूपमा अङ्गीकार गरिएको छ। यस ऐनले प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य तथा अधिकार र कार्य सञ्चालन विधिको व्यवस्था गरेको छ। यसले आयोगलाई प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेशका अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको पदमा उपयुक्त उम्मेदवारको छनोटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउन भूमिका खेल्ने आधार प्रदान गरेको छ।

(घ) गण्डकी प्रदेश लोक सेवा आयोग नियमावली, २०८०

गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ५७ ले दिएको अधिकारअनुसार आयोगले गण्डकी प्रदेश लोक सेवा आयोग नियमावली, २०८० जारी गरेको छ। यस नियमावलीमा आयोगले नयाँ नियुक्ति र बढुवाका लागि उम्मेदवार सिफारिस गर्दा अपनाउनु पर्ने प्रक्रियाका सम्बन्धमा विस्तृत व्यवस्था गरिएको छ।

(ङ) गण्डकी प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०८०

गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ५८ ले दिएको अधिकार प्रयोग गरी आयोगले यस निर्देशिका तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ। यस निर्देशिकाले आयोगका आन्तरिक कामकारवाहीलाई व्यवस्थित र मर्यादित बनाउने उद्देश्य राखेको छ।

(च) गण्डकी प्रदेश प्रहरी ऐन, २०७७

गण्डकी प्रदेश प्रहरी ऐनको दफा २५ बमोजिम प्रदेश प्रहरी सेवाको लागि खुल्ला प्रतियोगिताद्वारा उम्मेदवार छनोट गर्ने पदपूर्ति समितिको नेतृत्व आयोगका अध्यक्ष वा निजले तोकेको सदस्यले गर्ने व्यवस्था छ।

(छ) गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९

गण्डकी प्रदेश निजामती सेवालाई सक्षम, सुदृढ, सेवामूलक र उत्तरदायी बनाउँदै प्रदेश निजामती प्रशासनलाई व्यावसायिक, मर्यादित र प्रभावकारी बनाउन प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्तसम्बन्धी गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ जारी गरेको छ।

(ज) स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९

गण्डकी प्रदेशभित्रका स्थानीय सेवालाई सक्षम, सुदृढ, सेवामूलक र उत्तरदायी बनाउँदै सार्वजनिक प्रशासनलाई व्यावसायिक, मर्यादित र प्रभावकारी बनाउन स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका सर्तसम्बन्धी स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ जारी गरेको छ।

(झ) प्रदेश लोक सेवा आयोगसम्बद्ध अन्य ऐन, नियमावली र कार्यविधिहरू

प्रदेश लोक सेवा आयोगसम्बद्ध अन्य ऐन तथा नियमावली र कार्यविधिहरूमा गण्डकी प्रदेश सुशासन ऐन, २०७६, गण्डकी प्रदेश सुशासन नियमावली, २०७६, गण्डकी प्रदेश लोक सेवा आयोगका पदाधिकारीको पारिश्रमिक, सेवाको सर्त र सुविधासम्बन्धी ऐन, २०७६, प्रदेश लोक सेवा आयोग बैठक सञ्चालन कार्यविधि, २०७७, प्रदेश लोक सेवा आयोग खर्च व्यवस्थापन कार्यविधि, २०७८, प्रदेश लोक सेवा आयोगका पदाधिकारी एवम् दक्ष वा विशेषज्ञ र कर्मचारीहरूको आचारसंहिता, २०७८, गण्डकी प्रदेश निजामती सेवा नियमावली, २०७९, स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८०, प्रदेश बढुवा समितिको (कार्य व्यवस्थापन) कार्यबिधि, २०८०, स्थानीय तह बढुवा समितिको (कार्य व्यवस्थापन) कार्यविधि, २०८०, अधिकृत नवौं तह अप्राविधिक पदको इन बास्केट अभ्यास परीक्षा सञ्चालन तथा व्यवस्थापन (विधि र मापदण्ड) सम्बन्धी कार्यविधि, २०८०, वनरक्षक पदको शारीरिक तथा तन्दुरुस्ती परीक्षण सम्बन्धी मापदण्ड, २०८०, मामिला प्रस्तुतीकरण सम्बन्धी कार्यविधि, २०८१, परीक्षा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ प्रमुख छन्।

२.१.२ संगठन संरचना

क) संगठन संरचना:

आयोगमा एक अध्यक्ष र दुई सदस्यसहित तीनजना पदाधिकारी रहेका छन्। आयोगका काम कारवाहीलाई थप व्यवस्थित र मर्यादित तुल्याउन अध्यक्ष र सदस्यहरूबिच कार्य विभाजन गरिएको छ। आयोगमा ३ वटा महाशाखा र १० वटा शाखामा गरी कुल ४९ जना कर्मचारीको दरबन्दी स्वीकृत रहेको छ। आयोगको सचिवको रूपमा प्रदेश सचिव, महाशाखा प्रमुखको रूपमा उपसचिव र शाखा प्रमुखको रूपमा शाखा अधिकृतको दरबन्दी रहेको छ।

आयोगको स्वीकृत सङ्गठन संरचना र जनशक्तिको विस्तृत विवरण देहायअनुसार रहेको छ :



चित्र नं. १: सङ्गठन संरचना

ख) दरबन्दी तेरिज र कार्यरत जनशक्ति:

आयोगको स्वीकृत दरवन्दी तथा सङ्गठन संरचनामा रहेका ४९ पदहरूमध्ये प्रतिवेदन अवधिसम्म ३३ जना कर्मचारी कार्यरत रहेका छन्। आयोगको दरबन्दी तेरिज र कार्यरत जनशक्तिसम्बन्धी विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छः

तालिका नं. १ दरबन्दी तेरिज र कार्यरत जनशक्ति सम्वन्धी विवरण

क्र. स.	पद	श्रेणी/तह	सेवा/समूह	कर्मचारी दरबन्दी	कार्यरत जनशक्ति
१	प्रदेश सचिव	रा.प. प्रथम/ ११	नेपाल प्रशासन/प्रदेश प्रशासन	१	१
२	उप-सचिव	९/१०	प्रदेश प्रशासन/प्रशा.	२	२
३	उप-सचिव	९/१०	प्रदेश शिक्षा/शिक्षा प्रशासन	१	०
४	प्रशासकीय अधिकृत/वरिष्ठ प्रशासकीय अधिकृत	७/८	प्रदेश प्रशासन/प्रशा.	६	५
५	मनोविज्ञानवेत्ता	७/८	प्रदेश शिक्षा/मनो.	१	०

क्र. स.	पद	श्रेणी/तह	सेवा/समूह	कर्मचारी दरबन्दी	कार्यरत जनशक्ति
६	लेखा अधिकृत/वरिष्ठ लेखा अधिकृत	७/८	प्रदेश प्रशासन/लेखा	१	१
७	सूचना प्रविधि अधिकृत	७/८		१	०
८	कानुन अधिकृत/वरिष्ठ कानुन अधिकृत	रा.प.तृतीय/ ७/८	नेपाल न्याय/कानुन/प्रदेश कानुन	१	१
९	वरिष्ठ प्रशासन सहायक/सहायक प्रशासकीय अधिकृत	५/६	प्रदेश प्रशासन/प्रशा.	१०	५
१०	कम्प्युटर अपरेटर/सहायक कम्प्युटर अधिकृत	५/६	प्रदेश प्रशासन/विविध	६	५
११	तथ्याङ्क सहायक/सहायक तथ्याङ्क अधिकृत	५/६	प्रदेश प्रशासन/विविध	१	०
१२	सहायक चौथो	४	प्रदेश प्रशासन/प्रशा.	४	०
१३	लेखा सहायक	४	प्रदेश प्रशासन/लेखा	१	०
१४	ह.स.चा.	(सेवा करारमा)	प्रदेश प्रशासन	६	६
१५	का.स.	(सेवा करारमा)	प्रदेश प्रशासन	७	७
कुल जम्मा				४९	३३

२.१.३ आयोगका पदाधिकारीहरूको कार्य विभाजन

आयोगको काम कारवाहीलाई व्यवस्थित गर्न गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा १० को व्यवस्थाअनुसार आयोगका पदाधिकारीको देहायबमोजिम कार्य विभाजन गरी कार्यसम्पादन गरिँदै आएको छ।

तालिका नं. २ कार्यविभाजनसम्बन्धी विवरण

क्र.सं	पदाधिकारीको नाम	जिम्मेवारी
१.	अध्यक्ष श्री विष्णुप्रसाद नेपाल	परीक्षा सञ्चालन तथा व्यवस्थापन
		प्रश्नपत्र परिमार्जन
		अन्तर्वार्ता तथा सिफारिस
		वढुवा, उजुरी र विभागीय सजाय
		कानुन र परामर्श प्रदान

क्र.सं	पदाधिकारीको नाम	जिम्मेवारी
२.	सदस्य श्री कल्पना लम्साल	परीक्षण प्रविधि र पाठ्यक्रम विकास
		शैक्षिक योग्यता निर्धारण
		उत्तरपुस्तिका परीक्षण
		लिखित परीक्षा नतिजा प्रकाशन
		आयोगका प्रकाशन/ विज्ञापन प्रकाशन, वार्षिक प्रतिवेदन र सूचना प्रविधि
		अनुसन्धान तथा विकास
३.	सदस्य श्री योगेन्द्र गौचन	प्रतिशत निर्धारण
		दरखास्त व्यवस्थापन
		लिखित परीक्षा नतिजा तयारी
		कच्चा प्रश्नपत्र सङ्कलन
		दक्ष वा विशेषज्ञ सूची तयारी र अध्यावधिक

२.२ कार्यसम्पादनका सिद्धान्तहरू

संविधानले निर्दिष्ट गरेबमोजिम प्रदेश लोक सेवा आयोगको गठन भई आवश्यक नीति तथा कानुनका आधारमा सञ्चालन हुँदै आएको छ। आयोगले लोक सेवा आयोगले अवलम्वन गरेका सिद्धान्त, कार्यविधि, अभ्यास र मापदण्डलाई मार्गनिर्देशक सिद्धान्त मानी आफ्ना काम कारवाही अगाडि बढाउँदै आएको छ।

२.२.१ योग्यताको सिद्धान्त

आयोगबाट सञ्चालन हुने विभिन्न चरणका परीक्षाहरूमा अब्बल ठहर्ने उम्मेदवारलाई मात्र नियुक्तिका लागि सिफारिस गरिन्छ। सम्बन्धित पदको कार्यसम्पादन गर्न सक्ने ज्ञान, सीप, मनोभावना आदिको परीक्षण गर्ने गरी पाठ्यक्रम निर्माण हुने र सोही पाठ्यक्रमबमोजिम परीक्षा सञ्चालन हुने हुँदा नियुक्तिका लागि सिफारिस हुने उम्मेदवार सो पदको कार्यसम्पादनका लागि क्षमतावान् हुन्छन् भन्ने विश्वास गरिन्छ।

२.२.२ निष्पक्षताको सिद्धान्त

आयोगका निर्णयहरू पूर्वाग्रहरहित हुन्छन्। आयोगका निर्णय र परीक्षासम्बन्धी काम कारबाहीबाट कोही कसैलाई अन्याय नहुनेमा पूर्ण सजगता अपनाइन्छ भने कुनै पनि ढङ्गले कसैलाई पनि पक्षपात गरिदैँन।

२.२.३ स्वच्छताको सिद्धान्त

आयोगका सम्पूर्ण काम कारवाहीहरूमा इमान्दारिता, जिम्मेवारीपन, विश्वसनीयता र उत्तरदायित्व सुनिश्चित गरिन्छ। आयोगले लिने निर्णयहरू र आयोगबाट सञ्चालन हुने क्रियाकलापलाई स्वच्छ र वस्तुपरक बनाउन आवश्यक संस्थागत, संरचनागत एवम् कार्यविधिगत प्रबन्ध गरिन्छ।

२.२.४ समान अवसरको सिद्धान्त

आयोगबाट हुने विज्ञापनमा सम्बन्धित पदका लागि योग्यता पुग्ने नेपाली नागरिकको पहुँच सुनिश्चित गर्न आवश्यक प्रबन्ध मिलाइन्छ। सम्बन्धित विज्ञापनका लागि तोकिएको योग्यता पुग्ने सबैलाई कुनै भेदभाव नगरी दरखास्त पेश गर्न समान अवसर प्रदान गरिन्छ।

२.२.५ समावेशिताको सिद्धान्त

पदपूर्तिका लागि आयोगमा प्राप्त माग पदहरू राज्यको समावेशीकरण नीतिबमोजिम प्रतिशत निर्धारण गरी सम्बन्धित समूहका उम्मेदवार बिच मात्र प्रतिस्पर्धा हुने गरी पदपूर्ति गरिन्छ। अन्तर्वार्ता समिति गठन गर्दा समावेशी सहभागिता सुनिश्चितता गर्ने गरिएको छ।

२.२.६ द्विअन्ध सिद्धान्त

पदपूर्ति प्रक्रियाको कुनै गोप्य चरणमा संलग्न हुने पदाधिकारी, विज्ञ वा कर्मचारीलाई सो प्रक्रियाको अन्य चरणमा संलग्न गराईदैन र जानकारी समेत दिइँदैन। उत्तरपुस्तिका परीक्षण गर्ने परीक्षकले कुन परीक्षार्थीको उत्तरपुस्तिका परीक्षण गरेको हो भन्ने जानकारी हुँदैन। प्राप्ताङ्क तालिकीकरण गर्ने कर्मचारी कुन प्राप्ताङ्क कस्को हो भन्ने बारेमा पूर्णतः अनविज्ञ रहन्छ। अन्तर्वार्ता समितिका सदस्यहरू अन्तर्वार्ता दिँदै गरेको उम्मेदवारको लिखित परीक्षाको प्राप्ताङ्क बारेमा पूर्णतः अनविज्ञ रहन्छन्। त्यस्तै आयोगका हरेक महाशाखा/शाखाहरूलाई विशिष्टिकृत जिम्मेवारी प्रदान गरिएको हुन्छ। कुनै एक महाशाखा/शाखाको कार्यसम्पादनमा अर्को महाशाखा/शाखाको प्रत्यक्ष पहुँच र संलग्नता रहँदैन।

२.२.७ परिचय शुन्यताको सिद्धान्त

उत्तरपुस्तिका परीक्षण गर्नु अघि दोहोरो सङ्केतीकरण (Double Coding) प्रक्रियामार्फत उक्त उत्तरपुस्तिकाबाट दरखास्त दिने उम्मेदवारको परिचय अलग गरिन्छ। यसबाट उत्तरपुस्तिकाको निष्पक्ष र निर्वैयक्तिक परीक्षण सुनिश्चित हुन्छ। त्यस्तै उत्तरपुस्तिका परीक्षणपश्चात वैयक्तिक पहिचान विहीन रूपमा प्राप्ताङ्कको तालिका तयार पारिन्छ। अन्तर्वार्ता लगायत छनोट प्रक्रियामा सम्पूर्ण परीक्षाका अङ्कहरू एकीकृत गरेपश्चात मात्र छनोट हुने उम्मेदवारको वैयक्तिक पहिचान विसङ्केतीकरण (De–coding) प्रक्रिया मार्फत पत्ता लगाइन्छ।

२.२.८ असंलग्नताको सिद्धान्त

आयोगबाट सञ्चालित कुनै पनि परीक्षामा आयोगका पदाधिकारी, कर्मचारी वा विज्ञका नातेदार संलग्न भएको अवस्थामा त्यस्ता पदाधिकारी, कर्मचारी वा विज्ञलाई उक्त परीक्षाको नतिजा प्रकाशनसम्मको प्रक्रियाबाट अलग राखिन्छ, संलग्न गराईदैन।

२.२.९ गोपनीयताको सिद्धान्त

परीक्षा प्रणालीलाई पूर्णतः विश्वसनीय बनाउने प्रयोजनको लागि पदपूर्ति प्रक्रियाका विभिन्न चरणहरूमा आयोगले गोपनीयता राख्दछ। आयोगबाट लिइने विभिन्न परीक्षाका प्रश्नपत्रहरूको परिमार्जन र छनोटको कार्य पूर्ण गोप्य रहन्छ। परीक्षार्थीको लिखित परीक्षाको प्राप्ताङ्क अन्तिम नतिजा प्रकाशन हुने बेला सम्म गोप्य रहन्छ। आयोगको अनलाइन डाटाबेसमा रहेका व्यक्तिगत सूचनाहरू गोप्य रहेको सुनिश्चित गरिन्छ। यसरी पदपूर्ति प्रक्रियाका अधिकांश चरणहरूमा पूर्ण गोपनीयताका साथसाथै गुणस्तरीयता सुनिश्चित गरिन्छ।

२.३ कार्यसम्पादन प्रक्रिया र कार्यप्रवाह

प्रदेश निजामती सेवा, प्रदेशको अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा उपयुक्त उम्मेदवार छनोट गरी सिफारिस गर्दा आयोगले अवलम्बन गर्ने कार्य प्रक्रियालाई तलको चित्रमा प्रस्तुत गरिएको छ।

चित्र १ : पदपूर्तिसम्बन्धी कार्यप्रवाह



चित्र नं. २ पदपूर्तिसम्बन्धी कार्यप्रवाह

माथिको चित्रमा प्रतिशत निर्धारण गर्दा बढुवातर्फ प्रतिशत निर्धारण भएका पदहरूमा आयोगमा प्राप्त दरखास्तहरू बढुवा समितिको सचिवालयमा पठाउने गरिन्छ। प्रदेश प्रहरी सेवाको पदमा प्रचलित कानुनबमोजिम विज्ञापनका लागि सहमति दिने र सोको लिखित परीक्षा सञ्चालन तथा लिखित परीक्षाको नतिजा प्रकाशन गर्ने व्यवस्था छ।

२.३.१ वार्षिक कार्यतालिका

आयोगले आर्थिक वर्ष शुरु भएको पहिलो दिन श्रावण १ गते पदपूर्तिसम्बन्धी वार्षिक कार्यतालिका सार्वजनिक गर्दछ। कार्यतालिकामा सम्बन्धित आर्थिक वर्षभित्र सञ्चालन गरिने पदपूर्तिसम्बन्धी सम्पूर्ण कार्यहरू र सम्पन्न गरिने समयावधि समावेश गरिएको हुन्छ।

२.३.२ पाठ्यक्रम निर्माण र परिमार्जन

गण्डकी प्रदेश लोक सेवा आयोग नियमावली, २०८० को नियम ७ मा पाठ्यक्रम समिति र नियम ८ मा पाठ्यक्रम निर्माण प्रकृयासम्बन्धी व्यवस्था रहेको छ भने गण्डकी प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०८० को दफा ८ मा पाठ्यक्रम निर्माणसम्बन्धी रहेको व्यवस्था अनुरूप आयोगबाट लिइने प्रतियोगितात्मक परीक्षाका पाठ्यक्रममा पदपूर्ति हुने पदको कार्यविवरण, न्यूनतम शैक्षिक योग्यता र समसामयिक विषयवस्तु समेतलाई आधार लिई एकै प्रकार वा फरक-फरक हुने पाठ्यक्रम निर्धारण गरी आवश्यक पर्ने पाठ्यक्रम स्वीकृत गरी सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ।

२.३.३ माग सङ्कलन

गण्डकी प्रदेश लोक सेवा आयोग नियमावली, २०८० को नियम ३ मा माग सङ्कलनसम्बन्धी व्यवस्था रहेको छ। प्रदेश निजामती सेवाको अधिकृत वा सो सरहभन्दा माथिको पदमा सेवा सञ्चालन गर्ने मन्त्रालयले रिक्त दरबन्दी अनुसारको पद, सेवा, समूह, उपसमूह र तह खुल्ने गरी माग आकृति फाराम भरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत पठाउनु पर्दछ। सहायक स्तरका पदमा सम्बन्धित कार्यालयले तालुक मन्त्रालय मार्फत र स्थानीय तहहरूले रिक्त दरबन्दी अनुसारको पद, सेवा, समूह, उपसमूह र तह समेत खुल्ने गरी माग आकृति फाराम भरी आयोगमा पठाउनु पर्ने व्यवस्था छ।

२.३.४ प्रतिशत निर्धारण

गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ मा पदपूर्ति सम्बन्धी व्यवस्था रहेको छ। प्रदेश र स्थानीय तहबाट माग सङ्कलन भएपछि गण्डकी प्रदेश लोक सेवा आयोग नियमावली, २०८० को नियम ४ र गण्डकी प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०८० को दफा ५ बमोजिम बढुवा, अन्तरतह, आन्तरिक र खुला तथा समावेशी पद सङ्ख्या छुट्याई प्रतिशत निर्धारण गरिन्छ।

२.३.५ विज्ञापन प्रकाशन

गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा २६ मा पदपूर्तिको विज्ञापन प्रकाशन गर्ने व्यवस्था रहेको छ। गण्डकी प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०८० को दफा ११ मा रहेको व्यवस्था अनुसार आयोगले विज्ञापन वा वढुवा सूचना प्रकाशन गर्नुभन्दा अगाडि आवश्यक देखिएमा सङ्कलन भएको रिक्त पद सङ्ख्या यकिन गर्न सम्बन्धित निकायमा लेखी पठाउन सक्ने र यसरी लेखी आएमा सम्बन्धित निकायले सात दिनभित्र यकिन विवरण उपलब्ध गराउनु पर्ने व्यवस्था समेत रहेको छ।

प्रदेश प्रहरीको हकमा कार्यतालिकामा निर्धारित समयमा रिक्त पदको अवस्था सहित उक्त संस्थाको कानुनमा भएको पदपूर्तिसम्बन्धी व्यवस्थाअनुसार प्रतिशत निर्धारण गरी विज्ञापन प्रकाशन गर्नका लागि सम्बन्धित संस्थाले आयोगमा सहमतिका लागि माग गर्नुपर्दछ। आयोगको सहमति प्राप्त भइसकेपछि संस्थाले नै पदपूर्तिका लागि विज्ञापन प्रकाशन गर्ने व्यवस्था रहेको छ। यस्तो विज्ञापन राष्ट्रिय दैनिक पत्रिका तथा आयोगको वेबसाइट र फेसबुक पेजमा समेत प्रकाशन गरिन्छ।

२.३.६ दरखास्त सङ्कलन, छानविन एवम् स्वीकृति

विज्ञापन प्रकाशन भएपछि सूचनामा दिइएको म्यादभित्र खुला तथा समावेशी, अन्तर तह र आन्तरिक प्रतियोगिताका विज्ञापनमा अनलाइन प्रणालीमार्फत दरखास्त सङ्कलन गरिन्छ। गण्डकी प्रदेश लोक सेवा आयोग नियमावली,

२०८० को नियम १४ मा दरखास्त फाराम उपर छानबिन गर्ने व्यवस्था रहेको छ। गण्डकी प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०८० को दफा १५ बमोजिम छानबिन गरी प्राप्त भएका दरखास्त तोकिएका कर्मचारीहरूबाट सोही निर्देशिकाको दफा १६ बमोजिम रुजु एवम् स्वीकृत गरिन्छ। बढुवा तर्फका दरखास्त फाराम आयोगको कार्यालयमा नै बुझिलिई प्रचलित कानुनबमोजिम सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाइन्छ।

२.३.७ स्वीकृत नामावली प्रकाशन

गण्डकी प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०८० को दफा १८ को व्यवस्थाबमोजिम खुला तथा समावेशी, अन्तर तह र आन्तरिक प्रतियोगितात्मक परीक्षामा सहभागी हुन दरखास्त दिने उम्मेदवारको दरखास्त स्वीकृत भएपछि अन्तिम नामावली प्रकाशन गरिन्छ।

२.३.८ प्रश्नपत्र निर्माण र परिमार्जन

गण्डकी प्रदेश लोक सेवा आयोग नियमावली, २०८० को नियम १८ तथा गण्डकी प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०८० को दफा २० को व्यवस्थाबमोजिम विज्ञापित पदहरूको लिखित परीक्षा सञ्चालनका लागि सूचीकृत दक्ष/विशेषज्ञहरूबाट पाठ्यक्रमका आधारमा कच्चा प्रश्नपत्र निर्माण गरिन्छ।

गण्डकी प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०८० को दफा २६ बमोजिम आयोगका पदाधिकारीबाट दक्ष/विशेषज्ञ मनोनयन गराई गोप्य रूपमा आमन्त्रण गरी आवश्यक सङ्ख्यामा प्रश्नपत्र परिमार्जन गरिन्छ। परिमार्जन गरी भण्डारण भएका सिलबन्दी प्रश्नपत्र सेट मध्येबाट आयोगका अध्यक्षले छनोट गरेको प्रश्नपत्र सेट गोप्य तरिकाबाट छपाई गरी लिखित परीक्षा सञ्चालनमा प्रयोग गरिन्छ।

२.३.९ लिखित परीक्षा सञ्चालन र व्यवस्थापन

गण्डकी प्रदेश लोक सेवा आयोग नियमावली, २०८० को नियम २१ र गण्डकी प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०८० को दफा ३१ मा परीक्षा सञ्चालन र व्यवस्थापन सम्बन्धी रहेको प्रावधान अनुसार परीक्षा केन्द्र निर्धारण गरी लिखित परीक्षा सञ्चालन गरिन्छ। लिखित परीक्षा सञ्चालनका लागि जनशक्ति, उत्तरपुस्तिका, परीक्षा सामग्री लगायत आवश्यक व्यवस्थापन गरिन्छ। परीक्षालाई मर्यादित, व्यवस्थित र शान्तिपूर्ण रूपमा सञ्चालन गर्न सुरक्षा निकायको सहयोग लिने गरिएको छ। आयोगबाट तोकिएका पदाधिकारी तथा कर्मचारीबाट परीक्षाको सुपरिवेक्षण एवम् निगरानी गर्ने व्यबस्था रहेको छ।

२.३.१० उत्तरपुस्तिका साङ्केतीकरण

लिखित परीक्षाबाट प्राप्त उत्तरपुस्तिकालाई गण्डकी प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०८० को परिच्छेद ७ मा उत्तरपुस्तिका साङ्केतीकरण गर्ने व्यवस्था छ। लिखित परीक्षा सम्पन्न भएपश्चात् वस्तुगत र विषयगत उत्तरपुस्तिकाहरूमा आयोगको पदाधिकारीले तोकेको कर्मचारीले प्रथम र सचिवले तोकेको अधिकृत कर्मचारीले दोश्रो सङ्केत नम्बर कायम गर्ने व्यवस्था रहेको छ। आयोगले परिपालना गर्ने द्विअन्धको सिद्धान्त अनुरूप प्रथम सङ्केत नम्बर राख्ने कार्यमा संलग्न रहेका कुनै पनि कर्मचारीलाई दोश्रो सङ्केत नम्बर राख्ने कार्यमा संलग्न गराईंदैन। बारकोड प्रयोग हुने Optical Mark Reader (OMR) उत्तरपुस्तिकाको हकमा उत्तर खण्ड र विवरण खण्ड विच्छेद गरी उत्तर खण्ड परीक्षणको लागि सम्बन्धित शाखामा पठाइन्छ भने विवरण खण्ड सिलबन्दी गरी सुरक्षित साथ सचिवको जिम्मामा राखिने व्यवस्था छ।

२.३.११ उत्तरपुस्तिका परीक्षण

गण्डकी प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०८० को दफा ५३ मा उत्तरपुस्तिका परीक्षण सम्बन्धी व्यवस्था रहेको छ। लिखित परीक्षामा बस्तुगत बहुउत्तर प्रश्न मात्र हुने उत्तरपुस्तिकाको हकमा एउटा मात्रै उत्तरपुस्तिका प्रयोग गरिन्छ। लिखित परीक्षामा विषयगत परीक्षा दिनुपर्ने एकभन्दा बढी खण्ड हुने प्रश्नको हकमा प्रत्येक खण्डका लागि फरक-फरक उत्तरपुस्तिका प्रयोग गरिन्छ। प्रत्येक खण्डको फरक-फरक दक्ष वा विशेषज्ञद्वारा आयोगको कार्यालयमा नै परीक्षण गराइन्छ। नवौं तहका पदका उत्तरपुस्तिकाहरू दोहोरो परीक्षण समेत गरिन्छ।

२.३.१२ लिखित परीक्षा नतिजा तयारी

गण्डकी प्रदेश लोक सेवा आयोग (कार्यसञ्चालन) निर्देशिका, २०८० को परिच्छेद ८ मा लिखित परीक्षाको नतिजा तयारी सम्बन्धी व्यवस्था रहेको छ। आयोगका पदाधिकारीबाट मनोनित दक्ष वा विशेषज्ञवाट सम्बन्धित विषयका उत्तरपुस्तिका परीक्षण गराई उत्तीर्णाङ्क प्राप्त गर्ने उम्मेदवारहरूको दोम्रो सङ्केत नम्बरका आधारमा पहिलो पत्रको बारकोड नम्बर प्राप्त गर्न लिखित परीक्षा नतिजा प्रकाशन गर्ने शाखामा पठाइन्छ। लिखित परीक्षा नतिजा प्रकाशन गर्ने शाखाले दोम्रो सङ्केत नम्बरका आधारमा पहिलो पत्रको बारकोड उपलब्ध गराउँदछ। लिखित नतिजा तयारी गर्ने शाखाले दोम्रो सङ्केत नम्बर र बारकोडका आधारमा दोम्रो चरणमा उत्तीर्ण उम्मेदवारको दुबै चरणको प्राप्ताङ्क जोडी दोम्रो सङ्केत नम्बरका आधारमा योग्यताक्रम सूची प्रमाणित गरी नतिजा प्रकाशन गर्न लिखित परीक्षा नतिजा प्रकाशन गर्न सम्बन्धित शाखामा पठाइन्छ।

२.३.१३ लिखित परीक्षा नतिजा प्रकाशन

गण्डकी प्रदेश लोक सेवा आयोग (कार्यसञ्चालन) निर्देशिका, २०८० को परिच्छेद ९ बमोजिम नतिजा तयारी शाखाबाट प्राप्त उत्तीर्ण उम्मेदवारहरूको दोम्रो सङ्केत/बारकोड नम्बरका आधारमा तयार भएको योग्यताक्रम सूची अनुसार उम्मेदवारहरूलाई लिखित नतिजा प्रकाशन शाखाबाट क्रमशः खुला तथा समावेशी समूहअनुसार विसङ्केतीकरण गरी उम्मेदवारको विवरण पत्ता लगाइन्छ। अन्तर्वार्तामा छनोट भएका उम्मेदवारहरूको वर्णानुक्रम अनुसार रोल नं., नाम थर, बाबु, बाजे र छनोट भएको समावेशी समूह राखी अन्तर्वार्ता कार्यक्रमसहित सूचना प्रकाशन गरिन्छ।

२.३.१४ प्रयोगात्मक परीक्षा तथा कम्प्युटर सीप परीक्षण

गण्डकी प्रदेश लोक सेवा आयोग (कार्यसञ्चालन) निर्देशिका, २०८० को दफा ५९ बमोजिम सम्बन्धित पदको पाठ्यक्रमको आधारमा प्रयोगात्मक परीक्षा तथा कम्प्युटर सीप परीक्षण सञ्चालन गर्ने गरिन्छ।

२.३.१५ सामूहिक छलफल, इन बास्केट एक्सरसाइज तथा मामिला प्रस्तुतीकरण

गण्डकी प्रदेश लोक सेवा आयोग (कार्यसञ्चालन) निर्देशिका, २०८० को दफा ६० बमोजिम प्रशासन सेवा तर्फ नवौं तहको लागि इन बास्केट एक्सरसाइज तथा सातौं र आठौं तहका पदमा लिखित परीक्षाबाट छनोट भएका उम्मेदवारहरूको लागि अन्तर्वार्ता अगाडि मूल्याङ्कन समितिले दिएको विषयवस्तुमा सामूहिक छलफल सञ्चालन गर्ने गरिन्छ। सामूहिक छलफलमा दिइएको विषयवस्तुमा सहभागीले छलफल एवम् विश्लेषण गरी प्रस्तुति गर्ने गर्दछन्। समस्या पहिचान गर्न सक्ने क्षमता, समाधानका उपाय पत्ता लगाउने क्षमता, तार्किक क्षमता, मौलिकता र सृजनशीलता, व्यवहार, वौद्धिक क्षमता, निर्णय गर्न सक्ने क्षमता, नेतृत्व लिन सक्ने क्षमता र धैर्यता लगायतका विषयहरूलाई आधार मानी उम्मेदवारहरूको मूल्याङ्कन गरिन्छ।

२.३.१६ अन्तर्वार्ता तथा सिफारिस र अनुशिक्षण

लिखित परीक्षावाट छनोट हुने उम्मेदवारलाई गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ३४ तथा गण्डकी प्रदेश लोक सेवा आयोग नियमावली, २०८० को नियम ३५ बमोजिम अन्तर्वार्ताको लागि आयोगका अध्यक्ष वा निजले तोकेको सदस्य वा अन्य कुनै व्यक्तिको अध्यक्षतामा सम्बन्धित दक्ष वा विशेषज्ञ सम्मिलित अन्तर्वार्ता समिति गठन गरी उम्मेदवारहरूको अन्तर्वार्ता लिइने गरिएको छ। उक्त अन्तर्वार्ताको लागि पाठ्यक्रमले निर्दिष्ट गरेबमोजिम पूर्णाङ्क तोकिएको हुन्छ।

गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ३५ बमोजिमको अन्तिम नतिजा प्रकाशन गर्ने र गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ३६ बमोजिम नियुक्तिको लागि सिफारिस गर्ने व्यवस्था रहेको छ। गण्डकी प्रदेश लोक सेवा आयोग नियमावली, २०८० को नियम ४० बमोजिम लिखित परीक्षाको कुल प्राप्ताङ्क, प्रयोगात्मक परीक्षा वा सीप परीक्षण, सामूहिक छलफल र अन्तर्वार्तामा प्राप्त अङ्कको योगको आधारमा अधिकतम अङ्क प्राप्त गर्ने उम्मेदवारअनुसार योग्यताक्रमको सूची अन्तर्वार्ता तथा सिफारिस शाखाबाट तयार गरी सोही बमोजिम नियुक्तिका लागि सिफारिस गरिन्छ।

सिफारिस भएका उम्मेदवारहरूलाई सिफारिस पत्र वितरण गर्ने समयमा सार्वजनिक सेवा प्रवाह, सुशासन, अनुशासन/आचरण तथा नियुक्ति प्रकृयाका विषयमा आयोगका पदाधिकारीबाट अनुशिक्षण प्रदान गर्ने गरिएको छ। यसबाट सिफारिस भएका उम्मेदवारमा उच्च मनोबलका साथ कार्यक्षेत्रमा खटिनको लागि उत्प्रेरणा प्रदान गरेको देखिन्छ।

परिच्छेद तीन

प्रशासनिक र भौतिक/वित्तीय प्रगति

३.१ बैठक तथा निर्णय

प्रतिवेदन अवधिमा आयोगका २८ वटा बैठकबाट विभिन्न प्रकृतिका ५२ वटा निर्णय भएका छन्। निर्णय भएका विषयहरू र निर्णय सङ्ख्या तालिका नं. ३ मा प्रस्तुत गरिएको छ।

तालिका नं. ३ विषयगत आधारमा आयोगका निर्णयहरूको बिवरण

क्र.सं	निर्णयका विषयहरू	निर्णय सङ्ख्या		
		आ.व. २०८०/८१ सम्म	आ.व. २०८१/८२	आ.व. २०८१/०८२ सम्म
१	पाठ्यक्रम तथा मूल्याङ्कन सम्बन्धी	१७	४	२१
२	परीक्षा, अन्तर्वार्ता र नतिजा	४६	९	५५
३	विभागीय सजायको परामर्श	१	२	३
४	बढुवा सम्बन्धी	१०	११	२१
५	नीति नियम सम्बन्धी	२१	१०	३१
६	शैक्षिक योग्यता	२	०	२
७	कार्य विभाजन	५	०	५
८	दक्ष/ विशेषज्ञको सूची	२	१	३
९	निरीक्षण	६	६	१२
१०	विविध	१८	९	२७
जम्मा		१२८	५२	१८०

३.२ बजेट विनियोजन र खर्च

आर्थिक वर्ष २०८१/०८२ का लागि विभिन्न शीर्षकहरूमा कुल ११ करोड ६८ लाख २४ हजार बजेट विनियोजन भएको छ। विनियोजित बजेट मध्ये ब.उ.शी.नं. २१०००००१३ पदाधिकारीहरूको पारिश्रमिक तथा सुविधा शीर्षकमा ४६ लाख ११ हजार बजेट प्राप्त भएकोमा ४१ लाख ११ हजार अर्थात ८९.१७ प्रतिशत खर्च भएको छ। ब.उ.शी.नं. २१०००११३ चालू खर्च शीर्षकमा १० करोड ६४ लाख १३ हजार बजेट प्राप्त भएकोमा ८ करोड ८७ लाख ८६ हजार अर्थात् ८३.४४ प्रतिशत खर्च भएको छ। त्यसैगरी ब.उ.शी.नं. २१०००११४ पूँजीगततर्फ ५८ लाख बजेट प्राप्त भएकोमा ५२ लाख १५ हजार खर्च भई ८९.९२ प्रतिशत खर्च भएको छ। ब.उ.शी.नं. अनुसार वार्षिक बजेट र खर्चको विवरण तालिका नं. ४ मा प्रस्तुत गरिएको छ।

तालिका नं. ४ : बजेट र खर्चको विवरण

(रु हजारमा)

क्र. सं	बजेट उपशीर्षक नं.	आ.व. २०८०/०८१			आ.व. २०८१/०८२		
		वार्षिक वजेट	खर्च	खर्च प्रतिशतमा	वार्षिक वजेट	खर्च	खर्च प्रतिशतमा
१	२१०००००१३ (चालु)	४६८७.००	४०७५.५५	८७.१७	४६११.००	४१११.६०	८९.१७
२	२१०००००११३ (चालु)	१२७०६७.००	१०५२६५.९६	८२.८४	१०६४१३.००	८८७८६.६९	८३.४४
३	२१०००००११४ (पूँजीगत)	११४००.००	३४३९.३३	३०.१६	५८००.००	५२१५.३०	८९.९२
कुल जम्मा		१४३१५४	११२७८०.८	७८.७८	११६८२४	९८११३.५९	८३.९८

३.३ राजश्व र धरौटी

आयोगले प्रकाशन गरेको विज्ञापनमा आवेदन गर्ने उम्मेदवारले दरखास्त दस्तुर वापत तोकिएको शुल्क बुझाउनु पर्दछ। आ.व. २०८१/०८२ मा ६ करोड ११ लाख ६२ हजार राजश्व सङ्कलन भएको छ। दरखास्त सङ्कलन र अन्य कार्यबाट प्राप्त हुन आएको राजश्व तथा धरौटी रकमको विवरण तालिका नं. ५ मा प्रस्तुत गरिएको छ।

तालिका नं. ५ : राजश्व र धरौटीको विवरण

(रु हजारमा)

क्र.सं	कार्यालय	आ.व. २०८०।८१		आ.व. २०८१।८२	
		राजश्व	धरौटी	राजश्व	धरौटी
१	प्रदेश लोक सेवा आयोग, गण्डकी	११३८८०.९३	९९.२३	६११६२.१२६	१८१.०५६

३.४ बेरुजुको अवस्था

आयोगको आ.व. २०८०/८१ को म.ले.प. भैसकेको र प्रतिवेवदन अवधिसम्म आयोगको नाममा वेरूजु नरहेको अवस्था छ।

३.५ भौतिक पूर्वाधारको अवस्था

आयोगले पोखराको मुस्ताङचोकस्थित नागरिक उड्डयन प्राधिकरणको भाडाको भवनमा कार्य सम्पादन गर्दै आएको छ। आफ्नै कार्यालय भवन तथा परीक्षा सञ्चालन भवन नभएकाले क्याम्पस एवम् सामुदायिक तथा संस्थागत विद्यालयको सहयोग समेतमा परीक्षाहरू सञ्चालन गर्ने गरिएको छ। आयोगको कार्यलाई व्यवस्थित तुल्याउन, सवारी साधन, भवन, प्रयोगशाला, पुस्तकालय लगायत विभिन्न पूर्वाधारको व्यवस्था गर्ने कार्यलाई निरन्तरता दिइएको छ। सूचना सङ्कलन, प्रशोधन र सञ्चय गर्नका लागि राष्ट्रिय सूचना प्रविधि केन्द्रले उपलब्ध गराएको सर्भरवाट उम्मेदवारहरूको अनलाइन निवेदन लिने प्रणाली सञ्चालनमा रहेको छ। आन्तरिक सूचना प्रणाली व्यवस्थापन गर्न फायरवाल, स्टोरेज र सर्भरको ब्यवस्था गरिएको छ। सवारी साधन, कम्प्युटर, फर्निचर लगायत कार्य सञ्चालन गर्न आवश्यक उपकरणहरूको व्यवस्था गरिएको छ। आ.व. २०८१/०८२ मा खरिद गरिएका

मुख्य-मुख्य भौतिक सम्पत्तिहरूमा प्रश्नपत्र छपाइ प्रयोजनका लागि A4 साइजको डुप्लिकेटर मेसिन थान-१, OMR उत्तरपुस्तिका परीक्षणका लागि नयाँ OMR मेसिन थान-१, Smart Interactive Board थान-१ र ल्यापटप थान-२ खरिद गरिएको छ। आयोगमा जिन्सी अभिलेखमा मौज्दात रहेका मुख्य-मुख्य जिन्सी सम्पत्तिको विवरण तालिका नं. ६ मा प्रस्तुत गरिएको छ।

तालिका नं. ६ : मुख्य-मुख्य जिन्सी सम्पत्तिको विवरण (आ.व. २०८१/०८२ सम्म)

क्र.सं.	सम्पत्तिको विवरण	सङ्ख्या	कैफियत
१.	चारपाङ्ग्रे सवारी	६	
२.	मोटरसाइकल	३	
३.	स्कुटर	५	
४.	डेक्सटप कम्प्युटर	४३	
५.	ल्यापटप कम्प्युटर	१५	
६.	OMR मेसिन	२	
७.	Digital Duplicator	३	
८.	प्रिन्टर	१९	
९.	फोटोकपी मेसिन	१२	
१०.	प्रोजेक्टर	३	
११.	डिजिटल क्यामेरा	१	
१२.	सि.सि.टि.भि. क्यामेरा सेट	१	
१३.	टेलिभिजन	३	
१४.	विद्युतीय हाजिरी मेसिन	२	
१५.	Smart Interactive Board	१	
१६.	Air Condition	२०	

३.६ निरीक्षण

गण्डकी प्रदेश लोक सेवा ऐन, २०७६ तथा गण्डकी प्रदेश लोक सेवा नियमावली २०८० मा भएको व्यवस्था अनुरूप प्रदेश भित्रका स्थानीय तहहरूमा गरिएका पदपूर्ति सम्बन्धमा निरीक्षण गरिएको छ। निरीक्षण गरिएका स्थानीय तहहरूको विवरण तालिका नं. ७ मा प्रस्तुत गरिएको छ।

तालिका नं. ७ : निरीक्षण गरिएका स्थानीय तहहरू (आ.व. २०८१/०८२ सम्म)

क्र.सं.	जिल्ला	स्थानीय तह	सङ्ख्या
आ.व. २०८०/०८१ सम्म			६
१.	म्याग्दी	अन्नपूर्ण गाँउपालिका	१
२.	गोरखा	गण्डकी गाँउपालिका	१
३.	कास्की	पोखरा महानगरपालिका (२ पटक)	१

क्र.सं.	जिल्ला	स्थानीय तह	सङ्ख्या
४.	बाग्लुङ	बाग्लुङ नगरपालिका	१
५.	स्याङ्जा	पुतलीबजार नगरपालिका	१
६.	तनहुँ	व्यास नगरपालिका	१
आ.व. २०८१/०८२			**१७**
१.	तनहुँ	भानु नगरपालिका र आँबुखैरेनी गाउँपालिका	२
२.	म्याग्दी	धवलागिरी गाउँपालिका, मालिका गाउँपालिका, मङ्गला गाउँपालिका र अन्नपूर्ण गाउँपालिका	४
३.	स्याङ्जा	वालिङ नगरपालिका र गल्याङ नगरपालिका	२
४.	नवलपरासी (ब.सू.पू.)	गैंडाकोट नगरपालिका र देवचुली नगरपालिका	२
५.	मुस्ताङ	लोमान्थाङ गाउँपालिका र लो-घेकर दामोदरकुण्ड गाउँपालिका	२
६.	बागलुङ	बरेङ गाउँपालिका र जैमिनी नगरपालिका	२
७.	पर्वत	पैयूँ गाउँपालिका र विहादी गाउँपालिका	२
८.	कास्की	मादी गाउँपालिका	१
आ.व. २०८१/०८२ सम्म ९ जिल्लाका जम्मा			**२३**

निरीक्षणको क्रममा देखिएका विषयहरू

१. स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ ले व्यवस्था गरेबमोजिम स्थानीय तहका कर्मचारीलाई सम्बन्धित ऐनको दफा किटान गरी सरुवा नर्गने र कानुनबमोजिम अवधि नखुलाई कामकाजमा खटाउने प्रवृत्तिले गर्दा कतिपय स्थानीय तहमा कर्मचारी सङ्ख्या न्यून देखिएको छ। कतिपय स्थानीय तहले कामकाजमा खटिएर गएका कर्मचारीको समेत माग पठाउँदा दोहोरो पदपूर्ति हुने गरेको अवस्था छ।

२. कतिपय स्थानीय तहहरूले रिक्त पदको माग आकृति फाराम समयमा नपठाउने गरेको देखिएको छ। रिक्त पदमा माग नगरी अस्थायी, करार तथा कामकाजमा कर्मचारी राखी कार्यसम्पादन गर्ने प्रवृत्ति देखिएको छ।

३. अन्य प्रदेशका स्थानीय तहबाट कामकाज गर्न आएका कर्मचारीलाई स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ विपरीत तहवृद्धि/तह कायम गर्ने तथा कामकाजमा अन्यत्र खटाउने गरेको पाइएको छ।

४. कतिपय स्थानीय तहबाट प्रचलित ऐन, नियमबमोजिम रितपूर्वक सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी नयाँ दरबन्दी सिर्जना गर्नुपर्ने र उक्त पद प्रदेश किताबखानामा दर्ता भएपश्चात् आयोगमा माग गरी पठाउनु पर्नेमा सो बमोजिम नगरी अस्थायी करारमा रहेका कर्मचारीलाई वेरितपूर्वक दरबन्दी सिर्जना गरी आन्तरिक प्रकृयाद्वारा स्थायी गर्ने काम भएको देखिन्छ।

५. प्रदेश तथा स्थानीय तहमा कार्यरत कर्मचारीले अवकाशपछि प्राप्त गर्ने औषधोपचार, बिदा, निवृत्तीभरण लगायतका सेवा सुविधाका सम्बन्धमा स्पष्ट कानुनी आधार नहुँदा कार्यरत कर्मचारीमा अन्यौलता देखिएबाट खासगरी स्थानीय सेवाको पदमा कम रुची भई छिटो छिटो पद रिक्त हुने गरेको देखिन्छ।

६. स्थानीय तहका कर्मचारीको सङ्केत नम्बर सहितको वैयक्तिक विवरण (सिटरोल) दर्ता हुन नसकेकोले अभिलेख व्यवस्थापनमा समस्या देखिएको छ। कतिपय स्थानीय तहबाट नयाँ सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी सो अनुसार प्रदेश किताबखानामा पद दर्ता हुन नसक्दा नयाँ पदमा पदपूर्ति गर्न समस्या देखिएको छ।

सङ्घबाट खटिइ आउने कनिष्ठ प्रमुख प्रशासकीय अधिकृतको मातहतमा स्थानीय तहमा कार्यरत रहेका वरिष्ठ कर्मचारीले काम गर्नुपर्ने अवस्थाले पदसोपानमा समस्या र उत्प्रेरणामा कमी देखिएको छ।

३.७ अन्तरक्रिया तथा अभिमुखीकरण

३.७.१. जिल्लामा अन्तरक्रिया तथा अभिमुखीकरण

बागलुङ, पर्वत, लमजुङ, गोरखा लगायतका जिल्ला सदरमुकाममा स्थानीय तहहरूका प्रमुख र उपप्रमुख, प्रमुख जिल्ला अधिकारी, स्थानीय तहहरूका प्रमुख प्रशासकीय अधिकृत, प्रदेशस्तरका जिल्लास्थित कार्यालयका कार्यालय प्रमुखहरूको सहभागितामा प्रदेश तथा स्थानीय तहमा पदपूर्ति सम्बन्धी कानुनी तथा व्यावहारिक पक्षहरूमा अन्तरक्रिया कार्यक्रम गरी छलफल तथा विचार विमर्श गरिएको छ।

प्रदेशभित्रका विभिन्न सरकारी तथा सामुदायिक क्याम्पसहरूमा अध्ययनरत विद्यार्थी र शिक्षकहरूमाझ सरकारी सेवाप्रति आकर्षण अभिवृद्धिका सम्बन्धमा लोक सेवा आयोगको परीक्षा प्रणाली र भर्नासम्बन्धी विषयमा अभिमुखीकरण कार्यक्रम गरिएको छ। उक्त कार्यक्रममा सहभागीहरूसँग सरकारी कार्यालयहरूको सेवा प्रवाह, सार्वजनिक जवाफदेहिता र उत्तरदायित्व, सरकारी सेवाप्रति आकर्षणका साथै लोक सेवा आयोगको परीक्षा प्रणालीका विविध पक्षहरूमा छलफल तथा अन्तरक्रिया गरिएको छ। अन्तरक्रिया तथा अभिमुखीकरण गरिएका जिल्लाहरूको विवरण तालिका नं. ८ मा प्रस्तुत गरिएको छ।

तालिका नं. ८ : अन्तरक्रिया तथा अभिमुखीकरण गरिएका जिल्लाहरू (आ.व. २०८१/०८२ सम्म)

क्र.स.	अन्तरक्रिया तथा अभिमुखीकरण गरिएको जिल्ला	आ.व.	कैफियत
१	पर्वत	२०८०/०८१	
२	बागलुङ	२०८०/०८१	
३	लमजुङ	२०८०/०८१	
४	नवलपरासी (वर्दघाट सुस्ता पूर्व)	२०७९/०८०	
५	मनाङ	२०७९/०८०	
६	म्याग्दी	२०७९/०८०	
७	स्याङ्जा	२०७९/०८०	
८	तनहुँ	२०७८/०७९	
९	गोरखा	२०७८/०७९	

३.७.२. स्थानीय तहमा अन्तरक्रिया तथा छलफल

आयोगले हाल अवलम्वन गरिरहेको पाठ्यक्रम र परीक्षा प्रणालीको प्रभाव मूल्याङ्कन तथा सिफारिस भएका उम्मेदवार र स्थानीय तहका पदाधिकारी र कर्मचारीहरूसँग पृष्ठपोषणका सम्बन्धमा आर्थिक वर्ष २०८०/०८१ सम्म जिल्लास्तरमा स्थानीय तहहरूसँग संयुक्त रूपमा अन्तरक्रिया तथा छलफल गरिदैं आएकोमा आ.व. २०८१/८२

देखि स्थानीय तहस्तरमा नै गई अन्तरक्रिया तथा छलफल कार्यक्रम सञ्चालन गरिएको छ। यसबाट आयोगबाट सिफारिस भई कार्यस्थलमा कार्यरत कर्मचारीको कार्यसम्पादनको स्थिति, कर्मचारीका व्यवहार तथा आचार, कर्मचारीहरूका समस्या, गुनासा, र सुझाव सङ्कलन गरी सो अनुसारका पाठ्यक्रम र परीक्षा प्रणालीलाई सुधारको लागि राम्रो अवसर प्राप्त भएको छ। हालसम्म स्थानीय स्तरमा नै गई यस्ता कार्यक्रम सञ्चालन गर्नाले आयोगप्रति सकारात्मक धारणा र कार्यसम्पादनमा राम्रो प्रभाव देखिने आयोगको विश्वास छ। आयोगले हालसम्म १७ वटा पालिकाहरूमा कार्यक्रम सञ्चालन गरेको छ। अन्तरक्रिया तथा छलफल सञ्चालन गरेका स्थानीय तहहरूको विस्तृत विवरण तालिका नं. ९ मा उल्लेख गरिएको छ।

तालिका नं. ९ : अन्तरक्रिया तथा छलफल गरिएका स्थानीय तहको विवरण (आ.व. २०८१/०८२)

क्र.सं.	जिल्ला	स्थानीय तह	सङ्ख्या
१.	तनहुँ	भानु नगरपालिका र आँबुखैरेनी गाउँपालिका	२
२.	म्याग्दी	धवलागिरी गाउँपालिका, मालिका गाउँपालिका, मंगला गाउँपालिका र अन्नपूर्ण गाउँपालिका	४
३.	स्याङ्जा	वालिङ नगरपालिका र गल्याङ नगरपालिका	२
४.	नवलपरासी (ब.सू.पू.)	गैँडाकोट नगरपालिका र देवचुली नगरपालिका	२
५.	मुस्ताङ	लोमान्थाङ गाउँपालिका र लो-घेकर दामोदरकुण्ड गाउँपालिका	२
६.	बागलुङ	बरेङ गाउँपालिका र जैमिनी नगरपालिका	२
७.	पर्वत	पैयूँ गाउँपालिका र विहादी गाउँपालिका	२
८.	कास्की	मादी गाउँपालिका	१
		जम्मा	१७

३.८ सिफारिस भएका उम्मेदवारको अनुशिक्षण

सिफारिस भएका उम्मेदवारलाई प्रदेश लोक सेवा आयोगको भूमिका, निजामती सेवाको परिचय, नियुक्ति लिने प्रक्रिया र कर्मचारीहरूले पालना गर्नुपर्ने आचारसंहिता लगायतका विविध पक्षहरूमा अनुशिक्षण गरिँदै आएको छ। प्रतिवेदन अवधिमा सङ्गठित संस्थाका ६ सहित १३९० जना र हालसम्म ३१४० जना उम्मेदवारहरूलाई अनुशिक्षण गरिएको छ। अनुशिक्षण सम्बन्धी विवरण तालिका नं. १० मा प्रस्तुत गरिएको छ।

तालिका नं. १० : सिफारिस भएका उम्मेदवारको अनुशिक्षण विवरण

तह	उम्मेदवार सङ्ख्या		
	आ.व. २०८०/८१ सम्म	आ.व. २०८१/८२	आ.व. २०८१/०८२ सम्म
एघारौँ	५	-	५
नवौँ	४८	८	५६
आठौँ	३३	११	४४
सातौँ	२२६	८२	३०८
पाँचौँ	३६२	६८०	१०४२

तह	उम्मेदवार सङ्ख्या		
	आ.व. २०८०/८१ सम्म	आ.व. २०८१/८२	आ.व. २०८१/०८२ सम्म
चौथो	९७६	६०९	१५८५
तेस्रो	१००	०	१००
कुल जम्मा	१७५०	१३९०	३१४०

३.९ चौथो वार्षिकोत्सव

माननीय प्रदेश प्रमुखको प्रमुख आतिथ्यतामा माननीय मुख्यमन्त्री, प्रदेश सभाका प्रतिपक्षी दलका नेता र गण्डकी प्रदेश सभाका माननीय सभामुख र पोखरा महानगरपालिकाका प्रमुखको विशिष्ट उपस्थितिमा २०८१ साल चैत्र ११ गते आयोगको चौथो वार्षिकोत्सव समारोह सम्पन्न भएको छ। उक्त कार्यक्रममा गण्डकी प्रदेश सरकारका प्रमुख सचिव, प्रदेश सरकारका सचिवहरू, प्रदेश सरकार अन्तर्गतका सङ्गठित संस्थाका प्रमुखहरू, गण्डकी प्रदेशस्तरका सुरक्षा निकायका प्रमुखहरूको उपस्थिति रहेको थियो। उक्त अवसरमा आयोगका उपलब्धि, समस्या र चुनौतीहरू विषयमा छलफल गरिएको थियो। कार्यक्रममा प्रमुख अतिथि माननीय प्रदेश प्रमुखबाट चौथो वार्षिकोत्सव स्मारिका, २०८१ को विमोचन र आयोगको लोगो अनावरण गरिएको थियो। आयोगको लोगो अनुसूची १ मा प्रस्तुत गरिएको छ। स्मारिकामा आयोगले हासिल गरेका उपलब्धि, आयोगको कार्य प्रगति र सार्वजनिक प्रशासन सम्बन्धी लेख रचना समावेश गरिएको छ। उक्त कार्यक्रममा प्रमुख अतिथिबाट आयोगका एकजना कर्मचारीलाई प्रोत्साहन स्वरूप प्रशंसापत्र र नगद पुरस्कार प्रदान गरिएको थियो।

३.१० वार्षिक प्रगति समीक्षा

आयोगले वार्षिक रूपमा सम्पादित कार्यक्रमहरूको समीक्षा गरी त्यसबाट प्राप्त पृष्ठपोषणका आधारमा आगामी वर्षको कार्यसम्पादनमा प्रभावकारिता ल्याउने उद्देश्यले हरेक आर्थिक वर्षको अन्त्यमा वार्षिक प्रगति समीक्षा गर्दै आएको छ। समीक्षा कार्यक्रममा शाखा र महाशाखागत प्रगति विवरणको प्रस्तुतिका अतिरिक्त कर्मचारी उत्प्रेरणा, क्षमता विकास, कर्मचारीको निष्ठा र सदाचारिता अभिवृद्धिबारे छलफल गरिएको छ।

परिच्छेद चार

शैक्षिक योग्यता, पाठ्यक्रम र परीक्षण प्रविधि

आयोगले रिक्त पदमा उम्मेदवार छनोट गर्दा सम्बन्धित पदका लागि निर्धारित शैक्षिक योग्यताबमोजिम पाठ्यक्रम निर्माण तथा परिमार्जन र आवश्यक नवीनतम परीक्षण प्रविधिको प्रयोग गर्दै आएको छ।

४.१. शैक्षिक योग्यता

गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ तथा गण्डकी प्रदेश निजामती सेवा नियमावली, २०७९ र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ तथा स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० मा विभिन्न सेवा, समूहमा रहने पदहरूको लागि शैक्षिक योग्यता निर्धारण गरिएको छ।

४.२ पाठ्यक्रम निर्माण तथा परिमार्जन

गण्डकी प्रदेश लोकसेवा आयोग ऐन, २०७६ को दफा २० मा भएको व्यवस्थाबमोजिम आयोगको कार्यविभाजन अनुसार आयोगका तोकिएका सदस्यको संयोजकत्वमा रहने पाठ्यक्रम समितिबाट दक्ष/विशेषज्ञ समेतको सहयोगमा तोकिएको प्रक्रिया अवलम्वन गरी विभिन्न तह, सेवा र समूहका एघारौँ तहदेखि तेम्रो तहसम्मका ११४ वटा पाठ्यक्रम निर्माण गरेको छ। आ.व. २०८०/८१ सम्म १०४ र आ.व. २०८१/०८२ मा १० वटा नयाँ पाठ्यक्रम निर्माण गरिएको छ। वन सेवा तेम्रो तह, वनरक्षक पदको पाठ्यक्रम परिमार्जन गरिएको छ। पाठ्यक्रम निर्माण तथा परिमार्जनको विवरण तालिका नं. ११ मा प्रस्तुत गरिएको छ।

तालिका नं. ११ : पाठ्यक्रम निर्माण तथा परिमार्जनको विवरण

सेवा	आ.व. ०८०/०८१ सम्म निर्माण	आ.व. ०८१/०८२		आ.व. ०८१/०८२ सम्म पाठ्यक्रम निर्माण
		परिमार्जन	निर्माण	
इन्जिनियरिङ्ग	१७	-	-	१७
कृषि	११	-	-	११
प्रशासन	१३	-	-	१३
वन	७	१	-	७
शिक्षा	७	-	-	७
स्वास्थ्य	४९	-	-	४९
सङ्गठित संस्था		-	१०	१०
कुल जम्मा	१०४	१	१०	११४

४.३ परीक्षण प्रविधि

आयोगले प्रदेश तथा स्थानीय तह लगायत विभिन्न सार्वजनिक सेवामा उम्मेदवार छनोट गर्दा सेवा/समूह विशेषका साझा गुणहरूको परीक्षण गर्ने गरी विभिन्न परीक्षण प्रविधिहरूको प्रयोग गर्दै आएको छ। लोक सेवा आयोगले प्रतिपादन गरेका अभ्यास, विधि तथा मापदण्डलाई आधार मानी परीक्षणका विभिन्न औजारहरू प्रयोग

गरी उम्मेदवार छनोट गर्ने गरिएको छ। पाठ्यक्रमले निर्दिष्ट गरेबमोजिम प्रशासन तर्फको नवौं तहको पदका लागि लिखित परीक्षा र अन्तर्वार्ताका अतिरिक्त इन बास्केट एक्सरसाइज र गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको नवौं तहका पदका लागि मामिला प्रस्तुतीकरण परीक्षणको व्यवस्था गरिएको छ। सातौं र आठौं तहका पदहरूमा सामूहिक परीक्षण एवम् प्रशासनतर्फ सातौं, पाँचौं र चौथो तहका पदहरूमा कम्प्युटर सीप परीक्षण/प्रयोगात्मक परीक्षा र तेस्रो तहको वनरक्षक पदको लागि शारीरिक तन्दुरुस्ती परीक्षण लगायतका नवीनतम परीक्षण विधिहरू अवलम्वन गर्ने गरिएको छ।

परिच्छेद पाँच

विज्ञापन र दरखास्त

प्रदेश र स्थानीय तहबाट माग आकृति फाराम प्राप्त भएपछि जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनबाट हुने बढुवा, कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा, अन्तरतह, आन्तरिक र खुला प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति हुने पदको पदसङ्ख्या निर्धारण गरी विज्ञापन प्रकाशन गरिन्छ। यसरी विज्ञापन प्रकाशन गर्दा कानुनबमोजिमका समावेशी समूहको छुट्टाछुट्टै विज्ञापन नम्बर कायम गरिन्छ। विज्ञापन भएका पदहरूमा प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०८० ले तोकेको ढाँचामा अनलाइन पद्दतिबाट दरखास्त माग गर्ने, स्वीकृत गर्ने तथा स्वीकृत नामावली प्रकाशन गर्ने व्यवस्था गरिएको छ। यस वर्ष आयोगबाट प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवाका साथै प्रदेश स्तरीय सङ्गठित संस्था अन्तर्गत गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको समेत पदपूर्ति गरिएको छ। प्रदेश स्तरीय सङ्गठित संस्थाको विवरण छुट्टै शीर्षकमा प्रस्तुत गरिएको छ।

५.१ पदपूर्तिको वार्षिक कार्यतालिका

प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको विभिन्न पदहरूमा पदपूर्ति सम्बन्धी क्रियाकलापहरूको आर्थिक वर्षभरी सम्पादन हुने कार्यहरू समेटिएको वार्षिक कार्यतालिका आयोगले प्रत्येक आर्थिक वर्षको श्रावण १ गते सार्वजनिक गर्दछ। आयोगका पदपूर्ति सम्बन्धी सम्पूर्ण काम कारबाहीहरू सोही कार्यतालिकामा आधारित भई सञ्चालन गरिन्छ। वार्षिक कार्यतालिकामा माग सङ्कलन, प्रतिशत निर्धारण, विज्ञापन प्रकाशन, लिखित परीक्षा सञ्चालन, अन्तर्वार्ता तथा सिफारिस लगायतका क्रियाकलापहरू समावेश गरिन्छ। आ.व. २०८१/०८२ को वार्षिक कार्यतालिका अनुसूची २ मा राखिएको छ।

५.२ माग सङ्कलन

गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा २५ बमोजिम प्रदेश तथा स्थानीय तहबाट विभिन्न पदमा माग सङ्कलन हुने गरेको छ। प्रतिवेदन अवधिमा प्रदेश तथा स्थानीय तहबाट एघारौं तहदेखि तेस्रो तहसम्मका ७७० पदसङ्ख्या समेत गरी हालसम्म कुल ४७०७ पदसङ्ख्याको माग प्राप्त भएको छ। प्राप्त मागको तहगत विवरण तालिका नं. १२ मा प्रस्तुत गरिएको छ।

तालिका नं. १२ : तहगत आधारमा माग सङ्कलन विवरण

क्र.सं.	तह	पद सङ्ख्या		
		आ.व. २०८०/८१ सम्म	आ.व. २०८१/८२	आ.व. २०८१/८२ सम्म
१.	एघारौं	७	६	१३
२.	नवौं	१८४	४०	२२४
३.	आठौं	४१	११	५२
४.	सातौं	४४७	१३४	५८१

क्र.सं.	तह	पद सङ्ख्या		
		आ.व. २०८०/८१ सम्म	आ.व. २०८१/८२	आ.व. २०८१/८२ सम्म
५.	छैठौं	९८	-	९८
६.	पाँचौं	१४३९	२४३	१६८२
७.	चौथो	१६२१	२५०	१८७१
८.	तेस्रो	१००	८६	१८६
	कुल जम्मा	**३९३७**	**७७०**	**४७०७**

क) माग सङ्कलन (प्रदेश तर्फ)

प्रतिवेदन अवधिमा प्रदेश स्तरमा चौथो तहदेखि नवौं तहसम्मका २९५ पदसङ्ख्या माग प्राप्त भएको छ। प्राप्त मागको विवरण तालिका नं. १३ मा प्रस्तुत गरिएको छ।

तालिका नं. १३ : प्रदेश तर्फको माग सङ्कलन विवरण

क्र.सं.	तह	पद सङ्ख्या		
		आ.व.२०८०/०८१ सम्म	आ.व.२०८१/०८२	आ.व.२०८१/०८२ सम्म
१	एघारौं	७	६	१३
२	नवौं	१६०	२४	१८४
४	आठौं	१४	५	१९
५	सातौं	१८७	७४	२६१
६	पाँचौं	२०५	७०	२७५
७	चौथो	९७	३०	१२७
८	तेस्रो	१००	८६	१८६
जम्मा		**७७०**	**२९५**	**१०६५**

ख) माग सङ्कलन (स्थानीय तहतर्फ)

प्रतिवेदन अवधिमा स्थानीय तहहरूबाट विभिन्न सेवा समूह र पदहरूको चौथो देखि नवौं तहसम्मका ४७५ पदसङ्ख्याको लागि माग प्राप्त भएको छ। प्राप्त मागको विवरण तालिका नं. १४ मा प्रस्तुत गरिएको छ।

तालिका नं. १४ : स्थानीय तह तर्फको माग सङ्कलन विवरण

क्र.सं.	तह	पद सङ्ख्या		
		आ.व.२०८०/०८१ सम्म	आ.व.२०८१/०८२	आ.व.२०८१/०८२ सम्म
१	नवौं	२४	१६	४०
२	आठौं	२७	६	३३
३	सातौं	२६०	६०	३२०
४	छैठौं	९८	-	९८

क्र.सं.	तह	पद सङ्ख्या		
		आ.व.२०८०/०८१ सम्म	आ.व.२०८१/०८२	आ.व.२०८१/०८२ सम्म
५	पाँचौं	१२३४	१७३	१४०७
६	चौथो	१५२४	२२०	१७४४
जम्मा		३१६७	४७५	३६४२

प्रतिवेदन अवधिमा प्रदेशतर्फ ७७ पदमा २९५ पद सङ्ख्या र स्थानीयतर्फ ४७ पदमा ४७५ पद सङ्ख्या गरी कुल ७७० पद सङ्ख्याको लागि प्रदेश तथा स्थानीय तहबाट माग प्राप्त भएको छ।

तालिका नं. १५ : प्रदेश र स्थानीय तहको पद र माग पदसङ्ख्याको एकीकृत विवरण (आ.व. २०८१/०८२)

क्र.सं.	तह	प्रदेश		स्थानीय		जम्मा माग सङ्ख्या
		पद	माग सङ्ख्या	पद	माग सङ्ख्या	
१	एघारौं	६	६	-	-	६
२	नवौं	१७	२४	४	१६	४०
४	आठौं	१	५	१	६	११
५	सातौं	२१	७४	१२	६०	१३४
६	पाँचौं	२२	७०	१८	१७३	२४३
७	चौथो	९	३०	१२	२२०	२५०
८	तेस्रो	१	८६	-	-	८६
जम्मा		७७	२९५	४७	४७५	७७०

५.३ प्रतिशत निर्धारण

प्रतिवेदन अवधिमा प्रचलित कानुनबमोजिम विभिन्न तहमा प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवाका विभिन्न सेवा, समूह र तहका पदमा जम्मा ७७० पदसङ्ख्याको माग सङ्कलन भएको छ। प्रदेश र स्थानीय तहमा सातौं तहको कम्प्युटर इन्जिनियर पदको १/१ गरी जम्मा २ पद माग प्राप्त भएकोमा गण्डकी प्रदेश निजामती सेवा नियमावली, २०७९ र स्थानीय सेवा (गठन तथा सञ्चालन नियमावली, २०८०) मा शैक्षिक योग्यता नमिलेकोले प्रदेशतर्फ बढुवा ७१ र खुला २२३ तथा स्थानीयतर्फ बढुवा ९५ र खुला ३७९ गरी जम्मा ७६८ पदसङ्ख्याको प्रतिशत निर्धारण गरिएको छ। प्रदेश तथा स्थानीय तहको माग पदसङ्ख्याको आधारमा कानुनबमोजिम बढुवा तथा आ.प्र., अन्तरतह र खुला प्रतियोगितातर्फ तहगत प्रतिशत निर्धारणसम्बन्धी विवरण तालिका नं. १६ मा प्रस्तुत गरिएको छ।

तालिका नं. १६ : प्रतिशत निर्धारणको विवरण (आ.व. २०८१/०८२)

तह	बढुवा		खुला, अन्तरतह, आ.प्र.		कुल जम्मा
	प्रदेश	स्थानीय	प्रदेश	स्थानीय	
एघारौं	६	-	-	-	६

तह	बढुवा		खुला, अन्तरतह, आ.प्र.		कुल जम्मा
	प्रदेश	स्थानीय	प्रदेश	स्थानीय	
नवौं	२१	१०	३	६	४०
आठौं	-	-	५	६	११
सातौं	२७	२५	४६	३४	१३२
पाँचौं	१७	६०	५३	११३	२४३
चौथो	-	-	३०	२२०	२५०
तेस्रो	-	-	८६	-	८६
जम्मा	**७१**	**९५**	**२२३**	**३७९**	**७६८**

५.४ विज्ञापन प्रकाशन

गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा २६ मा आयोगले खुला तथा समावेशी र बढुवातर्फ पदपूर्ति गर्न छुट्टाछुट्टै विज्ञापन प्रकाशन गर्ने व्यवस्था रहेको छ। माग प्राप्त भएपछि प्रचलित कानुनमा व्यवस्था भएबमोजिम प्रतिशत निर्धारण गरी बढुवा, आन्तरिक प्रतियोगिता र खुला तथा समावेशी प्रतियोगितामा पद सङ्ख्या छुट्याई लिखित परीक्षा हुने मिति र समय निर्धारण गरेर विज्ञापन प्रकाशन गरी दरखास्त आह्वान गर्ने गरिएको छ। प्रदेश लोक सेवा आयोगको स्थापना भएपश्चात आर्थिक वर्ष २०७८/७९ देखि हालसम्म प्रदेश तथा स्थानीय सेवातर्फ कुल ४३१६ पदसङ्ख्या र प्रतिवेदन अवधिमा ७६८ पदसङ्ख्याको विज्ञापन प्रकाशन गरिएको छ। विज्ञापन प्रकाशनको तहगत विवरण तालिका नं. १७ र १८ मा प्रस्तुत गरिएको छ।

तालिका नं. १७ : विज्ञापन प्रकाशनको तहगत विवरण

क्र.सं.	तह	पद सङ्ख्या		
		आ.व. २०८०/८१ सम्म	आ.व. २०८१/८२	आ.व. २०८१/८२ सम्म
१.	एघारौं	७	६	१३
२.	नवौं	१६०	४०	२००
३.	आठौं	३५	११	४६
४.	सातौं	३९७	१३२	५२९
५.	पाँचौं	१२४१	२४३	१४८४
६.	चौथो	१६०८	२५०	१८५८
७.	तेस्रो	१००	८६	१८६
कुल जम्मा		**३५४८**	**७६८**	**४३१६**

तालिका नं. १८ : विज्ञापन प्रकाशनको पदपूर्ति किसिम अनुसारको विवरण (आ.व. २०८१/०८२)

क्र.सं.	पदपूर्तिको किसिम	एघारौं	नवौं	आठौं	सातौं	पाँचौं	चौथो	तेस्रो	जम्मा
१.	बढुवा	६	३१	०	५२	७७	-	-	१६६

क्र.सं.	पदपूर्तिको किसिम	एघारौँ	नवौँ	आठौँ	सातौँ	पाँचौँ	चौथो	तेस्रो	जम्मा
२.	आ.प्र.	-	१	-	-	-	७	-	८
३.	अन्तरतह	-	३	-	१२	-	-	-	१५
४.	खुला	-	४	५	४०	९२	१३५	४७	३२३
५.	समावेशी	-	१	६	२८	७४	१०८	३९	२५६
जम्मा		६	४०	११	१३२	२४३	२५०	८६	७६८



चित्र नं. ३ विज्ञापित पद सङ्ख्या

५.४.१ बढुवा विज्ञापन

बढुवाको विज्ञापनअन्तर्गत जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन तथा कार्यक्षमता मूल्याङ्कनको बढुवाको विज्ञापन हुने गरेको छ। आयोगबाट आ. व. २०८१/८२ सम्म जम्मा ६६० जनाको बढुवाको विज्ञापन प्रकाशन गरिएको छ भने प्रतिवेदन अवधिमा १६६ पदसङ्ख्याको लागि बढुवाको विज्ञापन प्रकाशन गरिएको छ। प्रदेश तथा स्थानीय तहअन्तर्गत विभिन्न सेवा तथा तहका लागि गरिएका विज्ञापनको विवरण देहाय अनुसार उल्लेख गरिएको छ।

(क) बढुवाको प्रकारगत विज्ञापन

प्रतिवेदन अवधिमा प्रदेशतर्फ ७१ र स्थानीयतर्फ ९५ पदसङ्ख्याको जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनमा ८४ र कार्यक्षमता मूल्याङ्कनमा ८२ गरी जम्मा १६६ पदसङ्ख्याको लागि बढुवाको विज्ञापन प्रकाशन गरिएको छ। बढुवाको विज्ञापनको प्रकारगत विवरण तालिका नं. १९ मा प्रस्तुत गरिएको छ।

तालिका नं. १९ : बढुवाको प्रकारगत विज्ञापन विवरण

बढुवाको प्रकार	तह	आ. व. २०८०/८१ सम्म			आ. व. २०८१/८२			आ.व. २०८१/८२ सम्म
		जेष्ठता र कासमु	कार्यक्षमता मूल्याङ्कन	जम्मा	जेष्ठता र कासमु	कार्यक्षमता मूल्याङ्कन	जम्मा	
प्रदेश	एघारौँ	-	-	-	-	६	६	६
	नवौं	२१	१५	३६	१४	७	२१	५७

बढुवाको प्रकार	तह	आ. व. २०८०/८१ सम्म			आ. व. २०८१/८२			आ.व. २०८१/८२ सम्म
		जेष्ठता र कासमु	कार्यक्षमता मूल्याङ्कन	जम्मा	जेष्ठता र कासमु	कार्यक्षमता मूल्याङ्कन	जम्मा	
प्रदेश	सातौँ	३६	३०	६६	१४	१३	२७	९३
	पाँचौं	९	१०	१९	९	८	१७	३६
	जम्मा	६६	५५	१२१	३७	२८	६५	१९२
स्थानीय	नवौं	१०	८	१८	५	५	१०	२८
	सातौँ	४२	३८	८०	१२	१३	२५	१०५
	पाँचौं	१३४	१४१	२७५	३०	३०	६०	३३५
	जम्मा	१८६	१८७	३७३	४७	४८	९५	४६८
कुल जम्मा		२५२	२४२	४९४	८४	८२	१६६	६६०

(ख) बढुवाको तहगत तथा सेवागत विज्ञापन

प्रतिवेदन अवधिमा प्रदेश निजामती सेवाको एघारौं तहमा ६, प्रदेश र स्थानीय तहमा नवौं तहमा ३१, सातौं तहमा ५२ र पाँचौं तहमा ७७ पद सङ्ख्याका लागि गरिएको विज्ञापनको प्रदेश र स्थानीय तहको अलग अलग सेवागत विवरण तालिका नं. २० मा प्रस्तुत गरिएको छ।

तालिका नं. २० : बढुवाको विज्ञापनको तहगत तथा सेवागत विवरण (आ.व. २०८१/०८२)

सेवा	सेवा	एघारौ	नवौं	सातौं	पाँचौं	जम्मा
प्रदेश	इन्जिनियरिङ	१	१	४	-	६
	कृषि	१	४	७	-	१२
	प्रशासन	-	२	८	११	२१
	वन	१	४	५	४	१४
	शिक्षा	१	-	२	-	३
	स्वास्थ्य	२	१०	१	२	१५
	जम्मा	६	२१	२७	१७	७१
स्थानीय	इन्जिनियरिङ	-	८	५	९	२२
	कृषि	-	-	११	१४	२५
	प्रशासन	-	-	९	२२	३१
	स्वास्थ्य	-	२	-	१५	१७
	जम्मा	-	१०	२५	६०	९५
कुल जम्मा		६	३१	५२	७७	१६६

५.४.२ आन्तरिक, अन्तरतह र खुला तथा समावेशी प्रतिस्पर्धात्मक परीक्षाको विज्ञापन

आयोगबाट प्रतिवेदन अवधिमा आन्तरिक, अन्तरतह र खुला तथा समावेशी प्रतिस्पर्धात्मक परीक्षाको विज्ञापनमा कुल ६०२ पद सङ्ख्याका लागि विज्ञापन प्रकाशन गरिएको छ।

(क) प्रतिस्पर्धात्मक परीक्षाको विज्ञापन

आयोगबाट प्रतिवेदन अवधिमा अन्तरतहमा १५, आन्तरिक प्रतियोगितामा ८, खुलामा ३२३ र समावेशी समूह (८ प्रकार) मा २५६ गरी जम्मा ६०२ पदसङ्ख्याका लागि विज्ञापन प्रकाशन गरिएको छ। समावेशी समूहतर्फ महिला ८६, आदिवासी जनजाति ६९, दलित ४१, विपन्न खस आर्य २८, अपाङ्ग १६, थारु ८, मुस्लिम ४ र मधेशीतर्फ ४ पदमा विज्ञापन गरिएको थियो। प्रतिस्पर्धात्मक परीक्षाको विज्ञापनको विवरण तालिका नं. २१ मा प्रस्तुत गरिएको छ

तालिका नं. २१ : प्रतिस्पर्धात्मक परीक्षाको विज्ञापन विवरण (आ.व. २०८१/०८२)

पदपूर्तिको प्रकार	नवौं	आठौं	सातौं	पाँचौं	चौथो	तेस्रो	जम्मा
अन्तरतह	३	-	१२	-	-	-	१५
आ.प्र.	१	-	-	-	७	-	८
खुला	४	५	४०	९२	१३५	४७	३२३
समावेशी	१	६	२८	७४	१०८	३९	२५६
महिला	१	२	११	२५	३४	१३	८६
आ.ज.	-	२	६	२३	२८	१०	६९
दलित	-	-	५	१२	१८	६	४१
विपन्न खस आर्य	-	-	२	७	१६	३	२८
अपाङ्ग	-	२	२	४	६	२	१६
थारु	-	-	१	-	६	१	८
मुस्लिम	-	-	१	१	-	२	४
मधेसी	-	-	-	२	-	२	४
कुल जम्मा	९	११	८०	१६६	२५०	८६	६०२



चित्र नं. ४ खुला तथा समावेशी विज्ञापन (आ.व. २०८१/०८२)

(ख) प्रतिस्पर्धात्मक परीक्षाको सेवागत तथा तहगत विज्ञापन

आयोगबाट सेवागत रूपमा प्रदेशतर्फ ३४ र स्थानीय तहतर्फ १४० गरी सबैभन्दा बढी स्वास्थ्य सेवामा १७४ पदसङ्ख्या विज्ञापन गरिएको छ। तहगत रूपमा नवौं तहमा ९, आठौं तहमा ११, सातौं तहमा ८०, पाँचौं तहमा १६६ र चौथो तहमा २५० र तेस्रो तहमा ८६ पदसङ्ख्याको विज्ञापन गरिएको छ। विज्ञापनको सेवागत तथा तहगत पद सङ्ख्याको विवरण तालिका नं. २२ मा प्रस्तुत गरिएको छ।

तालिका नं. २२ : प्रतिस्पर्धात्मक परीक्षाको सेवा तथा तहगत विज्ञापन विवरण (आ.व. २०८१/०८२)

सेवा/तह	नवौं	आठौं	सातौं	पाँचौं	चौथो	तेस्रो	जम्मा
प्रदेश	-	-	-	-	-	-	-
जम्मा	३	५	४६	५३	३०	८६	२२३
इन्जिनियरिङ	-	-	७	११	-	-	१८
कृषि	-	-	६	१४	१	-	२१
प्रशासन	१	-	१५	१५	६	-	३७
वन	-	-	६	८	६	८६	१०६
शिक्षा	-	-	६	१	-	-	७
स्वास्थ्य	२	५	६	४	१७	-	३४
स्थानीय	-	-	-	-	-	-	-
जम्मा	६	६	३४	११३	२२०	-	३७९
इन्जिनियरिङ	४	-	४	१४	४०	-	६२
कृषि	-	-	१७	१९	१३	-	४९
प्रशासन	१	-	१३	४८	६६	-	१२८
स्वास्थ्य	१	६	-	३२	१०१	-	१४०
कुल जम्मा	९	११	८०	१६६	२५०	८६	६०२



चित्र नं. ५ प्रतिस्पर्धात्मक परीक्षाको प्रदेश तथा स्थानीय तहगत विज्ञापन (आ.व. २०८१/०८२)

५.५ दरखास्त सङ्कलन

आयोगबाट विज्ञापन प्रकाशन भएपछि सूचनामा दिइएको म्यादभित्र खुला तथा समावेशी र आन्तरिक प्रतियोगिताका विज्ञापनमा अनलाइन प्रणाली मार्फत् दरखास्त सङ्कलन गर्ने गरिएको छ। सङ्कलन गरिएका दरखास्त आयोगबाट तोकिएका कर्मचारीहरूबाट गण्डकी प्रदेश लोक सेवा आयोग नियमावली, २०७८ को नियम १० बमोजिम रुजु एवम् स्वीकृत गरी अन्तिम नामावली प्रकाशन गरिन्छ। प्रतिवेदन अवधिमा बढुवातर्फ ५१७ र आन्तरिक, अन्तरतह र खुला तथा समावेशी प्रतिस्पर्धात्मक परीक्षाको विज्ञापनमा जम्मा १ लाख ३७ हजार ३३९ दरखास्त प्राप्त भएको छ।

५.५.१ बढुवा दरखास्त सङ्कलन

प्रतिवेदन अवधिमा बढुवाका विज्ञापनमा परेका दरखास्तहरू प्रदेश र स्थानीय तहगत र सेवागत रूपमा तलका तालिकाहरूमा उल्लेख गरिएको छ। प्राप्त दरखास्तहरू आवश्यक कारबाहीका लागि सम्बन्धित बढुवा समितिको सचिवालय रहने निकायमा पठाइएको छ।

(क) प्रदेश र स्थानीय तहमा सेवागत तथा तहगत बढुवा दरखास्त

प्रतिवेदन अवधिमा प्रदेशतर्फ १३४ र स्थानीय तहतर्फ ३८३ गरी प्राप्त जम्मा ५१७ दरखास्तहरूको विवरण तालिका नं. २३ मा प्रस्तुत गरिएको छ।

तालिका नं. २३ : प्रदेश र स्थानीय तहमा सेवागत तथा तहगत बढुवा दरखास्त विवरण (आ.व. २०८१/०८२)

किसिम/ सेवा	एघारौँ	नवौँ	सातौँ	पाँचौँ	जम्मा
प्रदेश	**६**	**३१**	**८०**	**१७**	**१३४**
इन्जिनियरिङ	२	२	८	-	१२
कृषि	१	५	१०	-	१६
प्रशासन	-	२	३९	२	४३
वन	०	२२	१४	१४	५०
शिक्षा	३	-	५	-	८
स्वास्थ्य	०	०	४	१	५
स्थानीय	**-**	**६**	**५७**	**३२०**	**३८३**
इन्जिनियरिङ	-	६	१२	७२	९०
कृषि	-	-	७	०	७
प्रशासन	-	-	३८	५४	९२
स्वास्थ्य	-	०	-	१९४	१९४
जम्मा	**६**	**३७**	**१३७**	**३३७**	**५१७**

(ख) बढुवाको प्रकारअनुसार दरखास्त विवरण

प्रतिवेदन अवधिमा जेष्ठता तथा का.स.मू.द्वारा हुने बढुवामा १८८ र कार्यक्षमता मूल्याङ्कनद्वारा हुने बढुवामा ३२९ दरखास्त प्राप्त भएको छ। स्वास्थ्य सेवाको पाँचौं तहमा सबैभन्दा बढी जेष्ठता तथा का.स.मू.द्वारा हुने बढुवामा

९७ पदसङ्ख्यामा र कार्यक्षमता मूल्याङ्कनद्वारा हुने बढुवामा ९८ पदसङ्ख्यामा दरखास्त प्राप्त भएको छ। प्राप्त भएका दरखास्तहरूको विवरण तालिका नं. २४ मा प्रस्तुत गरिएको छ।

तालिका नं. २४ : बढुवाको प्रकार अनुसार सेवा तथा तहगत दरखास्त विवरण (आ.व. २०८१/०८२)

प्रकार/ सेवा	एघारौँ	नवौँ	सातौँ	पाँचौँ	जम्मा
जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन	-	१३	५८	११७	१८८
इन्जिनियरिङ	-	०	७	९	१६
कृषि	-	३	७	०	१०
प्रशासन	-	२	३१	४	३७
वन	-	८	७	७	२२
शिक्षा	-	-	२	-	२
स्वास्थ्य	-	०	४	९७	१०१
कार्यक्षमता	६	२४	७९	२२०	३२९
इन्जिनियरिङ	२	८	१३	६३	८६
कृषि	१	२	१०	०	१३
प्रशासन	-	-	४६	५२	९८
वन	०	१४	७	७	२८
शिक्षा	३	-	३	-	६
स्वास्थ्य	०	०	-	९८	९८
जम्मा	६	३७	१३७	३३७	५१७

५.५.२ प्रतिस्पर्धात्मक परीक्षाको विज्ञापनमा दरखास्त

प्रतिवेदन अवधिमा विभिन्न तहका विज्ञापनहरूमा ७६ हजार ९८७ आवेदकहरूबाट आन्तरिक प्रतियोगितातर्फ २६, अन्तर तहतर्फ ३२१, खुलातर्फ ७६ हजार ४३६ र समावेशी समूहतर्फ ६० हजार ५५६ गरी १ लाख ३७ हजार ३३९ सङ्ख्यामा दरखास्त परेका छन्। महिलातर्फ ३०,७१९ र पुरुषतर्फ ४६,२६८ गरी कुल ७६,९८७ आवेदकहरूबाट समावेशी समूहहरूमा समेत गरी १,३७,३३९ दरखास्त प्राप्त भएका छन्। प्रतिस्पर्धात्मक परीक्षातर्फको विज्ञापनमा प्राप्त दरखास्तको विवरण तालिका नं. २५ मा प्रस्तुत गरिएको छ।

तालिका नं. २५ : प्रतिस्पर्धात्मक परीक्षाको विज्ञापनमा दरखास्त विवरण (आ.व.२०८१/०८२)

विज्ञापनको प्रकार	महिला	पुरुष	जम्मा	प्रतिशत
आन्तरिक	३	२३	२६	०.०२
अन्तर तह	६८	२५३	३२१	०.२३
खुल्ला	३०३७४	४६०६२	७६४३६	५५.६५
समावेशी	४२७१३	१७८४३	६०५५६	४४.०९
महिला	२७२९०	०	२७२९०	४५.०७

विज्ञापनको प्रकार	महिला	पुरुष	जम्मा	प्रतिशत
आदिवासी जनजाति	५९५९	५८१०	११७६९	१९.४३
दलित	१४७१	३६७२	५१४३	८.४९
विपन्न खस आर्य	६९३२	२५८३	९५१५	१५.७१
अपाङ्ग	२७६	१२९४	१५७०	२.५९
थारु	५१३	१०६६	१५७९	२.६१
मुस्लिम	१०	१८५	१९५	०.३२
मधेशी	२६२	३२३३	३४९५	५.७७
जम्मा	**७३१५८**	**६४१८१**	**१३७३३९**	**१००.००**



चित्र नं. ६ प्रतिस्पर्धात्मक परीक्षातर्फको दरखास्त (आ.व. २०८१/०८२)

५.५.३ तहगत रूपमा दरखास्त दिने आवेदकको विवरण

प्रतिवेदन अवधिमा दरखास्त दिने ७६,९८७ आवेदकहरू मध्ये सबैभन्दा बढी चौथो तहमा ३१ हजार ८२९ जना र सबैभन्दा कम नवौं तहमा १५९ जना रहेको देखिन्छ। दरखास्त दिने आवेदकको विवरण तहगत रूपमा तालिका नं. २६ मा प्रस्तुत गरिएको छ।

तालिका नं. २६ : तहगत रूपमा दरखास्त दिने आवेदकको विवरण

तह	आ.व. २०८०/०८१ सम्म			आ.व. २०८१/०८२			आ.व. २०८१/०८२ सम्म	
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा	कुल जम्मा	प्रतिशत
एघारौं	१७	४५	६२				६२	०.०२
नवौं	१७०	६७८	८४८	१७	१४२	१५९	१००७	०.२५

तह	आ.व. २०८०/०८१ सम्म			आ.व. २०८१/०८२			आ.व. २०८१/०८२ सम्म	
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा	कुल जम्मा	प्रतिशत
आठौं	३७२	१२००	१५७२	८३	२६०	३४३	१९१५	०.४८
सातौं	३८३९	८९५८	१२७९७	१६८४	३९१८	५६०२	१८३९९	४.५९
पाँचौं	४२७६२	६७७८६	११०५४८	११५७२	१५८०६	२७३७८	१३७९२६	३४.४०
चौथो	८९८४४	९४९३४	१८४७७८	१४६८५	१७१४४	३१८२९	२१६६०७	५४.०३
तेस्रो	२७३७	१०६०५	१३३४२	२६७८	८९९८	११६७६	२५०१८	६.२४
जम्मा	१३९७४१	१८४२०६	३२३९४७	३०७१९	४६२६८	७६९८७	४००९३४	१००.००



चित्र नं. ७ तहगत रूपमा आवेदक (आ.व. २०८१/०८२)

५.५.४ सेवागत रूपमा दरखास्त दिने आवेदकको विवरण

प्रतिवेदन अवधिमा विज्ञापन भएका ६०२ पदसङ्ख्याको लागि कुल ७६ हजार ९८७ दरखास्त मध्ये सबैभन्दा बढी आवेदक प्रशासन सेवामा २६ हजार ५१५ र सबैभन्दा कम शिक्षा सेवामा १ हजार ३१८ आवेदकले दरखास्त पेश गरेको देखिन्छ। आ.व. २०८१/०८२ सम्मको सेवागत रूपमा दरखास्त दिने आवेदकको विवरण तालिका नं. २७ मा प्रस्तुत गरिएको छ।

तालिका नं. २७ : सेवागत रूपमा आवेदक विवरण

सेवा	आ.व. २०८०/०८१ सम्म			आ.व. २०८१/०८२			आ.व. २०८१/०८२ सम्म	
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा	जम्मा	प्रतिशत
इञ्जिनियरिङ्ग	७९०६	५०७०४	५८६१०	२११६	९१४४	११२६०	६९८७०	१७.४३
कृषि	२३७१४	३१५३१	५५२४५	४२३६	४७४७	८९८३	६४२२८	१६.०२
प्रशासन	४०५६५	४६३९३	८६९५८	१२००९	१४५०६	२६५१५	११३४७३	२८.३०
वन	३२९८	११५९६	१४८९४	३२६७	१००००	१३२६७	२८१६१	७.०२
शिक्षा	८०७७	६०३५	१४११२	६८६	६३२	१३१८	१५४३०	३.८५
स्वास्थ्य	५६१८१	३७९४७	९४१२८	८४०५	७२३९	१५६४४	१०९७७२	२७.३८
जम्मा	१३९७४१	१८४२०६	३२३९४७	३०७१९	४६२६८	७६९८७	४००९३४	१००.००

५.५.५ आवेदकको भौगोलिक, सामाजिक र बैयक्तिक विवरण

प्रतिवेदन अवधिमा आयोगको अनलाइन प्रणालीमार्फत दरखास्त दिने आवेदकको विवरणलाई निजहरूले पेश गरेको विवरणको आधारमा वर्गीकरण गरी देहायअनुसार उल्लेख गरिएको छः

(क) आवेदकको भौगोलिक अवस्थितिको विवरण

प्रतिवेदन अवधिमा दरखास्त दिने आवेदकको भौगोलिक स्थितिलाई विश्लेषण गर्दा सबैभन्दा बढी ३७ हजार १३३ जना पहाड र सबैभन्दा कम ११ हजार ८१४ जना हिमाल क्षेत्रबाट आवेदक रहेका छन् भने तराई क्षेत्रबाट २८ हजार ४० आवेदक रहेका छन्। दरखास्त दिने आवेदकको भौगोलिक क्षेत्रअनुसारको विवरण तालिका नं. २८ मा प्रस्तुत गरिएको छ।

तालिका नं. २८ : आवेदकको भौगोलिक अवस्थितिको विवरण

भौगोलिक क्षेत्र	आ.व. २०८०/०८१ सम्म			आ.व. २०८१/०८२			आ.व. २०८१/०८२ सम्म	
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा	जम्मा	प्रतिशत
हिमाल	२७१७७	२१९२७	४९१०४	४४९८	७३१६	११८१४	६०९१८	१५.१९
पहाड	७७६२५	७९६७८	१५७३०३	१७२९६	१९८३७	३७१३३	१९४४३६	४८.५०
तराइ	७९४०४	३८१३६	११७५४०	८९२५	१९११५	२८०४०	१४५५८०	३६.३१
जम्मा	१८४२०६	१३९७४१	३२३९४७	३०७१९	४६२६८	७६९८७	४००९३४	१००.०

(ख) आवेदकको प्रदेशगत अवस्थितिको विवरण

हालसम्म प्रदेशगत रूपमा सबैभन्दा बढी मधेश प्रदेशबाट २२.५७ प्रतिशत र सबैभन्दा कम बागमती प्रदेशबाट ६.४१ प्रतिशत आवेदकको दरखास्त परेको छ। प्रतिवेदन अवधिमा सबैभन्दा बढी महिला आवेदक गण्डकी प्रदेशबाट ७,३९६ जना र पुरुष आवेदक मधेश प्रदेशबाट १३,४९३ जना रहेका छन्। दरखास्त दिने आवेदकको प्रदेशगत विवरण तालिका नं. २९ मा प्रस्तुत गरिएको छ।

तालिका नं. २९ : आवेदकको प्रदेशगत अवस्थितिको विवरण

प्रदेश	आ.व. २०८०/०८१ सम्म			आ.व. २०८१/०८२			आ.व. २०८१/०८२ सम्म	
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा	जम्मा	प्रतिशत
मधेश	१७५३६	५४८८८	७२४२४	४५९२	१३४९३	१८०८५	९०५०९	२२.५७
कर्णाली	२३४४८	३५०५७	५८५०५	६८३२	११७५४	१८५८६	७७०९१	१९.२३
गण्डकी	३८२९३	२३१८७	६१४८०	७३९६	५०६३	१२४५९	७३९३९	१८.४४
लुम्बिनी	२२६२३	२३४२१	४६०४४	४९३२	५७६५	१०६९७	५६७४१	१४.१५
सुदूरपश्चिम	१३७३४	२६४६३	४०१९७	३२३०	६८५३	१००८३	५०२८०	१२.५४
कोशी	११८५९	११३०९	२३१६८	१७५२	१७६३	३५१५	२६६८३	६.६६
बागमती	१२२४८	९८८१	२२१२९	१९८५	१५७७	३५६२	२५६९१	६.४१
जम्मा	१३९७४१	१८४२०६	३२३९४७	३०७१९	४६२६८	७६९८७	४००९३४	१००.००



चित्र नं. ८ आवेदकको प्रदेशगत अवस्थिति

(ग) आवेदकको जिल्लागत विवरण

आयोगमा पेश भएका हालसम्मको दरखास्तको स्थितिलाई हेर्दा ७७ वटै जिल्लाबाट दरखास्त प्राप्त भएको देखिन्छ। उक्त अवधिमा गण्डकी प्रदेशको स्याङ्जा जिल्लाबाट सबैभन्दा बढी १४,६६३ (३.६६ प्रतिशत) आवेदक र मनाङ जिल्लाबाट सबैभन्दा कम ८३ जना (०.०२ प्रतिशत) आवेदकले दरखास्त दिएका छन्। तर प्रतिवेदन अवधिमा कर्णाली प्रदेशको जुम्ला जिल्लाबाट सबैभन्दा बढी ३,६१२ जना, रुकुम (पश्चिम) बाट ३,२२२ जना आवेदक र मनाङ जिल्लाबाट सबैभन्दा कम ३ जना आवेदकले दरखास्त दिएका छन्। दरखास्त दिने आवेदकको जिल्लागत विवरण तालिका नं. ३० मा प्रस्तुत गरिएको छ।

तालिका नं. ३० : आवेदकको जिल्लागत विवरण

क्र. सं.	जिल्ला	आ.व. २०८०/०८१ सम्म			आ.व. २०८१/०८२			आ.व. २०८१/०८२ सम्म	
		महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा	जम्मा	प्रतिशत
१.	स्याङ्जा	७५००	४४००	११९००	१६५१	१११२	२७६३	१४६६३	३.६६
२.	सप्तरी	३२२५	८४६०	११६८५	६४७	१७४७	२३९४	१४०७९	३.५१
३.	रुकुम (पश्चिम भाग)	५०६९	५७१२	१०७८१	१४४८	१७७४	३२२२	१४००३	३.४९
४.	सर्लाही	२६५०	७७२८	१०३७८	८०५	२२१०	३०१५	१३३९३	३.३४
५.	रौतहट	२२२७	८१०१	१०३२८	६८०	२२९०	२९७०	१३२९८	३.३२
६.	जुम्ला	३१६१	५६१८	८७७९	१२४६	२३६६	३६१२	१२३९१	३.०९
७.	सिरहा	२४६३	७२५६	९७१९	५९१	१५७१	२१६२	११८८१	२.९६
८.	धनुषा	२१०५	७५८६	९६९१	५४५	१५३३	२०७८	११७६९	२.९४
९.	कास्की	५५५१	३७७१	९३२२	९८०	८१६	१७९६	११११८	२.७७
१०.	महोत्तरी	१९४०	६८०६	८७४६	५०२	१४७०	१९७२	१०७१८	२.६७
११.	पर्वत	४७५७	३३७१	८१२८	१०४४	८३५	१८७९	१०००७	२.५०
१२.	बागलुङ	५५८०	२६८४	८२६४	१०८८	५६६	१६५४	९९१८	२.४७
१३.	बारा	१९०९	५३८६	७२९५	५५७	१७३५	२२९२	९५८७	२.३९
१४.	दैलेख	२९०३	४४३८	७३४१	७८४	१४२३	२२०७	९५४८	२.३८
१५.	सल्यान	३१५६	३९९०	७१४६	८४१	१०५८	१८९९	९०४५	२.२६
१६.	बझाङ	१८८६	४४८७	६३७३	५०५	१२८९	१७९४	८१६७	२.०४
१७.	तनहुँ	४१०२	२४७१	६५७३	७०७	४९५	१२०२	७७७५	१.९४
१८.	कालिकोट	२००१	३९७१	५९७२	५४६	१२५४	१८००	७७७२	१.९४
१९.	जाजरकोट	२०६६	३७२०	५७८६	५९६	१३३७	१९३३	७७१९	१.९३
२०.	गोरखा	३७०८	२६०८	६३१६	६७४	५०१	११७५	७४९१	१.८७
२१.	कैलाली	२३७३	३२२७	५६००	५९५	९२६	१५२१	७१२१	१.७८
२२.	गुल्मी	२९८९	२५५९	५५४८	६५९	६२६	१२८५	६८३३	१.७०
२३.	बर्दिया	२६२०	२७६९	५३८९	६२०	८१०	१४३०	६८१९	१.७०
२४.	सुर्खेत	२५३३	२६४२	५१७५	६४७	८१७	१४६४	६६३९	१.६६
२५.	अछाम	१३०७	३७५४	५०६१	३४५	१०११	१३५६	६४१७	१.६०
२६.	दाङ	२७१०	२१६८	४८७८	६३०	५५१	११८१	६०५९	१.५१
२७.	दार्चुला	१७३०	३१७२	४९०२	३३९	७५८	१०९७	५९९९	१.५०
२८.	रोल्पा	२६३३	२२०५	४८३८	५७४	५३९	१११३	५९५१	१.४८
२९.	बैतडी	१३६७	३३३०	४६९७	२९७	८२६	११२३	५८२०	१.४५
३०.	पर्सा	९५३	३४८०	४४३३	२६५	९३७	१२०२	५६३५	१.४१
३१.	कञ्चनपुर	२१७१	२३०४	४४७५	४९१	५६४	१०५५	५५३०	१.३८

क्र. सं.	जिल्ला	आ.व. २०८०/०८१ सम्म			आ.व. २०८१/०८२			आ.व. २०८१/०८२ सम्म	
		महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा	जम्मा	प्रतिशत
३२.	पाल्पा	२४८४	१७६७	४२५१	५०४	३९३	८९७	५१४८	१.२८
३३.	रूपन्देही	१५९५	२६१९	४२१४	३२३	५८२	९०५	५११९	१.२८
३४.	बाजुरा	१३४५	२६१०	३९५५	२८९	६७३	९६२	४९१७	१.२३
३५.	कपिलवस्तु	१२०८	२६५५	३८६३	२६७	६२५	८९२	४७५५	१.१९
३६.	प्यूठान	१८४३	१८७६	३७१९	४१३	४५२	८६५	४५८४	१.१४
३७.	लमजुङ	२३८४	१४७१	३८५५	४४१	२५२	६९३	४५४८	१.१३
३८.	अर्घाखाँची	१७३९	१८५१	३५९०	३४३	४५०	७९३	४३८३	१.०९
३९.	हुम्ला	११२१	२१८७	३३०८	२६८	७२०	९८८	४२९६	१.०७
४०.	नवलपरासी (बसुपू)	२१२२	१३९२	३५१४	४५७	३२५	७८२	४२९६	१.०७
४१.	सिन्धुली	१७३३	१६१३	३३४६	३०६	२७४	५८०	३९२६	०.९८
४२.	मुगु	८१५	१९७२	२७८७	२५७	७३९	९९६	३७८३	०.९४
४३.	बाँके	१४२०	१४४३	२८६३	३०१	३८७	६८८	३५५१	०.८९
४४.	डोटी	७५८	२०१७	२७७५	१९१	४९४	६८५	३४६०	०.८६
४५.	चितवन	१६२०	१२६१	२८८१	३१२	२७०	५८२	३४६३	०.८६
४६.	ओखलढुङ्गा	१६४२	११८०	२८२२	२६४	१८४	४४८	३२७०	०.८२
४७.	खोटाङ	१३९५	१३००	२६९५	२४०	३०४	५४४	३२३९	०.८१
४८.	सुनसरी	१०८४	१७१६	२८००	१७५	२३५	४१०	३२१०	०.८०
४९.	म्याग्दी	१८९४	८२३	२७१७	३३२	१४९	४८१	३१९८	०.८०
५०.	मोरङ	१२६३	१४२९	२६९२	१४५	१८४	३२९	३०२१	०.७५
५१.	डडेलधुरा	७९२	१५४३	२३३५	१७८	३१२	४९०	२८२५	०.७०
५२.	उदयपुर	१२६९	१०४८	२३१७	२०७	२२३	४३०	२७४७	०.६९
५३.	धादिङ	१३६४	९५७	२३२१	२४७	१५७	४०४	२७२५	०.६८
५४.	दोलखा	१३९२	९८४	२३७६	१७७	१२२	२९९	२६७५	०.६७
५५.	रामेछाप	१३३७	९३५	२२७२	२०१	१५४	३५५	२६२७	०.६६
५६.	नवलपरासी (बसुप)	१०२६	१०७९	२१०५	१७१	२४०	४११	२५१६	०.६३
५७.	मकवानपुर	११००	८१३	१९१३	२१६	१५५	३७१	२२८४	०.५७
५८.	डोल्पा	६७९	९०९	१५८८	१९९	२६६	४६५	२०५३	०.५१
५९.	काभ्रेपलाञ्चोक	९३६	६७१	१६०७	१४७	८७	२३४	१८४१	०.४६
६०.	संखुवासभा	७५०	८२५	१५७५	९५	१०९	२०४	१७७९	०.४४
६१.	सोलुखुम्बु	९११	५५२	१४६३	१५५	८८	२४३	१७०६	०.४३
६२.	सिन्धुपाल्चोक	७२८	८११	१५३९	८३	८८	१७१	१७१०	०.४३
६३.	झापा	७२६	७७४	१५००	८६	१०९	१९५	१६९५	०.४२

क्र. सं.	जिल्ला	आ.व. २०८०/०८१ सम्म			आ.व. २०८१/०८२			आ.व. २०८१/०८२ सम्म	
		महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा	जम्मा	प्रतिशत
६४.	नुवाकोट	६५७	६१२	१२६९	१०८	१०१	२०९	१४७८	०.३७
६५.	भोजपुर	६५८	५३४	११९२	९६	८८	१८४	१३७६	०.३४
६६.	काठमाडौं	६६६	४९३	११५९	७६	६५	१४१	१३००	०.३२
६७.	धनकुटा	६६०	५१८	११७८	७१	५४	१२५	१३०३	०.३२
६८.	इलाम	५७८	५३३	११११	६७	६५	१३२	१२४३	०.३१
६९.	रुकुम (पूर्वी भाग)	५९६	३६७	९६३	१२७	१०९	२३६	११९९	०.३०
७०.	पाँचथर	४३८	३७९	८१७	६९	४३	११२	९२९	०.२३
७१.	ललितपुर	३७२	३२१	६९३	५३	३३	८६	७७९	०.१९
७२.	ताप्लेजुङ	३२७	३४५	६७२	४७	५०	९७	७६९	०.१९
७३.	भक्तपुर	२३७	२९९	५३६	३०	३५	६५	६०१	०.१५
७४.	तेह्रथुम	२७८	२०९	४८७	३५	२८	६३	५५०	०.१४
७५.	रसुवा	२०६	२०४	४१०	२९	३६	६५	४७५	०.१२
७६.	मुस्ताङ	१९६	१०७	३०३	१९	१२	३१	३३४	०.०८
७७.	मनाङ	५२	२८	८०	३	०	३	८३	०.०२
जम्मा		१३९७४१	१८४२०६	३२३९४७	३०७१९	४६२६८	७६९८७	४००९३४	१००



चित्र नं. ९ जिल्लागत आवेदक (आ.व. २०८१/०८२)

(घ) गण्डकी प्रदेशका आवेदकको जिल्लागत विवरण

गण्डकी प्रदेशबाट प्रतिवेदन अवधिमा सबैभन्दा बढी स्याङ्गजा र सबैभन्दा कम मनाङ जिल्लाबाट दरखास्त दिने आवेदक रहेका छन् । गण्डकी प्रदेशका कुल आवेदकमध्ये स्याङ्जा जिल्लाबाट २२.१८ प्रतिशत र पर्वत जिल्लाबाट १५.०८ प्रतिशत रहेका छन् भने लैङ्गिक रूपमा विश्लेषण गर्दा महिला ५९.३६ प्रतिशत र पुरुष ४०.६४ प्रतिशत रहेका छन् । गण्डकी प्रदेशका आवेदकको जिल्लागत विवरण तालिका नं. ३१ मा प्रस्तुत गरिएको छ ।

तालिका नं. ३१ : गण्डकी प्रदेशका आवेदकको जिल्लागत विवरण (आ.व. २०८१/०८२)

क्र.सं.	जिल्ला	महिला	पुरुष	जम्मा	प्रतिशत
१.	स्याङ्जा	१६५१	१११२	२७६३	२२.१८
२.	पर्वत	१०४४	८३५	१८७९	१५.०८
३.	कास्की	९८०	८१६	१७९६	१४.४२
४.	बागलुङ	१०८८	५६६	१६५४	१३.२८
५.	तनहुँ	७०७	४९५	१२०२	९.६५
६.	गोरखा	६७४	५०१	११७५	९.४३
७.	नवलपरासी (बसपु)	४५७	३२५	७८२	६.२८
८.	लमजुङ	४४१	२५२	६९३	५.५६
९.	म्याग्दी	३३२	१४९	४८१	३.८६
१०.	मुस्ताङ	१९	१२	३१	०.२५
११.	मनाङ	३	०	३	०.०२
जम्मा		७३९६	५०६३	१२४५९	१००.००
लैङ्गिक प्रतिशत		५९.३६	४०.६४	१००.००	

(ङ) गण्डकी प्रदेशका स्थानीय तहका आवेदक विवरण

७.२.७ सिफारिस भएका उम्मेदवारको भौगोलिक, सामाजिक र वैयक्तिक विवरण

प्रतिवेदन अवधिमा सिफारिस भएका उम्मेदवारले दरखास्त फाराममा उल्लेख गरेको आधारमा भौगोलिक, सामाजिक र वैयक्तिक विवरण देहाय अनुसार प्रस्तुत गरिएको छ।

क) प्रदेशगत बसोबासका आधारमा सिफारिस भएका उम्मेदवारको विवरण

प्रतिवेदन अवधिमा सिफारिस भएका उम्मेदवारहरूलाई प्रदेशगत रूपमा तालिकीकरण गर्दा सबैभन्दा बढी गण्डकी प्रदेशबाट २९८ जना र सबैभन्दा कम कोशी प्रदेशबाट ८२ जना सिफारिस भएको देखिन्छ। हालसम्म सबैभन्दा बढी गण्डकी प्रदेशबाट ६५३ जना र सबैभन्दा कम कोशी प्रदेशबाट १८१ जना सिफारिस भएको देखिन्छ। उम्मेदवारहरूको प्रदेशगत बसोबासका आधारमा सिफारिस विवरण तालिका नं. ६८ मा प्रस्तुत गरिएको छ।

तालिका नं. ६८ : प्रदेशगत बसोबासका आधारमा सिफारिस भएका उम्मेदवारको विवरण

प्रदेश	आ.व. ०८०/०८१	आ.व. ०८१/०८२			आ.व. ०८१/०८२	प्रतिशतमा
	सम्म	महिला	पुरुष	जम्मा	सम्म	
गण्डकी	३५५	१५३	१४५	२९८	६५३	२०.८४
मधेश	३९१	६२	१७४	२३६	६२७	२०.०१
कर्णाली	३१२	८२	१७६	२५८	५७०	१८.१९
लुम्बिनी	२४६	८२	१३८	२२०	४६६	१४.८७
सुदुरपश्चिम	२०९	४४	१६०	२०४	४१३	१३.१८
बागमती	१३८	४५	४१	८६	२२४	७.१५
कोशी	९९	४४	३८	८२	१८१	५.७८
कुल जम्मा	१७५०	५१२	८७२	१३८४	३१३४	१००.००

ख) सिफारिस भएका सबै उम्मेदवारको जिल्लागत बसोबासको विवरण

प्रतिवेदन अवधिमा सिफारिस भएका सबै उम्मेदवारहरूको जिल्लागत बसोबास विश्लेषण गर्दा सबैभन्दा बढी क्रमशः स्याङ्जा ६८, कास्की र रुकुम पश्चिम ४७ र पर्वत जिल्लाबाट ४५ जना उम्मेदवार सिफारिस भएका छन् । हालसम्म सबैभन्दा बढी क्रमशः रुकुम पश्चिम १४७, स्याङ्जा १३६, कास्की १३४ र सर्लाही जिल्लाबाट १०६ जना उम्मेदवार सिफारिस भएका छन् भने मनाङ जिल्लाबाट हालसम्म कुनै पनि उम्मेदवार सिफारिस हुन सकेको देखिँदैन । सिफारिस भएका उम्मेदवारहरूको जिल्लागत बसोबासको विवरण तालिका नं. ६९ मा प्रस्तुत गरिएको छ ।

तालिका नं. ६९ : सिफारिस भएका सबै उम्मेदवारको जिल्लागत बसोबासको विवरण

क्र. सं.	प्रदेश/जिल्ला	आ.व. ०८०/०८१ सम्म	आ.व. ०८१/०८२			आ.व. ०८१/०८२ सम्म	प्रतिशत
			महिला	पुरुष	जम्मा		
१	रुकुम पश्चिम	१००	१७	३०	४७	१४७	४.६९
२	स्याङ्जा	६८	३१	३७	६८	१३६	४.३४
३	कास्की	८७	२७	२०	४७	१३४	४.२८
४	सर्लाही	६४	१६	२६	४२	१०६	३.३८
५	महोत्तरी	७८	५	१६	२१	९९	३.१६
६	बागलुङ	४८	१८	२१	३९	८७	२.७८
७	धनुषा	५३	५	२७	३२	८५	२.७१
८	रौतहट	४७	११	२६	३७	८४	२.६८
९	पर्वत	३८	२४	२१	४५	८३	२.६५
१०	गुल्मी	४१	१६	२५	४१	८२	२.६२
११	बारा	५०	७	२२	२९	७९	२.५२
१२	सप्तरी	४७	११	२१	३२	७९	२.५२

क्र. सं.	प्रदेश/जिल्ला	आ.व. ०८०/०८१ सम्म	आ.व. ०८१/०८२			आ.व. ०८१/०८२ सम्म	प्रतिशत
			महिला	पुरुष	जम्मा		
१३	सल्यान	४०	१२	१९	३१	७१	२.२७
१४	जुम्ला	३७	११	२१	३२	६९	२.२
१५	दैलेख	२३	१०	३४	४४	६७	२.१४
१६	सिराहा	४०	४	२१	२५	६५	२.०७
१७	तनहुँ	३९	१३	१३	२६	६५	२.०७
१८	बझाङ	२६	३	३४	३७	६३	२.०१
१९	गोरखा	३२	१४	१५	२९	६१	१.९५
२०	सुर्खेत	२७	१६	१८	३४	६१	१.९५
२१	बैतडी	३०	७	२२	२९	५९	१.८८
२२	दाङ	३५	८	१४	२२	५७	१.८२
२३	दार्चुला	३१	८	१८	२६	५७	१.८२
२४	बर्दिया	२७	१०	१६	२६	५३	१.६९
२५	कैलाली	२९	४	१८	२२	५१	१.६३
२६	कालिकोट	२५	४	१८	२२	४७	१.५
२७	रोल्पा	२४	१४	८	२२	४६	१.४७
२८	जाजरकोट	२०	७	१८	२५	४५	१.४४
२९	कञ्चनपुर	२८	५	१२	१७	४५	१.४४
३०	अछाम	२०	२	२०	२२	४२	१.३४
३१	अर्घाखाँची	२१	६	१३	१९	४०	१.२८
३२	रूपन्देही	२६	५	९	१४	४०	१.२८
३३	बाजुरा	१८	७	१३	२०	३८	१.२१
३४	पाल्पा	१४	७	१५	२२	३६	१.१५
३५	प्यूठान	१५	४	१७	२१	३६	१.१५
३६	डोटी	१५	३	१७	२०	३५	१.१२
३७	लमजुङ	१६	७	९	१६	३२	१.०२
३८	चितवन	२२	४	५	९	३१	०.९९
३९	पर्सा	१२	३	१५	१८	३०	०.९६
४०	काठमाण्डौ	२४	४	२	६	३०	०.९६
४१	सिन्धुली	१४	७	९	१६	३०	०.९६
४२	नवलपरासी(बर्दघाट सुस्ता पूर्व)	१२	१२	५	१७	२९	०.९३
४३	हुम्ला	१६	४	९	१३	२९	०.९३

क्र. सं.	प्रदेश/जिल्ला	आ.व. ०८०/०८१ सम्म	आ.व. ०८१/०८२			आ.व. ०८१/०८२ सम्म	प्रतिशत
			महिला	पुरुष	जम्मा		
४४	बाँके	१५	७	५	१२	२७	०.८६
४५	उदयपुर	१०	७	९	१६	२६	०.८३
४६	रामेछाप	१२	८	५	१३	२५	०.८
४७	म्याग्दी	१४	७	४	११	२५	०.८
४८	मुगु	१९	०	६	६	२५	०.८
४९	खोटाङ	१४	५	५	१०	२४	०.७७
५०	मोरङ	१५	३	६	९	२४	०.७७
५१	ओखलढुंगा	१०	९	४	१३	२३	०.७३
५२	धादिङ	११	४	८	१२	२३	०.७३
५३	कपिलवस्तु	१३	२	८	१०	२३	०.७३
५४	डडेल्धुरा	१२	५	६	११	२३	०.७३
५५	सिन्धुपाल्चोक	१२	४	३	७	१९	०.६१
५६	नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)	११	३	५	८	१९	०.६१
५७	सुनसरी	९	६	३	९	१८	०.५७
५८	दोलखा	१०	४	१	५	१५	०.४८
५९	मकवानपुर	९	२	४	६	१५	०.४८
६०	संखुवासभा	६	४	४	८	१४	०.४५
६१	धनकुटा	८	३	१	४	१२	०.३८
६२	काभ्रेपलाञ्चोक	६	३	२	५	११	०.३५
६३	नुवाकोट	५	२	३	५	१०	०.३२
६४	सोलुखुम्बु	६	३	०	३	९	०.२९
६५	झापा	५	१	२	३	८	०.२६
६६	डोल्पा	५	१	२	३	८	०.२६
६७	भोजपुर	४	०	३	३	७	०.२२
६८	भक्तपुर	७	०	०	०	७	०.२२
६९	रुकुमपूर्व	४	०	३	३	७	०.२२
७०	रसुवा	४	२	०	२	६	०.१९
७१	इलाम	४	१	०	१	५	०.१६
७२	तेह्रथुम	२	१	१	२	४	०.१३
७३	पाँचथर	३	१	०	१	४	०.१३
७४	ताप्लेजुङ	३	०	०	०	३	०.१

क्र. सं.	प्रदेश/जिल्ला	आ.व. ०८०/०८१ सम्म	आ.व. ०८१/०८२			आ.व. ०८१/०८२ सम्म	प्रतिशत
			महिला	पुरुष	जम्मा		
७५	ललितपुर	२	१	०	१	३	०.१
७६	मुस्ताङ	१	०	०	०	१	०.०३
	कुल जम्मा	१७५०	५१२	८७२	१३८४	३१३४	१००.००



चित्र नं. १२ सिफारिस भएका उम्मेदवारको जिल्लागत बसोबास (आ.ब. २०८१/०८२)

ग) गण्डकी प्रदेशबाट सिफारिस भएका उम्मेदवारको जिल्लागत बसोबासको विवरण

प्रतिवेदन अवधिमा गण्डकी प्रदेशबाट सिफारिस भएका उम्मेदवारहरूको जिल्लागत बसोबास विश्लेषण गर्दा सबैभन्दा बढी क्रमशः स्याङ्जाबाट ३१ महिला र ३७ पुरुष गरी जम्मा ६८, कास्कीबाट २७ महिला र २० पुरुष गरी जम्मा ४७ जना उम्मेदवार सिफारिस भएका छन् भने र मनाङ जिल्लाबाट कुनै उम्मेदवार सिफारिस भएको देखिँदैन। गण्डकी प्रदेशबाट सिफारिस भएका उम्मेदवारहरूको जिल्लागत बसोबासको विवरण तालिका नं. ७० मा प्रस्तुत गरिएको छ।

तालिका नं. ७० : गण्डकी प्रदेशबाट सिफारिस भएका उम्मेदवारको जिल्लागत बसोबासको विवरण (आ.व. २०८१/०८२)

जिल्ला	सिफारिस तह	महिला	पुरुष	जम्मा
स्याङ्जा	जम्मा	३१	३७	६८
	आठौं		१	१
	सातौं	३	७	१०
	पाँचौं	१८	२५	४३
	चौथो	१०	४	१४

जिल्ला	सिफारिस तह	महिला	पुरुष	जम्मा
कास्की	जम्मा	२७	२०	४७
	सातौं	४	१	५
	नवौं		२	२
	पाँचौं	२०	११	३१
	चौथो	३	६	९
पर्वत	जम्मा	२४	२१	४५
	सातौं		१	१
	पाँचौं	१६	११	२७
	चौथो	८	९	१७
बागलुङ	जम्मा	१८	२१	३९
	सातौं	२	४	६
	पाँचौं	७	१२	१९
	चौथो	९	५	१४
गोरखा	जम्मा	१४	१५	२९
	आठौं	२		२
	सातौं		१	१
	पाँचौं	६	८	१४
	चौथो	६	६	१२
तनहुँ	जम्मा	१३	१३	२६
	सातौं		१	१
	नवौं		१	१
	पाँचौं	६	९	१५
	चौथो	७	२	९
नवलपरासी (बर्दघाट सुस्ता पूर्व)	जम्मा	१२	५	१७
	पाँचौं	४	३	७
	चौथो	८	२	१०
लमजुङ	जम्मा	७	९	१६
	सातौं		१	१
	पाँचौं	३	५	८
	चौथो	४	३	७

जिल्ला	सिफारिस तह	महिला	पुरुष	जम्मा
म्याग्दी	जम्मा	७	४	११
	सातौं	१		१
	पाँचौं	५	३	८
	चौथो	१	१	२
कुल जम्मा		१५३	१४५	२९८

घ) सिफारिस भएका उम्मेदवारको जातीय विवरण

प्रतिवेदन अवधिमा सबैभन्दा बढी सिफारिस भएका जातिहरू क्रमशः ब्राह्मण ३४.९७ प्रतिशत, क्षेत्री २३.३४ प्रतिशत, मगर ७.६६ प्रतिशत, विश्वकर्मा ४.६२ र थारू ३.८३ प्रतिशत रहेका छन् । सिफारिस उम्मेदवारको जातिगत विवरण तालिका नं. ७१ मा प्रस्तुत गरिएको छ ।

तालिका नं. ७१ : सिफारिस भएका उम्मेदवारको जातीय विवरण (आ.व. २०८१/०८२)

क्र.सं.	जातजाति	महिला	पुरुष	जम्मा	प्रतिशत
१.	ब्राह्मण	१९०	२९४	४८४	३४.९७
२.	क्षेत्री	११४	२०९	३२३	२३.३४
३.	मगर	४७	५९	१०६	७.६६
४.	विश्वकर्मा	२१	४३	६४	४.६२
५.	थारू	२३	३०	५३	३.८३
६.	यादव	१५	३६	५१	३.६८
७.	ठकुरी	१४	१२	२६	१.८८
८.	तामाङ	१२	१३	२५	१.८१
९.	मुसलमान	४	१७	२१	१.५२
१०.	परियार	९	१२	२१	१.५२
११.	चमार/हरिजन/राम	४	१७	२१	१.५२
१२.	गुरुङ	६	१०	१६	१.१६
१३.	तेली	४	११	१५	१.०८
१४.	कोइरी/कुशवाहा	३	१०	१३	०.९४
१५.	राई	७	४	११	०.७९
१६.	कलवार	३	५	८	०.५८
१७.	कुम्हार	२	७	९	०.६५
१८.	सन्यासी/दशनामी		५	५	०.३६
१९.	रौनियार	१	४	५	०.३६
२०.	धानुक		५	५	०.३६

क्र.सं.	जातजाति	महिला	पुरुष	जम्मा	प्रतिशत
२१.	घर्ती/भुजेल	४	१	५	०.३६
२२.	कुर्मी	२	३	५	०.३६
२३.	कानु	१	४	५	०.३६
२४.	तत्मा		५	५	०.३६
२५.	खत्वे	१	३	४	०.२९
२६.	कुमाल	३	१	४	०.२९
२७.	हजाम/ठाकुर	१	२	३	०.२२
२८.	सुडि	१	२	३	०.२२
२९.	लिम्बु	३		३	०.२२
३०.	धोवी		३	३	०.२२
३१.	तराई ब्राह्मण		३	३	०.२२
३२.	कथवनिया	१	२	३	०.२२
३३.	सुनुवार	१	१	२	०.१४
३४.	विन	१	१	२	०.१४
३५.	वरई		२	२	०.१४
३६.	लोहार	१	१	२	०.१४
३७.	मलाह/सहनी		२	२	०.१४
३८.	नेवा : (नेवार)	१	१	२	०.१४
३९.	दुशाद/पासवान/पासी		२	२	०.१४
४०.	दनुवार	१	१	२	०.१४
४१.	केवट		२	२	०.१४
४२.	राजी	१		१	०.०७
४३.	राजवंशी	१		१	०.०७
४४.	मुसहर		१	१	०.०७
४५.	मुखिया		१	१	०.०७
४६.	माली		१	१	०.०७
४७.	मारवाडी		१	१	०.०७
४८.	माझी	१		१	०.०७
४९.	भेडियार		१	१	०.०७
५०.	भूमिहार		१	१	०.०७
५१.	बेल्दार		१	१	०.०७

क्र.सं.	जातजाति	महिला	पुरुष	जम्मा	प्रतिशत
५२.	बरई		१	१	०.०७
५३.	बनिया		१	१	०.०७
५४.	जिरेल	१		१	०.०७
५५.	गन्गाई		१	१	०.०७
५६.	कायस्थ		१	१	०.०७
५७.	कापड	१		१	०.०७
५८.	अमात	१		१	०.०७
५९.	नखुलेको	५	१६	२१	१.५२
	जम्मा	५१२	८७२	१३८४	१००

ङ) मातृभाषाको आधारमा सिफारिस भएका उम्मेदवारको विवरण

प्रतिवेदन अवधिमा सिफारिस भएकामध्ये उम्मेदवारहरूको मातृभाषा विवरण अध्ययन गर्दा नेपाली भाषी ७७.८२, मैथिली भाषी ९.७७, भोजपुरी भाषी ४.५५ र थारु भाषा उल्लेख गर्ने १.४५ प्रतिशत रहेको देखिन्छ। यस सम्बन्धी विवरण तालिका नं. ७२ मा प्रस्तुत गरिएको छ।

तालिका नं. ७२: मातृभाषाको आधारमा सिफारिस भएका उम्मेदवारको विवरण (आ.व. २०८१/०८२)

क्र.सं.	मातृभाषा	महिला	पुरुष	कुल जम्मा	प्रतिशत
१.	नेपाली	४२४	६५३	१०७७	७७.८२
२.	मैथिली	३३	९८	१३१	९.४७
३.	भोजपुरी	१५	४८	६३	४.५५
४.	थारु	९	११	२०	१.४५
५.	बज्जिका	३	१६	१९	१.३७
६.	तामाङ	८	८	१६	१.१६
७.	डोटेली	३	१०	१३	०.९४
८.	अवधी	३	६	९	०.६५
९.	मगर	३	६	९	०.६५
१०.	नेपालभाषा	२	४	६	०.४३
११.	गुरुङ	१	५	६	०.४३
१२.	राई	१		१	०.०७
१३.	लिम्बू	१		१	०.०७
१४.	नखुलेको	६	७	१३	०.९४
	कुल जम्मा	५१२	८७२	१३८४	१००.००

च) धार्मिक आस्थाका आधारमा सिफारिस भएका उम्मेदवारको विवरण

प्रतिवेदन अवधिमा सिफारिस भएकाहरूमध्ये उम्मेदवारहरूको धार्मिक आस्थाको आधारमा हिन्दु ९३.५७, बौद्ध ३.४०, मुस्लिम १.५२, इसाई ०.८७ र किरात ०.६५ प्रतिशत उल्लेख गरेको देखिन्छ। यससम्बन्धी विवरण तालिका नं. ७३ मा प्रस्तुत गरिएको छ।

तालिका नं. ७३ : धार्मिक आस्थाको आधारमा सिफारिस भएका उम्मेदवारको विवरण (आ.व. २०८१/०८२)

क्र.सं.	धर्म	महिला	पुरुष	कुल जम्मा	प्रतिशत
१.	हिन्दु	४७७	८१८	१२९५	९३.५७
२.	बौद्ध	२१	२६	४७	३.४०
३.	मुस्लिम	४	१७	२१	१.५२
४.	ईसाई	४	८	१२	०.८७
५.	किराँत	६	३	९	०.६५
कुल जम्मा		५१२	८७२	१३८४	१००

छ) सिफारिस भएका उम्मेदवारको आमाको शैक्षिक अवस्था

प्रतिवेदन अवधिमा सिफारिस भएका उम्मेदवारहरूमध्ये आमाको औपचारिक शिक्षा नभएको उल्लेख गर्ने उम्मेदवारहरूको सङ्ख्या बढी रहेको देखिन्छ। यससम्बन्धी विवरण तालिका नं. ७४ मा प्रस्तुत गरिएको छ।

तालिका नं. ७४ : सिफारिस भएका उम्मेदवारको आमाको शैक्षिक अवस्थाको विवरण (आ.व. २०८१/०८२)

लिङ्ग	आमाको शैक्षिक स्थिति	नवौं	आठौं	सातौं	चौथो	तेस्रो	कुल जम्मा
महिला	उच्च शिक्षा			५	१०	४	१९
	उच्च माध्यमिक शिक्षा		१		१७	८	२६
	माध्यमिक शिक्षा		२	४	५१	३७	९४
	आधारभूत शिक्षा			९	९५	९६	२००
	औपचारिक शिक्षा नभएको		१	८	६०	१०४	१७३
	जम्मा		४	२६	२३३	२४९	५१२
पुरुष	उच्च शिक्षा		१	२	४	१	८
	उच्च माध्यमिक शिक्षा			६	१३	९	२८
	माध्यमिक शिक्षा	३	२	७	५१	३०	९३
	आधारभूत शिक्षा	२	२	२०	१२९	१०१	२५४
	औपचारिक शिक्षा नभएको	१	२	१८	२४९	२१९	४८९
जम्मा		६	७	५३	४४६	३६०	८७२
कुल जम्मा		६	११	७९	६७९	६०९	१३८४

ज) सिफारिस भएका उम्मेदवारको बाबुको शैक्षिक अवस्था

प्रतिवेदन अवधिमा सिफारिस भएका उम्मेदवारहरूमध्ये बाबुको शैक्षिक योग्यता माध्यमिक शिक्षा उल्लेख गर्ने उम्मेदवारहरूको सङ्ख्या अत्याधिक बढी रहेको देखिन्छ। यससम्बन्धी विवरण तालिका नं. ७५ मा प्रस्तुत गरिएको छ।

तालिका नं. ७५ : सिफारिस भएका उम्मेदवारको बाबुको शैक्षिक अवस्थाको विवरण (आ.व. २०८१/०८२)

लिङ्ग	बाबुको शैक्षिक स्थिति	नवौं	आठौं	सातौं	चौथो	तेस्रो	कुल जम्मा
महिला	उच्च शिक्षा		२	४	३१	१५	५२
	उच्च माध्यमिक शिक्षा		१	६	३६	२५	६८
	माध्यमिक शिक्षा			७	६५	८९	१६१
	आधारभूत शिक्षा			५	६३	६६	१३४
	औपचारिक शिक्षा नभएको	१	४	३८	५४	९७	
	जम्मा		४	२६	२३३	२४९	५१२
पुरुष	उच्च शिक्षा		३	१०	३२	२०	६५
	उच्च माध्यमिक शिक्षा	१		१०	४६	२९	८६
	माध्यमिक शिक्षा	२	१	१३	१५१	११२	२७९
	आधारभूत शिक्षा	२	१	११	९०	९४	१९८
	औपचारिक शिक्षा नभएको	१	२	९	१२७	१०५	२४४
	जम्मा	६	७	५३	४४६	३६०	८७२
कुल जम्मा		६	११	७९	६७९	६०९	१३८४

झ) सिफारिस भएका उम्मेदवारको आमाको पेशागत अवस्था

प्रतिवेदन अवधिमा सिफारिस भएका उम्मेदवारहरूमध्ये आमाको पेशा गृहिणी उल्लेख गर्ने उम्मेदवारको सङ्ख्या बढी रहेको देखिन्छ। यससम्बन्धी विवरण तालिका नं. ७६ मा प्रस्तुत गरिएको छ।

तालिका नं. ७६ : सिफारिस भएका उम्मेदवारको आमाको पेशागत अवस्थाको विवरण (आ.व. २०८१/०८२)

लिङ्ग	आमाको पेशा	नवौं	आठौं	सातौं	चौथो	तेस्रो	कुल जम्मा
महिला	गृहिणी		३	१७	१४६	१६७	३३३
	कृषि			६	५५	७१	१३२
	सेवा		१	३	१६	३	२३
	व्यापार				७	५	१२
	अन्य				९	३	१२
	जम्मा		४	२६	२३३	२४९	५१२

लिङ्ग	आमाको पेशा	नवौं	आठौं	सातौं	चौथो	तेस्रो	कुल जम्मा
पुरुष	गृहिणी	४	५	३२	२८०	२४५	५६६
	कृषि			१५	१४४	९८	२५७
	सेवा	१	१	१	७	७	१७
	व्यापार	१		२	५	८	१६
	अन्य		१	३	१०	२	१६
	जम्मा	६	७	५३	४४६	३६०	८७२
कुल जम्मा		६	११	७९	६७९	६०९	१३८४

ञ) सिफारिस भएका उम्मेदवारको बाबुको पेशागत अवस्था

प्रतिवेदन अवधिमा सिफारिस भएका उम्मेदवारहरूमध्ये बाबुको पेशा कृषि उल्लेख गर्ने उम्मेदवारको सङ्ख्या बढी रहेको देखिन्छ। यससम्बन्धी विवरण तालिका नं. ७७ मा प्रस्तुत गरिएको छ।

तालिका नं. ७७ : सिफारिस भएका उम्मेदवारको बाबुको पेशागत अवस्थाको विवरण (आ.व. २०८१/०८२)

लिङ्ग	बाबुको पेशा	नवौं	आठौं	सातौं	चौथो	तेस्रो	कुल जम्मा
महिला	कृषि		१	१६	१३३	१८५	३३५
	सेवा		२	४	४६	३०	८२
	व्यापार		१	५	३०	११	४७
	श्रमिक				८	६	१४
	अन्य			१	१६	१७	३४
	जम्मा		४	२६	२३३	२४९	५१२
पुरुष	कृषि	२	४	३५	३२१	२८१	६४३
	सेवा	३	२	७	५६	३५	१०३
	व्यापार			४	२०	१६	४०
	श्रमिक		१	१	२०	१०	३२
	अन्य	१		६	२९	१८	५४
	जम्मा	६	७	५३	४४६	३६०	८७२
कुल जम्मा		६	११	७९	६७९	६०९	१३८४

ट) सिफारिस भएका उम्मेदवारको वैवाहिक अवस्था

प्रतिवेदन अवधिमा सिफारिस भएका उम्मेदवारहरूमध्ये अविवाहित अवस्था उल्लेख गर्ने उम्मेदवारको सङ्ख्या बढी रहेको देखिन्छ। यससम्बन्धी विवरण तालिका नं. ७८ मा प्रस्तुत गरिएको छ।

तालिका नं. ७८: सिफारिस भएका उम्मेदवारको वैवाहिक अवस्थाको विवरण (आ.व. २०८१/०८२)

लिङ्ग	वैवाहिक स्थिती	नवौं	आठौं	सातौं	पाँचौं	चौथो	कुल जम्मा
महिला	विवाहित			१२	५२	६४	१२८
	एकल				७	९	१६
	अविवाहित		४	१४	१७४	१७६	३६८
	जम्मा		४	२६	२३३	२४९	५१२
पुरुष	विवाहित	५		१७	५७	४४	१२३
	एकल	१	१	१	१४	१४	३१
	अविवाहित		६	३५	३७५	३०२	७१८
	जम्मा	६	७	५३	४४६	३६०	८७२
कुल जम्मा		६	११	७९	६७९	६०९	१३८४

ठ) सिफारिस भएका उम्मेदवारको उमेर समूहको अवस्था

प्रतिवेदन अवधिमा सिफारिस उम्मेदवारहरूमध्ये अधिक उम्मेदवारहरू महिला तथा पुरुष दुबैतर्फ १८-२४ बर्ष उमेर समूहका रहेका छन् । यस उमेर समूहबाट २५२ महिला र ३९६ पुरुष गरी जम्मा ६४८ उम्मेदवार सिफारिस भएका छन् । यससम्बन्धी विवरण तालिका नं. ७९ मा प्रस्तुत गरिएको छ ।

तालिका नं. ७९ : सिफारिस भएका उम्मेदवारको उमेर समूह (आ.व. २०८१/०८२)

लिङ्ग	उमेर समुह	नवौं	आठौं	सातौं	पाँचौं	चौथो	कुल जम्मा
महिला	१८-२४			५	१२०	१२७	२५२
	२५-२९		४	१३	८६	८९	१९२
	३०-३५			८	२५	२६	५९
	३५ बर्ष माथि				२	७	९
	जम्मा		४	२६	२३३	२४९	५१२
पुरुष	१८-२४			१५	१९१	१९०	३९६
	२५-२९		५	२१	१९६	१२९	३५१
	३०-३५	४	२	१२	४७	३३	९८
	३५ बर्ष माथि	२		५	१२	८	२७
	जम्मा	६	७	५३	४४६	३६०	८७२
कुल जम्मा		६	११	७९	६७९	६०९	१३८४



चित्र नं. १३ : प्रतिवेदन अवधिमा सिफारिस भएका उम्मेदवारहरूको लिङ्गअनुसार उमेर र सङ्ख्या



चित्र नं. १४ : प्रतिवेदन अवधिमा सिफारिस भएका उम्मेदवारहरूको तहअनुसार उमेर र सङ्ख्या

७.२.८ वैकल्पिक उम्मेदवार सिफारिस

आ.व. २०८०/०८१ मा आयोगको विज्ञापनमा सिफारिसको बैकल्पिक सूचीमा रहेका १७१ र आ.व. २०८१/०८२ मा २३१ समेत गरी कुल ४०२ जना वैकल्पिक उम्मेदवारलाई सिफारिस गरिएको छ। यस सम्बन्धी विवरण तालिका नं. ८० मा प्रस्तुत गरिएको छ।

तालिका नं. ८० : वैकल्पिक उम्मेदवार सिफारिस विवरण

आर्थिक वर्ष	तह	प्रदेश	स्थानीय तह	जम्मा
२०८०/०८१	नवौं	६	१	७
	आठौं		३	३

आर्थिक वर्ष	तह	प्रदेश	स्थानीय तह	जम्मा
२०८०/०८१	सातौं	६	२	८
	पाँचौं	४	३६	४०
	चौथो	३	११०	११३
	जम्मा	१९	१५२	१७१
२०८१/०८२	आठौं	३	१	४
	सातौं	१२	१६	२८
	पाँचौं	१	९७	९८
	चौथो		१०१	१०१
	जम्मा	१६	२१५	२३१
२०८१/०८२ सम्म जम्मा		३५	३६७	४०२

७.२.९ वैकल्पिक उम्मेदवार सिफारिस हुन नसकेका पदहरूको विवरण

प्रतिवेदन अवधिमा मुख्य उम्मेदवार सिफारिस गरिएकोमा त्यस्ता उम्मेदवारले छोडेकाले बैकल्पिक उम्मेदवार माग भई आएकोमध्ये प्रदेशमा १५ र स्थानीय तहमा ७१ पदसङ्ख्या गरी जम्मा ८६ पदसङ्ख्यामा बैकल्पिक सूचीमा उम्मेदवार नभएको वा भएका उम्मेदवार सकिएका कारण सिफारिस गर्न नसकिएको देखिन्छ। यस सम्बन्धी विवरण तालिका नं. ८१ मा प्रस्तुत गरिएको छ।

तालिका नं. ८१ : वैकल्पिक उम्मेदवार सिफारिस हुन नसकेका पदहरूको विवरण (आ.व. २०८१/०८२)

प्रदेश/ स्थानीय	सेवा	चौथो	पाँचौं	सातौं	जम्मा
प्रदेश	प्रशासन	९			९
	कृषि		१		१
	शिक्षा	१			१
	स्वास्थ्य	२	१		३
	जम्मा	१२	२	१	१५
स्थानीय	प्रशासन	१३	१८	३	३४
	इन्जिनियरिङ	६	११	१	१८
	कृषि	१	२	१	४
	स्वास्थ्य	१२	३		१५
	जम्मा	३२	३४	५	७१
कुल जम्मा		४४	३६	६	८६

परिच्छेद आठ

समावेशी पदपूर्ति

सार्वजनिक सेवामा समावेशीकरणका लागि प्रचलित कानुनमा भएको व्यवस्था अनुरूप आयोगले प्रतिवेदन अवधिमा समावेशी समूहका तोकिएका उम्मेदवारबिच प्रतिस्पर्धा गराई पदपूर्ति गर्ने गरेको छ। यसका लागि आर्थिक वर्ष २०७९/०८० सम्म निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७) तथा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८ को उपदफा (५) मा रहेको प्रावधानअनुरूप र आर्थिक वर्ष २०८०/०८१ देखि गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १० को पदपूर्ति सम्बन्धी विशेष व्यवस्था अन्तर्गत उपदफा (१) मा रहेको प्रावधान अनुरूप खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदहरूमध्ये ४५ प्रतिशत पद छुट्याइ सो प्रतिशतलाई शत प्रतिशत मानी विभिन्न लक्षित समावेशी समूहमा प्रतिशत निर्धारण गरी पदपूर्ति गरिँदै आएको छ। यससम्बन्धी विवरण तालिका नं. ८२ मा प्रस्तुत गरिएको छ।

तालिका नं. ८२ : समावेशी पदपूर्ति सम्बन्धी कानुनी व्यवस्था

निजामती सेवा ऐन, २०४९ र स्वास्थ्य सेवा ऐन २०५३		गण्डकी प्रदेश निजामती सेवा ऐन र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन २०७९	
(क) महिला	३३ प्रतिशत	(क) महिला	३३ प्रतिशत
(ख) आदिवासी/जनजाति	२७ प्रतिशत	(ख) आदिवासी/जनजाति	२७ प्रतिशत
(ग) मधेसी	२२ प्रतिशत	(ग) दलित	१५ प्रतिशत
(घ) दलित	९ प्रतिशत	(घ) आर्थिक रूपले विपन्न खस आर्य	१० प्रतिशत
(ङ) अपाङ्ग	५ प्रतिशत	(ङ) अपाङ्गता भएका व्यक्ति	५ प्रतिशत
(च) पिछडिएको क्षेत्र	४ प्रतिशत	(च) थारु	४ प्रतिशत
		(छ) मुस्लिम	३ प्रतिशत
		(ज) मधेशी	३ प्रतिशत

८.१ समावेशी विज्ञापन

आयोगबाट प्रतिवेदन अवधिमा ८ प्रकारका समावेशी समूहमा २५६ पदसङ्ख्या र हालसम्म १४०० पदसङ्ख्याको विज्ञापन प्रकाशन गरिएको छ। प्रचलित कानुनी व्यवस्था बमोजिम लक्षित समावेशी विज्ञापन सम्बन्धी विवरण तालिका नं. ८३ मा प्रस्तुत गरिएको छ।

तालिका नं. ८३: समावेशी विज्ञापनको विवरण

क्र.सं	विवरण	आ.व. २०८०/०८१ सम्म		आ.व. २०८१/०८२		आ.व. २०८१/०८२ सम्म
		विज्ञापन सङ्ख्या	पद सङ्ख्या	विज्ञापन सङ्ख्या	पद सङ्ख्या	पद सङ्ख्या
१.	महिला	१३१	४७६	२७	८६	५६२
२.	आदिवासी/जनजाति	८१	३१८	२३	६९	३८७

क्र.सं	विवरण	आ.व. २०८०/०८१ सम्म		आ.व. २०८१/०८२		आ.व. २०८१/०८२ सम्म
		विज्ञापन सङ्ख्या	पद सङ्ख्या	विज्ञापन सङ्ख्या	पद सङ्ख्या	पद सङ्ख्या
३.	दलित	४७	१०३	१७	४१	१४४
४.	विपन्न खस आर्य	१९	३२	१६	२८	६०
५.	अपाङ्गता	१०	१९	११	१६	३५
६.	थारु	९	१५	८	८	२३
७.	मुस्लिम	८	१३	३	४	१७
८.	मधेशी	५९	१६८	३	४	१७२
	जम्मा	३६४	११४६	१०८	२५६	१४००



चित्र नं. १५ समावेशी विज्ञापनको पदसङ्ख्या

८.२ समावेशी विज्ञापनमा दरखास्त

प्रतिवेदन अवधिमा समावेशीतर्फ २५८ पदसङ्ख्याको विज्ञापन प्रकाशन भएकोमा ६० हजार ५५६ दरखास्त परेको छ। जसमध्ये महिलामा २७ हजार २९०, आदिवासी जनजाति ११ हजार ७६९, दलित ५ हजार १४३ दरखास्त परेको छ। लक्षित समावेशी समूहमा पर्ने कुनै एक समुहका व्यक्तिले एक भन्दा बढी समावेशी समूहमा दरखास्त दिन पाउने रहेकोले यो सङ्ख्या ठूलो देखिएको छ। यससम्बन्धी विवरण तालिका नं. ८४ मा प्रस्तुत गरिएको छ।

तालिका नं. ८४: समावेशी विज्ञापनमा दरखास्त विवरण (आ.व. २०८१/०८२)

क्र.सं.	समावेशी समूह	दरखास्त सङ्ख्या		
		महिला	पुरुष	जम्मा
१.	महिला	२७२९०	०	२७२९०
२.	आ.ज.	५९५९	५८१०	११७६९
३.	दलित	१४७१	३६७२	५१४३
४.	विपन्न खस आर्य	६९३२	२५८३	९५१५
५.	अपाङ्ग	२७६	१२९४	१५७०
६.	थारु	५१३	१०६६	१५७९
७.	मुस्लिम	१०	१८५	१९५
८.	मधेशी	२६२	३२३३	३४९५
जम्मा		४२७१३	१७८४३	६०५५६



चित्र नं. १६ समावेशी विज्ञापनमा दरखास्त

८.३ समावेशी समूहमा सिफारिस विवरण

प्रतिवेदन अवधिमा सिफारिस भएका १३८४ जना उम्मेदवारहरूमध्ये समावेशी समूहतर्फ ३०९ महिला र २९० जना पुरुष गरी जम्मा ५९९ जना सिफारिस भएका छन्। आ. व. २०८१/ ८२ सम्म समावेशी समूहतर्फ सिफारिस गरिएका ११९४ जना उम्मदेवारमध्ये महिलामा ४९०, आदिवासी जनजातिमा ३३६ र दलित १३७ उम्मेदवार सिफारिस गरिएको छ। विभिन्न समावेशी समूहमा सिफारिस भएका उम्मेदवारको विवरण तालिका नं. ८५ मा प्रस्तुत गरिएको छ।

तालिका नं. ८५ : समावेशी समूहमा सिफारिस विवरण

क्र.सं.	विज्ञापनको प्रकार	आ.व. २०८०/०८१ सम्म			आ.व. २०८१/०८२			आ.व. २०८१/०८२ सम्म
		महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा	
१.	महिला	२८०		२८०	२१०		२१०	४९०
२.	आदिवासी/जनजाती	५३	११७	१७०	५८	१०८	१६६	३३६
३.	दलित	७	४०	४७	१९	७१	९०	१३७
४.	आर्थिक रूपले विपन्न खस आर्य	-	१५	१५	९	५२	६१	७६
५.	अपाङ्ग	-	५	५	५	२४	२९	३४
६.	थारु	-	३	३	३	११	१४	१७
७.	मुस्लिम	-	१	१	२	१३	१५	१६
८.	मधेसी	१७	५७	७४	३	११	१४	८८
	कुल जम्मा	३५७	२३८	५९५	३०९	२९०	५९९	११९४



चित्र नं. १७ समावेशी समूहमा सिफारिस (आ.व. २०८१/०८२ सम्म)

८.३.१. महिला समूहतर्फ तहगत सिफारिस

प्रतिवेदन अवधिमा महिला समावेशी समूहतर्फ सिफारिस भएका २१० जना उम्मेदवारहरूको तहगत सिफारिसको विवरण तालिका नं. ८६ मा प्रस्तुत गरिएको छ।

तालिका नं. ८६ : महिला समूहतर्फ तहगत सिफारिसको विवरण (आ.व. २०८१/०८२)

तह	नवौं	आठौं	सातौं	पाँचौं	चौथो	जम्मा
पदसङ्ख्या	-	२	११	१०५	९२	२१०

८.३.२ आदिवासी जनजाति समूहतर्फ तहगत सिफारिस

प्रतिवेदन अवधिमा आदिवासी जनजाति समूहका लागि भएको विज्ञापनबाट विभिन्न तहमा महिला ५८ र पुरुष १०८ गरी जम्मा १६६ जना उम्मेदवार सिफारिस भएका छन्। यससम्बन्धी विवरण तालिका नं. ८७ मा प्रस्तुत गरिएको छ।

तालिका नं. ८७: आदिवासी जनजाति समूहतर्फ तहगत सिफारिसको विवरण (आ.व. २०८१/०८२)

तह	नवौं	आठौं	सातौं	पाँचौं	चौथो	जम्मा
महिला	-	-	२	२८	२८	५८
पुरुष	-	२	४	५६	४६	१०८
जम्मा	-	२	६	८४	७४	१६६

८.३.३ दलित समूहतर्फ तहगत सिफारिस

प्रतिवेदन अवधिमा दलित समूहतर्फको विज्ञापनमा महिला १९ र पुरुष ७१ गरी जम्मा ९० जना उम्मेदवार सिफारिस भएका छन्। विभिन्न तहमा सिफारिस भएका दलित समूहका उम्मेदवारको विवरण तालिका नं. ८८ मा प्रस्तुत गरिएको छ।

तालिका नं. ८८: दलित समूहतर्फ तहगत सिफारिसको विवरण (आ.व. २०८१/०८२)

तह	नवौं	आठौं	सातौं	पाँचौं	चौथो	जम्मा
महिला	-	-	-	४	१५	१९
पुरुष	-	-	४	४१	२६	७१
जम्मा	-	-	४	४५	४१	९०

८.३.४ विपन्न खस आर्य समूहतर्फ तहगत सिफारिस

प्रतिवेदन अवधिमा विपन्न खस आर्य समूहतर्फको विज्ञापनमा महिला ९ र पुरुष ५२ गरी जम्मा ६१ जना उम्मेदवार सिफारिस भएका छन्। विभिन्न तहमा सिफारिस भएका विपन्न खस आर्य समूहका उम्मेदवारको विवरण तालिका नं. ८९ मा प्रस्तुत गरिएको छ।

तालिका नं. ८९ : विपन्न खस आर्य समूहतर्फ तहगत सिफारिसको विवरण (आ.व. २०८१/०८२)

तह	नवौं	आठौं	सातौं	पाँचौं	चौथो	जम्मा
महिला	-	-	-	३	६	९
पुरुष	-	-	२	२९	२१	५२
जम्मा	-	-	२	३२	२७	६१

८.३.५ अपाङ्ग समूहतर्फ तहगत सिफारिस

प्रतिवेदन अवधिमा अपाङ्ग समूहतर्फको विज्ञापनमा महिला ५ र पुरुष २४ गरी जम्मा २९ जना उम्मेदवार सिफारिस भएका छन्। विभिन्न तहमा सिफारिस भएका अपाङ्ग समूहका उम्मेदवारको विवरण तालिका नं. ९० मा प्रस्तुत गरिएको छ।

तालिका नं. ९०: अपाङ्ग समूहतर्फ तहगत सिफारिसको विवरण (आ.व. २०८१/०८२)

तह	नवौं	आठौं	सातौं	पाँचौं	चौथो	जम्मा
महिला	-	-	-	१	४	५
पुरुष	-	२	२	१२	८	२४
जम्मा	-	२	२	१३	१२	२९

८.३.६ थारु समूहतर्फ तहगत सिफारिस

प्रतिवेदन अवधिमा थारु समूहतर्फको विज्ञापनमा महिला ३ र पुरुष ११ गरी जम्मा १४ जना उम्मेदवार सिफारिस भएका छन् । विभिन्न तहमा सिफारिस भएका थारु समूहका उम्मेदवारको विवरण तालिका नं. ९१ मा प्रस्तुत गरिएको छ ।

तालिका नं. ९१: थारु समूहतर्फ तहगत सिफारिसको विवरण (आ.व. २०८१/०८२)

तह	नवौं	आठौं	सातौं	पाँचौं	चौथो	जम्मा
महिला	-	-	-	१	२	३
पुरुष	-	-	१	४	६	११
जम्मा	-	-	१	५	८	१४

८.३.७ मुस्लिम समूहतर्फ तहगत सिफारिस

प्रतिवेदन अवधिमा मुस्लिम समूहतर्फको विज्ञापनमा महिला २ र पुरुष १३ गरी जम्मा १५ जना उम्मेदवार सिफारिस भएका छन् । विभिन्न तहमा सिफारिस भएका मुस्लिम समूहका उम्मेदवारको विवरण तालिका नं. ९२ मा प्रस्तुत गरिएको छ ।

तालिका नं. ९२ : मुस्लिम समूहतर्फ तहगत सिफारिसको विवरण (आ.व. २०८१/०८२)

तह	नवौं	आठौं	सातौं	पाँचौं	चौथो	जम्मा
महिला	-	-	-	-	२	२
पुरुष	-	-	१	६	६	१३
जम्मा	-	-	१	६	८	१५

८.३.८ मधेसी समूहतर्फ तहगत सिफारिस

प्रतिवेदन अवधिमा मधेसी समूहतर्फको विज्ञापनमा महिला ३ र पुरुष ११ गरी जम्मा १४ जना उम्मेदवार सिफारिस भएका छन् । विभिन्न तहमा सिफारिस भएका मधेसी समूहका उम्मेदवारको विवरण तालिका नं. ९३ मा प्रस्तुत गरिएको छ ।

तालिका नं. ९३ : मधेसी समूहतर्फ तहगत सिफारिसको विवरण (आ.व. २०८१/०८२)

तह	नवौं	आठौं	सातौं	पाँचौं	चौथो	जम्मा
महिला	-	-	-	१	२	३
पुरुष	-	-	-	५	६	११
जम्मा	-	-	-	६	८	१४

परिच्छेद नौ

सङ्गठित संस्थातर्फ पदपूर्ति

प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ ले प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेशको अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको पदमा उपयुक्त उम्मेदवार छनोट गर्ने जिम्मेवारी प्रदेश लोक सेवा आयोगलाई दिएको छ। सोही ऐनको दफा २ को खण्ड (च) मा सङ्गठित संस्था भन्नाले पचास प्रतिशत वा सोभन्दा बढी शेयर वा जायजेथामा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रण भएको संस्था, कम्पनी, बैङ्क, समिति वा प्रदेश कानुन बमोजिम स्थापित वा प्रदेश सरकारद्वारा गठित आयोग, संस्था,प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद् र यस्तै प्रकृतिका अन्य सङ्गठित संस्थालाई परिभाषित गरेको छ। गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ९ मा उल्लिखित काम,कर्तव्य र अधिकारमा समेत प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा र स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनोट गर्न परीक्षा सञ्चालन गर्नु आयोगको कर्तव्य हुने व्यवस्था गरिएको छ। गण्डकी प्रदेश सभाबाट जारी गरिएको गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन, २०७५ को दफा ४ मा सङ्गठित संस्था हुने व्यवस्था रहेको छ। सोही अनुरूप आर्थिक वर्ष २०८१/०८२ मा गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानले गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान (कर्मचारी सेवा सर्तसम्बन्धी) विनियमावली, २०८० बमोजिम केही पदहरूमा पदपूर्तिको लागि माग गरेको र सोही बमोजिम आयोगबाट पहिलो पटक संस्थाको स्वीकृत पदहरूको प्रतिशत निर्धारण, विज्ञापन प्रकाशन, दरखास्त सङ्कलन, परीक्षा सञ्चालन, अन्तर्वार्ता र सिफारिस गरी पदपूर्ति गरिएको छ।

९.१.माग सङ्कलन

प्रतिवेदन अवधिमा प्रदेश सङ्गठित संस्थातर्फ गण्डकी प्रशिक्षण प्रतिष्ठानको नवौं तहका ३, सातौं तहका ६ र पाँचौं तहको ४ गरी कुल १३ पद सङ्ख्याका माग सङ्कलन गरिएको छ। यससम्बन्धी विवरण तालिका नं. ९४ मा प्रस्तुत गरिएको छ।

तालिका नं. ९४ : माग सङ्कलन विवरण (आ.व. २०८१/०८२)

तह	सेवा		जम्मा
	प्रशासन तथा प्राविधिक	प्राध्यापन तथा अनुसन्धान	
नवौं	१	२	३
सातौं	२	४	६
पाँचौं	३	१	४
जम्मा	६	७	१३

९.२ प्रतिशत निर्धारण तथा विज्ञापन

प्रतिवेदन अवधिमा नवौं तहका ३, सातौं तहका ६ र पाँचौं तहको ४ गरी कुल १३ पद सङ्ख्याको माग सङ्कलन गरिएकोमा प्रशासन तर्फका पाँचौं तहका ३ पदमा योग्यतासम्बन्धी अस्पष्टता भएकोले उक्त पदहरूमा प्रतिशत निर्धारण र विज्ञापन हुन सकेन भने बाँकी १० पद सङ्ख्यामा प्रतिशत निर्धारण भई विज्ञापन प्रकाशन गरिएको छ। यस सम्बन्धी विवरण तालिका नं. ९५ मा प्रस्तुत गरिएको छ।

तालिका नं. ९५: प्रतिशत निर्धारण तथा विज्ञापन विवरण (आ.व. २०८१/०८२)

क्र.सं.	तह	सेवा		जम्मा
		प्रशासन तथा प्राविधिक	प्राध्यापन तथा अनुसन्धान	
१	नवौं	१	२	३
२	सातौं	२	४	६
३	पाँचौं	-	१	१
जम्मा		३	७	१०

९.३ दरखास्त सङ्कलन

प्रतिवेदन अवधिमा नवौं, सातौं र पाँचौं तहका कुल १० पद सङ्ख्याका लागि विज्ञापन प्रकाशन भएकोमा प्रकाशित विज्ञापनको नवौं तहमा १७, सातौं तहमा २३ र पाँचौं तहमा १३ गरी कुल ५६ आवेदन प्राप्त भएका छन्। यस सम्बन्धी विवरण तालिका नं. ९६ मा प्रस्तुत गरिएको छ।

तालिका नं. ९६ : दरखास्त सङ्कलन (आ.व. २०८१/०८२)

क्र.स.	तह	महिला	पुरुष	जम्मा
१	नवौं	२	१५	१७
२	सातौं	७	१६	२३
३	पाँचौं	३	१३	१६
जम्मा		१२	४४	५६

९.४ परीक्षा सञ्चालन

प्रतिवेदन अवधिमा नवौं तहका २, सातौं तहका ४ र पाँचौं तहको १ गरी जम्मा ७ वटा पदमा लिखित परीक्षा सञ्चालन गरिएकोमा ४ जना महिला र २६ जना पुरुष गरी जम्मा ३० जना उक्त परीक्षाहरूमा सहभागी भएका छन्। सातौं तहको ज्ञान व्यवस्थापन अधिकृत पदमा भने कुनै पनि दरखास्त नपरेकोले लिखित परीक्षा सञ्चालन हुन सकेन। यस सम्बन्धी विवरण तालिका नं. ९७ मा प्रस्तुत गरिएको छ।

तालिका नं. ९७ : लिखित परीक्षा सञ्चालन विवरण (आ.व. २०८१/०८२)

क्र.सं	तह	आर्थिक वर्ष २०८१/०८२		
		महिला	पुरुष	जम्मा
१	नवौं	१	१२	१३
२	सातौं	२	९	११

क्र.सं	तह	आर्थिक वर्ष २०८१/०८२		
		महिला	पुरुष	जम्मा
३	पाचौं	१	५	६
जम्मा		४	२६	३०

९.५ उत्तरपुस्तिका परीक्षण विवरण

प्रतिवेदन अवधिमा नवौं, सातौं र पाँचौं तहका लिखित परीक्षा सम्पन्न भएका ७ वटा पदका १४० विषयगत उत्तरपुस्तिका आयोगमा सूचीकृत दक्ष/विज्ञबाट परीक्षण गरिएको छ।

९.६ मामिला प्रस्तुतीकरण

प्रतिवेदन अवधिमा मामिला प्रस्तुतीकरण सम्बन्धी कार्यविधि, २०८१ निर्माण गरी प्रदेश सङ्गठित सेवाका नवौं तहका प्रशासनिक तथा प्राविधिक सेवा र प्राध्यापन तथा अनुसन्धान सेवाका अधिकृत नवौं तह, निर्देशक पदका लागि मामिला प्रस्तुतीकरण सम्बन्धी परीक्षा सञ्चालन गरिएको छ जसमा प्रशासनिक तथा प्राविधिक सेवाका ३ जना र प्राध्यापन तथा अनुसन्धान सेवाका १ जना गरी जम्मा ४ जना उम्मेदवार सहभागी भएका थिए।

९.७ अन्तर्वार्ता तथा सिफारिस

प्रतिवेदन अवधिमा नवौं तहमा २ जना सातौं तहमा ३ जना र पाँचौं तहमा १ जना गरी जम्मा ६ जना उम्मेदवार सिफारिस भएका थिए।

तालिका नं. ९८ : उम्मेदवार सिफारिस विवरण (आ.व. २०८१/०८२)

तह	सेवा	सिफारिस उम्मेदवार सङ्ख्या
नवौं	प्रध्यापन तथा अनुसन्धान	१
	प्रशासनिक तथा प्राविधिक	१
	जम्मा	२
सातौं	प्रशासनिक तथा प्राविधिक	२
	प्राध्यापन तथा अनुसन्धान	१
	जम्मा	३
पाँचौं	प्राध्यापन तथा अनुसन्धान	१
	जम्मा	१
कुल जम्मा		६

परिच्छेद दश

उजुरी, परामर्श र प्रतिरक्षा

गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ९ को उपदफा (५) मा विभिन्न विषयमा आयोगको परामर्श लिनुपर्ने व्यवस्था भए बमोजिम विभिन्न विषयमा परामर्श माग भई आउने गरेका छन्। आयोगको नियमित कामकारबाहीका सम्बन्धमा विभिन्न निकायमार्फत उजुरी तथा गुनासो प्राप्त हुने गरेको र त्यस्ता उजुरी तथा गुनासोलाई आयोगले आवश्यक सम्बोधन गर्दै आएको छ। विभिन्न मन्त्रालयहरूमा रहने बढुवा समितिले गरेका बढुवा सिफारिस उपर आयोगमा उजुरी दिने व्यवस्था बमोजिम आयोगमा दर्ता हुन आएका उजुरी उपर उजुरीको व्यहोरा, बढुवा समितिको प्रतिक्रिया तथा कागजात समेतका आधारमा निर्णय गरिदैं आएको छ। यसका साथै आयोगले प्रकाशन गर्ने विज्ञापन, दरखास्त सङ्कलन, शैक्षिक योग्यता, बढुवाका प्रावधान लगायतका विषयमा आयोगलाई विपक्षी बनाई विभिन्न अदालतमा रिट/निवेदन दायर हुने गरेका र त्यस्ता रिट/निवेदनमा आयोगको तर्फबाट मुख्य न्यायधिवक्ताको कार्यालयबाट प्रतिरक्षा हुँदै आएको छ।

१०.१ उजुरी

प्रतिवेदन अवधिमा पोखरा महागरपालिका र बागलुङ नगरपालिकाले अस्थायी र करारमा कार्यरत कर्मचारीलाई आन्तरिक प्रतियोगिताद्वारा स्थायी गरेको विषयमा आयोगमा उजुरी प्राप्त भएकोमा आयोगको निर्णयबाट प्रचलित कानुनको रित तथा प्रकृया नपुऱ्याई स्थायी गरिएको कार्य बदर गरिएको छ।

१०.२ बढुवा सिफारिस उपरको उजुरीको निर्णय

गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ४६ तथा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ४४ मा बढुवा समितिले गरेको बढुवा सिफारिस उपर आयोगमा उजुरी दिन सक्ने प्रावधान रहेको छ। प्रतिवेदन अवधिमा बढुवा सम्बन्धी ८ वटा उजुरी दर्ता भएका मध्ये ७ वटा उजुरी उपर बढुवा समितिको निर्णय सदर भएको र १ वटा उजुरीमा बढुवा संशोधनको निर्णय भएको छ। आयोगमा प्राप्त उजुरीको सेवागत विवरण तालिका नं. ९९ मा प्रस्तुत गरिएको छ।

तालिका नं. ९९ : बढुवा उजुरी सम्बन्धी विवरण(आ.व. २०८१/०८२)

क्र.स.	सेवा	उजुरी सङ्ख्या	बढुवा समितिको सिफारिस सदर सङ्ख्या	बढुवा समितिको सिफारिस संशोधन भएको सङ्ख्या
१	प्रदेश स्वास्थ्य	१	१	
२	प्रदेश वन	१	१	
३	प्रदेश शिक्षा	१	१	
४	स्थानीय प्रशासन	१	१	
५	स्थानीय इन्जिनियरिङ	२	१	१

क्र.स.	सेवा	उजुरी सङ्ख्या	बढुवा समितिको सिफारिस सदर सङ्ख्या	बढुवा समितिको सिफारिस संशोधन भएको सङ्ख्या
६	स्थानीय स्वास्थ्य	२	२	
जम्मा		८	७	१

१०.३ कर्मचारी सेवाका शर्तसम्बन्धी कानुनमा परामर्श

आयोगले आर्थिक वर्ष २०८०/०८१ सम्ममा विभिन्न १६ वटा विषयमा परामर्श प्रदान गरेको देखिन्छ। आर्थिक वर्ष २०८१/०८२ मा ऐन नियम संशोधनका सम्बन्धमा गण्डकी प्रदेश निजामती सेवा ऐन २०७९, स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९, गण्डकी प्रदेश निजामती सेवा नियमावली २०७९, स्थानीय सेवा गठन तथा सञ्चालन नियमावली २०८० का सम्बन्धमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट परामर्श माग भई आएकोमा सो विषयमा परामर्श उपलब्ध गराइएको छ। परामर्श सम्बन्धी विवरण तालिका नं. १०० मा प्रस्तुत गरिएको छ।

तालिका नं. १०० : परामर्श सम्बन्धी विवरण

आर्थिक वर्ष	परामर्श दिइएको सङ्ख्या
२०८०/०८१ सम्म	१६
२०८१/०८२	५
२०८१/०८२ सम्म	२१

१०.४ विभागीय सजायका सम्बन्धमा परामर्श

प्रदेश निजामती सेवा तथा स्थानीय सेवाका कर्मचारीहरूको विभागीय सजायका विषयमा आयोगको परामर्श लिनुपर्ने प्रावधान अनुरूप आयोगले आर्थिक वर्ष २०८१/०८२ को अवधिमा विभागीय सजायका २ वटा विषयमा ५ जना कर्मचारीलाई कारबाही गर्ने गरी परामर्श दिएको छ। ब्यास नगरपालिका १ जना कर्मचारीलाई पाँच तलब वृद्धि रोक्का र २ जना कर्मचारीको हकमा नसिहत दिने तथा पोखरा महानगरपालिकाका २ जना कर्मचारी उपर पाँच तलब वृद्धि रोक्का गर्ने सजाय उपर परामर्श प्रदान गरिएको छ।

तालिका नं. १०१ : विभागीय सजायसम्बन्धी परामर्श दिइएको विवरण(आ.व. २०८१/०८२)

क्र.स.	परामर्शको विषय	अधिकृतस्तर		सहायक स्तर		जम्मा		कुल जम्मा
		महिला	पुरुष	महिला	पुरुष	महिला	पुरुष	
१	तलब वृद्धि रोक्का गर्ने	०	२	०	१	०	३	३
२	नसिहत दिने	०	२	०	०	०	०	२
जम्मा		०	४	०	१	०	३	५

१०.५ प्रतिरक्षा सम्बन्धी विवरण

प्रतिवेदन अवधिसम्ममा आयोगलाई विपक्षी बनाई सर्वोच्च अदालत, उच्च अदालत र प्रशासकीय अदालतमा गरी जम्मा ८० थान मुद्दा, जसमध्ये ५९ थान रिट निवेदन, दुई थान दोहोऱ्याई पाऊँ, दुई थान करार सेवा सम्बन्धी, ११ थान बढुवा निर्णय बदर र ६ थान पुनरावेदन सम्बन्धी मुद्दा दायर भएकोमा १७ थान रिट खारेज, ३ थान मुद्दा फिर्ता, ५

थान रिट आंशिक जारी, ८ थान मुद्दा तामेलीमा रहेका छन् । हाल उल्लिखित अदालतमा ४७ थान मुद्दा विचाराधीन अवस्थामा रहेका छन् । जसमध्ये ३६ थान सर्वोच्च अदालतमा ७ थान उच्च अदालतमा र ४ थान प्रशासकीय अदालतमा विचाराधीन रहेका छन् । प्रतिरक्षा सम्बन्धी विवरण तालिका नं. १०२ तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. १०२ : प्रतिरक्षा सम्बन्धी विवरण

क्र.सं.	अदालतको नाम	आयोग विरुद्द दायर भएका मुद्दाको प्रकृति					जम्मा	मुद्दाको फछौंटको अवस्था				
		रिट निवेदन	दोहोऱ्याई पाउँ	करार सेवा सम्बन्धी	बढुवा बदर	पुनरावेदन		खारेजी	मुद्दा फिर्ता	तामेली	रिट/आंशिक जारी	विचाराधीन
आ.ब.२०८०/०८१ सम्मको मुद्दाको विवरण												
१	सर्वोच्च अदालत	२१	०	०	०	०	२१	२	२	२	०	१५
२	उच्च अदालत	१८	०	०	०	०	१८	१३	१	३	१	०
जम्मा		३९	०	०	०	०	३९	१५	३	५	१	१५
आ.ब.२०८१/०८२ को मुद्दाको विवरण												
१	सर्वोच्च अदालत	१७	२	२	०	०	२१	०	०	०	०	२१
२	उच्च अदालत	३	०	०	६	६	१५	२	०	४	२	७
५	प्रशासकीय अदालत	०	०	०	५	०	५	०	०	०	१	४
जम्मा		५	२	२	१९	१३	४१	२	०	४	३	३२
आ.ब.२०८१/०८२ सम्मको मुद्दाको विवरण												
१	सर्वोच्च अदालत	३८	२	२	०	०	४२	२	२	२	०	३६
२	उच्च अदालत	२१	०	०	६	६	३३	१५	१	६	४	७
५	प्रशासकीय अदालत	०	०	०	५	०	५	०	०	०	१	४
जम्मा		५९	२	२	११	६	८०	१७	३	८	५	४७

परिच्छेद एघार

साङ्गठानिक सुधार र नवप्रवर्तन

११.१ पञ्चवर्षीय रणनीतिक योजना निर्माण

आयोगको कार्य सम्पादनलाई योजनाबद्ध, प्रभावकारी र व्यवस्थित बनाउन रणनीतिक योजनाको आवश्यकता महशुस गरी प्रथम पञ्चवर्षीय रणनीतिक योजना तर्जुमा गरिएको छ। रणनीतिक योजनाको मुख्य उद्देश्य नेपालको संविधान, प्रदेश लोक सेवा आयोग(आधार र मापदण्ड) ऐन, २०७५ र प्रदेश कानुन प्रदत्त अधिकार प्रयोग गरी प्रदेश र स्थानीय तहको निजामती एवम् सरकारी सेवाका लागि उपयुक्त मानव संसाधन छनोट तथा सिफारिस गर्ने कार्य कुशलतापूर्वक सम्पादन गर्नु रहेको छ।

रणनीतिक योजनामा आयोगको इतिहास, संविधान प्रदत्त भूमिका, यसले आर्जन गरेको छवि र प्राप्त गरेका उपलब्धि तथा विगत तीन वर्षको अनुभव र सिकाईहरू साथै आन्तरिक संरचनामा रहेका सबल तथा सुधार गर्नुपर्ने पक्षहरू, आयोगले सामना गर्नुपरेका चुनौती र अवसरहरूको विश्लेषण गरिएको छ। रणनीतिक योजनामा आयोगको सामुन्ने रहेका सवालहरूको पहिचान गरी महत्व र प्राथमिकता समेटिएको छ।

योग्य र उपयुक्त मानव संसाधनको छनोट र व्यवस्थापनमार्फत् गण्डकी प्रदेशको समृद्धि गर्ने दुरदृष्टि, योग्यता प्रणालीको प्रवर्धन र स्वच्छ तथा निष्पक्ष विधिको अवलम्बन गर्दै उपयुक्त उम्मेदवार छनोट तथा आपूर्ति गरी सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउन सहयोग पुऱ्याउने ध्येय र योग्यता, निष्पक्षता, स्वच्छता, समावेशिताजस्ता मुलभूत मान्यता सहितको आयोगको प्रथम पञ्चवर्षीय (रणनीतिक योजना २०८०/०८१-२०८५/०८६) तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ।

११.२ सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण

लोक सेवा आयोगको अभ्यास, विधि, मापदण्ड र सिद्धान्तलाई आत्मसात् गर्दै सबै लोक सेवा आयोगहरूको कार्यसम्पादनमा एकरूपता ल्याउन लोक सेवा आयोगहरूको पाँचौँ राष्ट्रिय सम्मेलनबाट जारी भएको घोषणालाई समेत दृष्टिगत गरेर आयोगले सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी तयार गरेको नयाँ सङ्गठन संरचना प्रदेश सरकारबाट स्वीकृत भएको छ। स्वीकृत सङ्गठन संरचनामा तीनवटा महाशाखा र दशवटा शाखा कायम भएका छन् र सोहीअनुसार महाशाखा र शाखा क्रियाशिल भई कार्य सम्पादन भइरहेको छ।

११.३ सेवाग्राही र विज्ञहरूको संलग्नता अभिवृद्धि

आयोगको अनलाइन पोर्टल http://onlineppsc.gandaki.gov.np मार्फत् इच्छुक उम्मेदवारहरूले विज्ञापनमा आवेदन गर्न पाउने व्यवस्था गरिएको छ। आर्थिक वर्ष २०८१/०८२ सम्ममा ३ लाखभन्दा बढी प्रयोगकर्ताहरूले यस अनलाइन प्रणालीको प्रयोग गरेको देखिन्छ।

आयोगको वेवसाइट http://ppsc.gandaki.gov.np मा दक्ष/विशेषज्ञको सूचीमा समावेश हुन चाहने व्यक्तिहरूको लागि अनलाइन प्रणालीमार्फत् समेत सूचीकृत हुन सक्ने व्यवस्था मिलाइएको छ। हालसम्म १२९४ दक्ष/विशेषज्ञ आयोगको सूचीमा सुचीकृत भएका छन्। साथै सेवाग्राही एवम् सरोकारवालाहरूले आयोगको कामकारबाहीका बारेमा अनलाइन पोर्टलमार्फत् पृष्ठपोषण दिन सक्ने व्यवस्था गरी सहभागितामूलक पृष्ठपोषण प्रणालीलाई प्रवर्धन गर्ने कार्यलाई जोड दिइएको छ।

११.४ असल अभ्यास अवलम्वन

आयोगको संस्थागत क्षमता अभिवृद्धि गर्न प्रदेश सरकार, लोक सेवा आयोग तथा विभिन्न निकायहरूको महत्त्वपूर्ण भूमिका रहेको छ। यस कार्य अन्तर्गत आयोगले कर्मचारीहरूको लागि अभिमुखीकरण, तालिम, सेमिनार, गोष्ठी, लोक सेवा आयोगहरूको राष्ट्रिय सम्मेलनमा कर्मचारीहरूको समेत सहभागिता, अवलोकन भ्रमण, लोक सेवा आयोग र अन्तरप्रदेश अनुभव आदान-प्रदान कार्यक्रमहरूमा सहभागिताको कार्यलाई निरन्तरता दिँदै आएको छ। प्रतिवेदन अवधिमा लोक सेवा आयोगका पूर्व सदस्य र पूर्व सह-सचिवहरूबाट आयोगमा कार्यरत कर्मचारीहरूलाई लोक सेवा आयोगको असल अभ्यास तथा अनुभव प्रदान गर्ने कार्य सम्पन्न गरिएको छ।

आयोगबाट मिति २०८२।०२।३० र ३१ गते स्याङ्जा जिल्ला, आँधिखोला गाउँपालिका वडा नं. १ स्थित पर्यटकीय स्थल सिरुवारीमा कर्मचारीको क्षमता अभिवृद्धि कार्यक्रम तथा कार्यसम्पादनको वार्षिक प्रगति समिक्षा सम्पन्न गरिएको छ। सो कार्यक्रममा आयोगका पदाधिकारी सहित सम्पूर्ण कर्मचारीहरूको सहभागिता रहेको थियो।

११.५ लोक सेवा आयोगहरूको राष्ट्रिय सम्मेलन

लोक सेवा आयोगको आयोजनामा मिति २०८१ साल फागुन २३ र २४ गते कोशी प्रदेशको बिराटनगरमा आयोजित लोक सेवा आयोग र सातै प्रदेश लोक सेवा आयोगहरूको पाँचौं राष्ट्रिय सम्मेलन सम्पन्न भएको छ। कार्यक्रममा लोक सेवा आयोगका अध्यक्ष, पदाधिकारी, सचिव र कर्मचारीहरू एवम् सबै प्रदेश लोक सेवा आयोगका पदाधिकारीहरू तथा कर्मचारीको उपस्थिति रहेको थियो। उक्त कार्यक्रममा अनुभवको आदान-प्रदान, सम्पादन गरिएका असल अभ्यासहरू, कार्य सम्पादनमा आइपरेका समस्या र चुनौतीहरूबारे छलफल भएको थियो। सम्मेलनले लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगका काम कारबाहीसँग सम्बन्धित घोषणापत्र जारी गरेको छ।

राष्ट्रिय सम्मेलनमा जारी गरिएका घोषणापत्र र निर्णयहरूको कार्यान्वयन गरिँदै आएको छ। वार्षिक कार्यतालिकामा एकरूपता, समयानुसार पाठ्यक्रम निर्माण तथा परिमार्जन, असल अभ्यास आदान प्रदान, साङ्गठानिक संरचनामा एकरूपता कायम गर्न पूनरावलोकन, खर्च मापदण्डमा एकरूपता, सूचना प्रविधि र तथ्याङ्कलाई भरपर्दो र विश्वसनिय बनाउन एकआपसमा समन्वय र सहकार्य गर्ने गरिएको छ। लोक सेवा आयोगहरूको चौथो राष्ट्रिय सम्मेलनबाट पारित घोषणापत्र अनुसूची ३ मा प्रस्तुत गरिएको छ।

११.६ प्रदेश लोक सेवा आयोगहरूको सम्मेलन आयोजना

प्रदेश लोक सेवा आयोगले अवलम्बन गर्ने छनोट पद्धति तथा कार्यविधिको प्रक्रियालाई अझ बढी प्रभावकारी, व्यवस्थित तथा समसामयिक बनाउन एवम् कार्य सम्पादनको सिलसिलामा प्राप्त अनुभवहरूलाई एकआपसमा आदान प्रदान गर्नको लागि सबै आयोगहरूको साझा अवधारणा निर्माण गर्ने अभिप्रायले सबै प्रदेश लोक सेवा आयोगहरूको चौथो सम्मेलन पोखरामा २०८१ मंसीर १८ र १९ गते आयोजना गरी विभिन्न निर्णय तथा घोषणापत्र जारी गर्दै सम्पन्न गरिएको छ। प्रदेश लोक सेवा आयोगहरूको तेस्रो सम्मेलनबाट पारित पोखरा घोषणापत्र अनुसूची ४ मा प्रस्तुत गरिएको छ।

११.७ रणनीतिक योजनाको कार्यान्वयनको स्थिति

आयोगको संस्थागत विकास गर्दै आयोगबाट सम्पादन हुने कार्यलाई अझ बढी व्यवस्थित, विश्वसनीय र योजनाबद्ध बनाई एक उत्कृष्ट संस्थाका रूपमा विकास गर्न आयोगले प्रथम पञ्चवर्षिय रणनीतिक योजना (२०८१/८२-२०८५/८६) तयार गरेको छ। प्रतिवेदन अवधिमा उक्त रणनीतिक योजना लागु भएको एक वर्ष व्यतित भएकोले उक्त

रणनीतिक योजनामा रहेका रणनीतिक उद्देश्य, रणनीति र कार्यनीतिअनुरूप भए गरेका कामकारवाहीलाई तालिका नं. १०३ मा प्रस्तुत गरिएको छ।

तालिका नं.१०३ : रणनीतिक योजनाको कार्यान्वयनको स्थिति

रणनीतिक उद्देश्य	रणनीति	कार्यनीति	कार्यान्वयनको स्थिति
१. आयोगको मानव संसाधन तथा संस्थागत क्षमता अभिवृद्धि गर्नु	१.१ आयोगका कार्य प्रणाली, संस्थागत पद्धतिहरूलाई विश्वसनीय बनाउने	१.१.१ कार्यसम्पादनसँग सम्बन्धित कानुनहरूको समायानुकूल परिमार्जन र सुधार गरिनेछ।	आयोगको ऐन परिमार्जन भएको र आयोगको कार्यसँग सम्बन्धित थप दुईवटा कार्यविधि जारी गरिएको।
		१.१.२ आयोगको मूल्य मान्यता अनुसार सङ्गठन संरचनालाई समयसापेक्ष सुधार गरिने छ।	लोक सेवा आयोगहरूको राष्ट्रिय सम्मेलनको निर्णय बमोजिम आयोगको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रदेश सरकारबाट स्वीकृत भई लागु गरिएको।
		१.१.३ रणनीतिक योजनाको आवधिक मूल्याङ्कन गरिनेछ।	आवधिक मूल्याङ्कन २०८३ असारमा हुने।
		१.१.४ लोक सेवा आयोगले सङ्घीय कानुनबमोजिम अपनाएको सिद्धान्त र मापदण्ड अवलम्बन गरिने छ।	अवलम्बन भइरहेको।
		१.१.५ उपयुक्त सूचकहरू निर्माण गरी आयोगबाट सम्पादित कार्यहरूको स्वःमूल्याङ्कन गरिने छ।	प्रारम्भ नभएको।
	१.२ आयोगका पदाधिकारी र कर्मचारीको कार्य सम्पादन क्षमता अभिवृद्धि गर्ने	१.२.१ कर्मचारीको ज्ञान, सिप र क्षमताको अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिने छ।	कर्मचारीको ज्ञान, सिप र क्षमता अभिवृद्धिका लागि लोक सेवा आयोगको लामो अनुभ प्राप्त विज्ञहरूबाट कर्मचारीको क्षमता विकास तथा पूनर्ताजगी कार्यक्रम सञ्चालन गरिएको।
		१.२.२ कार्य सम्पादन गर्न चाहिने दक्षता अभिवृद्धिका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा अवलोकन भ्रमण र अनुभव आदान प्रदान गरिनेछ।	पदाधिकारी र कर्मचारी सहितको टोलीले अन्य प्रदेश लोक सेवा आयोगहरूको अध्ययन अवलोकन भ्रमण गरी असल अभ्यास र अनुभव आदान प्रदान गरिएको।

रणनीतिक उद्देश्य	रणनीति	कार्यनीति	कार्यान्वयनको स्थिति
	१.३ सुशासन अभिवृद्धि गर्ने	१.३.१ आयोगका गतिविधिहरू वेबसाइट, बुलेटिन, स्मारिकामार्फत सार्वजनिक गरी पारदर्शिता कायम गरिने छ।	आयोगका गतिविधिहरू वेबसाइट, तीन महिने स्वतः प्रकाशन बुलेटिन, स्मारिकामार्फत सार्वजनिक गरिएको।
		१.३.२ आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गर्दै आयोगको खर्च मापदण्डलाई समयसापेक्ष र मितव्ययी बनाई आर्थिक अनुशासन कायम गरिने छ।	आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी कार्यविधि मस्यौदा गरिएको।
		१.३.३ प्राप्त गुनासोहरूको समयमा नै सुनुवाइ र सम्बोधन गरिने छ।	प्राप्त गुनासोहरूको समयमा नै सुनुवाइ र सम्बोधन गरिएको।
		१.३.४ कार्यप्रकृया र असल अभ्यासहरूको दस्ताबेजीकरण गरिने छ।	कार्यप्रकृया र असल अभ्यासहरूको दस्ताबेजीकरणको लागि वार्षिक रूपमा स्मारिका प्रकाशन गरिएको।
२. आयोगका भौतिक पूर्वाधार, सूचना प्रणाली र वित्तीय व्यवस्था सुदृढ गर्नु	२.१ भौतिक पूर्वाधारको विकास गर्ने	२.१.१ आवश्यक जग्गा प्राप्त गरी कार्यालय र परीक्षा भवन निर्माण गरिने छ।	जग्गा प्राप्त गर्न प्रदेश सरकार, महानगरपालिका र अन्य सरोकारवालासँग पहल भइरहेको।
	२.२ सञ्चार तथा सूचना प्रविधिको सुदृढीकरण गर्ने	२.२.१ सूचना, सञ्चार प्रविधि र अन्य उपकरणसम्बन्धी योजना तयार गरी कार्यान्वयन गरिने छ।	योजना तयारीको चरणमा रहेको
		२.२.२ सञ्चालनमा रहेका सञ्चार तथा सूचना प्रविधिको सुदृढीकरण गरिने छ।	सञ्चालनमा रहेका सञ्चार तथा सूचना प्रविधिको सुदृढीकरण गरिएको।
	२.३ वित्तीय स्रोत व्यवस्थापन गर्ने	२.३.१ परीक्षा दस्तुर पुनरावलोकन गरिने छ।	नभएको।
		२.३.२ रणनीतिक योजनाका उद्देश्य हासिल गर्नेगरी बजेट माग र व्यवस्था गरिने छ।	बजेटको व्यवस्था भएको।
३. स्वच्छता, निष्पक्षता र वैज्ञानिक परीक्षण विधि प्रयोग गर्दै उपयुक्त र योग्य उम्मेदवार छनोट गर्नु	३.१ पाठ्यक्रम परिमार्जन र परीक्षा सन्चालन तथा व्यवस्थापन प्रणाली सुदृढ गर्ने।	३.१.१ शिक्षण संस्था र प्रदेश तथा स्थानीय तहका निकायलगायत सरोकारवालाको सुझाव समेतका आधारमा पाठ्यक्रम निर्माण र परिमार्जन गरिने छ।	पाठ्यक्रम निर्माण र परिमार्जन भइरहेको।

रणनीतिक उद्देश्य	रणनीति	कार्यनीति	कार्यान्वयनको स्थिति
३. स्वच्छता, निष्पक्षता र वैज्ञानिक परीक्षण विधि प्रयोग गर्दै उपयुक्त र योग्य उम्मेदवार छनोट गर्नु		३.१.२ पाठ्यक्रम र परीक्षण प्रविधिमा सुधारका लागि विषयहरू पहिचान गरी अनुसन्धान गरिने छ।	प्रारम्भ नभएको।
		३.१.३ पदपूर्तिको वार्षिक कार्यतालिका कार्यान्वयन योजना बनाई कार्यान्वयन गरिने छ।	वार्षिक कार्यतालिका बनाई कार्यान्वयन गरिएको।
		३.१.४ प्रश्नपत्र सङ्कलन, प्रश्नपत्र परिमार्जन, र उत्तरपुस्तिका परीक्षण, सम्बन्धी मापदण्ड बनाई कार्यान्वयन गरिने छ।	प्रारम्भ नभएको।
		३.१.५ परीक्षा सञ्चालनका लागि जनशक्ति परिचालन एवम् व्यबस्थापनको मापदण्ड तयार गरी संलग्न हुने जनशक्तिलाई अभिमुखीकरण गरिने छ।	परीक्षा सञ्चालनका लागि जनशक्ति परिचालन एवम् व्यबस्थापन सम्बन्धी कार्यविधि तर्जुमा गरिएको।
	३.२ परीक्षण प्रविधिलाई समयानुकूल सुदृढ गर्ने	३.२.१ लिखित परीक्षा, नतिजा तयारी तथा प्रकाशन र सिफारिसका लागि सफ्टवेयर विकास गरी लागु गरिने छ ।	लागु नभएको
		३.२.२ OMR प्रणालीवाट गरिने नतिजा तयारी तथा प्रकाशन सम्बन्धी मापदण्ड तयार गरिने छ।	तयार नभएको
		३.२.३ राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रचलनमा रहेका उम्मेदवार छनोटका असल अभ्यास तथा विधिहरूको पहिचान गरी अवलम्बन गरिने छ।	प्रदेश सङ्गठित संस्थातर्फको नवौं तहमा मामिला अध्ययन तथा प्रस्तुतीकरण लागु गरिएको।

रणनीतिक उद्देश्य	रणनीति	कार्यनीति	कार्यान्वयनको स्थिति
	३.३ सार्वजनिक सेवा प्रति आकर्षण बढाउने	३.३.१ सार्वजनिक सेवा प्रति आकर्षण बढाउन शैक्षिक संस्थामा अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गरिने छ।	शैक्षिक संस्थामा अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गरिएको।
		३.३.२ विज्ञापन तथा सूचनाहरूलाई सबैको पहुँचमा पुर्याईनेछ।	विज्ञापन तथा सूचनाहरू वेवसाइट तथा राष्ट्रिय दैनिकहरूमा प्रकाशन भएको।
		३.३.३ अनलाईन दरखास्त प्रणालीलाई उम्मेदवार मैत्री बनाइनेछ।	User Manual समावेश गरिएको।
	३.४ दक्ष विशेषज्ञ सेवाको व्यवस्थापन गर्ने	३.४.१ सञ्चार तथा सूचना प्रविधिको उपयोग गरी वैज्ञानिक रूपमा दक्ष विशेषज्ञहरूको सूची अद्यावधिक गर्दै लगिने छ।	दक्ष विशेषज्ञहरूको सूची अद्यावधिक गरिएको।
		३.४.२ सूचीकृत दक्ष/विशेषज्ञहरूलाई आवश्यकता अनुसार अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने छ।	
४. परामर्श र उजुरी सुनुवाइलाई उपयुक्त, न्यायिक एवम् कार्यान्वयन योग्य बनाउनु,	४.१ आयोगद्वारा प्रदान गरिने परामर्श र बढुवाको निर्णय उपरको उजुरीसम्बन्धी निर्णयलाई निष्पक्ष, व्यवस्थित र प्रभावकारी बनाउने	४.१.१ कर्मचारीको सेवा, सर्त सम्बन्धी कानुन निर्माण तथा संशोधनमा उपयुक्त परामर्श प्रदान गरिने छ।	परामर्श दिने गरिएको।
		४.१.२ कर्मचारीको सेवा, समूह र उपसमूह परिवर्तनको सम्बन्धमा उम्मेदवारको उपयुक्तताको जाँच गरी परामर्श दिइने छ।	माग नभएको
		४.१.३ प्रदेश प्रहरी सेवाको पदमा नियुक्ति, बढुवा वा विभागिय कारबाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्त निर्धारण गरिने छ।	माग नभएको
		४.१.४ प्रदेश तथा स्थानीय सेवामा कार्यरत कर्मचारीलाई विभागीय सजाय प्रस्ताव भई आएमा कानुनसम्मत र न्यायिक पक्षलाई विचार गरी परामर्श दिइने छ।	परामर्श दिइएको।

रणनीतिक उद्देश्य	रणनीति	कार्यनीति	कार्यान्वयनको स्थिति
		४.१.५ उजुरीको ब्यहोरा, बढुवा समितिको प्रतिक्रिया, कानुनको व्यवस्थासमेतका आधारमा तोकिएको म्यादभित्र सुनुवाइ गरी निर्णय दिइने छ।	तोकिएको म्यादभित्र नै उजुरी सुनुवाइ गरिएको।
५. आयोगको कार्य सञ्चालन प्रक्रियालाई समन्वयात्मक, व्यवस्थित र प्रभावकारी बनाउने,	५.१ निरीक्षण र अनुगमन कार्यलाई प्रभावकारी बनाउने	५.१.१ प्रदेश तथा स्थानीय तह, प्रदेश प्रहरी सेवा सञ्चालन गर्ने निकायले नियुक्ति गर्दा संविधान, प्रचलित कानुन र आयोगले तोकेको स्वीकृत कार्यविधि र सर्त पालना गरे नगरेको विषयमा निरीक्षण गरी सुधार गर्नुपर्ने भए सम्बन्धित निकायमा पठाई त्यसको कार्यान्वयनको अनुगमन गरिने छ।	निरीक्षण गरिएको र कतिपय स्थानीय तहबाट आफू खुशी स्थायी पदपूर्ति प्रक्रियालाई खारेज गरिएको।
	५.२ वार्षिक प्रतिवेदन तयार गरी पेस गर्ने	५.२.१.वार्षिक रूपमा सम्पादन गरिएका काम कारबाहीको तथ्यपरक विवरण एवम् उपयुक्त सुझाव सहितको वार्षिक प्रतिवेदन तयार गरी पेश गरिने छ।	समयमा नै वार्षिक प्रतिवेदन तयार गरी पेश गरिएको।
	५.३ लोक सेवा आयोग र अन्य प्रदेश लोक सेवा आयोगहरूसँगको समन्वय, सहयोग र सहकार्य सुदृढ बनाउने	५.३.१ लोक सेवा आयोग र अन्य प्रदेश लोक सेवा आयोगहरूसँगको समन्वय, सहयोग र सहकार्यलाई सुदृढ गरिने छ।	आयोगले राष्ट्रिय सम्मेलनमा सहभागिता जनाएका र प्रदेश लोक सेवा आयोगहरूको सम्मेलन आयोजना समेत गरेको।
	५.४ सरोकारवाला सम्बद्ध निकाय/पक्षसँग कार्यगत सम्बन्ध, आपसी सहयोग र समन्वय गर्ने	५.४.१ प्रदेश तथा स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरूसँग पदपूर्ति सम्बन्धमा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिने छ।	विभिन्न स्थानीय तहमा गई अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको।
		५.४.२ परीक्षा सञ्चालन तथा व्यवस्थापनका विषयमा शिक्षण संस्थासँग आवश्यक समन्वय गरिने छ।	समन्वय भइरहेको।

रणनीतिक उद्देश्य	रणनीति	कार्यनीति	कार्यान्वयनको स्थिति
		५.४.३ आयोग, लोक सेवा आयोग एवम् अन्य प्रदेश लोक सेवा आयोगले अवलम्बन गर्दै आएका असल अभ्यास अभिलेखीकरण र आवश्यकता अनुसार अनुसरण गरिने छ र आयोगका असल अभ्यासको प्रवर्धन गरिने छ।	आयोगका असल अभ्यासको प्रवर्धन गरिएको।
	५.५ आचार संहिताको प्रभावकारी पालना गर्ने गराउने	५.५.१ आयोगका पदाधिकारी एवम् कर्मचारीबाट आचार संहिता पूर्ण रूपमा पालना गर्ने गराइने छ।	आचार संहीता पूर्ण रूपमा पालना गर्ने गरिएको।
		५.५.२ आयोगको कार्य प्रक्रियामा संलग्न दक्ष/विशेषज्ञलाई आचारसंहिता पूर्णरूपमा पालना गराइने छ।	आचार संहिता पूर्ण रूपमा पालना गराइएको।

११.८ भावी योजना तथा कार्यक्रम

१. गण्डकी प्रदेश लोक सेवा आयोगको प्रथम पञ्चवर्षीय रणनीतिक योजना (२०८१/८२-०८५/८६) को प्रभावकारी कार्यान्वयन,
२. पदाधिकारी र कर्मचारीहरूको राष्ट्रिय तथा अन्तराष्ट्रिय अध्ययन अवलोकन र अनुभव आदान-प्रदान,
३. जग्गा प्राप्ति र कार्यालय भवन निर्माण,
४. सूचना तथा सञ्चार प्रविधि सम्बन्धी रणनीतिक योजनाको तर्जुमा र सञ्चार तथा सूचना प्रविधिको सुदृढीकरण,
५. दक्ष/विशेषज्ञहरूको अभिमुखीकरण,
६. प्रश्नपत्र सङ्कलन, प्रश्नपत्र परिमार्जन, र उत्तरपुस्तिका परीक्षणमा समायनुकुल परिमार्जन र दक्ष विज्ञहरूको सुची अद्यावधिकीकरण,
७. परीक्षा सञ्चालन तथा व्यवस्थापन कार्यविधिबमोजिम जनशक्तिको सुची तयारी र अभिमुखीकरण,
८. असल अभ्यास सिकाइ र दस्तावेजीकरण,
९. प्रदेश तथा स्थानीय तहमा पदपूर्ति सम्बन्धमा अभिमुखीकरण, अन्तरक्रिया तथा पृष्ठपोषण,
१०. शैक्षिक संस्थाहरूमा योग्य उम्मेदवार आकर्षण गर्न अभिमुखीकरण,
११. प्रदेश तथा स्थानीय तहको निरीक्षण तथा अनुगमनमा सक्रियता,
१२. अनुसन्धानात्मक र प्रवर्द्धनात्मक कार्यमा जोड र
१३. तालिम तथा क्षमता विकासका कार्यक्रम।

आयोग माथि उल्लिखित भावी योजना तथा कार्यक्रमको कार्यान्वयन गर्दै उपयुक्त उम्मेदवार छनोटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्धन गर्दै प्रदेश तथा स्थानीय तहको सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउन दृढ सङ्कल्पित छ।

सुझाव कार्यान्वयनको स्थिति

गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ५० बमोजिम आयोगले प्रत्येक आर्थिक वर्ष समाप्त भएसँगै हालसम्म चारवटा वार्षिक प्रतिवेदन प्रदेश प्रमुख समक्ष पेश गरिसकेको छ ।आयोगले कार्यसम्पादनको क्रममा अनुभुत गरेका विषयहरू प्रतिवेदन मार्फत विभिन्न सुझावहरू प्रस्तुत गर्दै आएको छ । स्थापनाकाल आ.व. २०७७/०७८ देखि आ.व. २०८०/०८१ सम्म पेश गरिएका वार्षिक प्रतिवेदनहरूमा औल्याएका सुझाव र सोको कार्यान्वयन स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

क्र.सं.	प्रतिवेदन वर्ष	पेश भएका सुझाव	सुझाव कार्यान्वयनको स्थिति
१	आ.व. २०७७/०७८ र आ.व. २०७९/०८०	प्रदेश लोक सेवा आयोग ऐन, २०७६ कार्यान्वयन गर्न आवश्यक नियमावली बनाउने अधिकार र सो ऐन कार्यान्वयन गर्न बाधा अड्काउ फुकाउने अधिकार समेत आयोगलाई हुने गरी यथाशीघ्र ऐन संशोधन हुनुपर्ने ।	केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९ द्वारा आयोगलाई आवश्यक नियमावली बनाउने अधिकार प्राप्त भएको र सोही अनुरूप गण्डकी प्रदेश लोक सेवा आयोग नियमावली, २०८० आयोगद्वारा जारी गरिएको ।
२	आ.व. २०७७/०७८ र आ.व. २०७८/०७९	प्रदेश निजामती सेवा र स्थानीय सेवा गठन र सञ्चालन गर्ने ऐन नियम यथाशीघ्र जारी हुनुपर्ने ।	प्रदेश निजामती सेवा ऐन, २०७९ र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ तथा प्रदेश निजामती सेवा नियमावली, २०८० र स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० जारी भएको ।
३	आ.व. २०७७/०७८ देखि आ.व.२०८०/०८१ सम्म	प्रदेश तथा स्थानीय तहको कर्मचारीको सेवा शर्त सम्बन्धी कानुन निर्माण गर्दा तथा नियुक्ति, बढुवा वा विभागिय कारवाही गर्दा अनिवार्य रूपमा परामर्श माग गर्नुपर्ने ।	कर्मचारीको सेवा शर्त सम्बन्धी कानुन निर्माण, परिमार्जन तथा कर्मचारी बढुवा र विभागीय सजायका सम्बन्धमा परामर्श माग गर्ने गरेको ।
४	आ.व. २०७७/०७८ देखि आ.व. २०८०/०८१ सम्म	आयोगको लागि जग्गा प्राप्ति तथा भवन निर्माण सम्बन्धमा प्रदेश सरकारबाट पहल हुनुपर्ने ।	आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रमको बुँदा नं. १३२ र वजेट वक्तव्यको बुँदा नं. १२३ मा सम्बोधन भई जग्गा प्राप्ति र भवन निर्माण प्रकृया अगाडि बढाउन आवश्यक बजेट विनियोजन भएको तर जग्गा व्यवस्थापनको कार्य भई नसकेको ।

क्र.सं.	प्रतिवेदन वर्ष	पेश भएका सुझाव	सुझाव कार्यान्वयनको स्थिति
५	आ.व. २०७८/०७९ देखि आ.व. २०८०/०८१ सम्म	प्रदेश र स्थानीय तहबाट समय मै रिक्त पदको माग आकृति फाराम पठाउनुपर्ने ।	प्रदेश सरकार र अधिकांश स्थानीय तहबाट समयमै रिक्त पदको माग आकृति फाराम पठाउने गरेको भए तापनि अझै कतिपय स्थानीय तहबाट रिक्त सबै पदमा माग प्राप्त हुन नसकेको ।
६	आ.व. २०७८/०७९	आयोगबाट विज्ञापन भएका पदमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट सरुवा र समायोजन संशोधन मिलान कार्य तत्काल रोकिनु पर्ने ।	सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट सरुवा र समायोजन संशोधनको कार्य अन्त्य भएको भए तापनि मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट हालसम्म कामकाजमा खटाउने प्रवृत्ति जारी रहेको ।
७	आ.व. २०७९/०८० र आ.व. २०८०/०८१	सङ्घीय निजामती सेवाबाट प्रदेश सचिव र प्रमुख प्रशासकीय अधिकृत खटिने व्यवस्था संविधानको भावना र मर्म अनुरूप तथा कर्मचारी समायोजन ऐन, २०७५ अनुकुल नभएकोले प्रदेश निजामती सेवा ऐन तथा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन बमोजिम प्रदेश सचिव र प्रमुख प्रशासकीय अधिकृत हुनुपर्ने ।	प्रस्तावित सङ्घीय निजामती सेवा ऐन जारी भई नसकेको ।
८	आ.व. २०७९/०८० र आ.व. २०८०/०८१	प्रदेश तथा स्थानीय तहमा कार्यरत कर्मचारी तोकिएको प्रक्रियाद्वारा विभिन्न तहको सेवामा जान अन्तरतहको वृत्ति विकासको अवसर प्रदान गर्ने गरी सङ्घीय निजामती सेवा ऐन जारी हुन पहल हुनुपर्ने ।	प्रस्तावित सङ्घीय निजामती सेवा ऐन जारी भई नसकेको ।
९	आ.व. २०७९/०८० र आ.व. २०८०/०८१	करारमा कर्मचारी भर्ना गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्नुपर्ने ।	कतिपय निकायबाट स्थायी पदपूर्ति नगरी हालसम्म पनि करारमा कर्मचारी भर्ना गर्ने प्रवृत्ति जारी रहेको ।
१०	आ.व. २०७९/०८० र आ.व. २०८०/०८१	पद दर्ता र कर्मचारीको सिटरोल दर्ता गरी कर्मचारी अभिलेख व्यवस्थापन हुनुपर्ने ।	प्रदेश किताबखानाको स्थापना भई संङ्गठन तथा पद दर्ताको कार्य अगाडि बढेको ।

क्र.सं.	प्रतिवेदन वर्ष	पेश भएका सुझाव	सुझाव कार्यान्वयनको स्थिति
११	आ.व. २०८०/०८१	प्रचलित कानुन विपरित स्थानीय तहमा कामकाजमा आएका कर्मचारीको तहवृद्धि/तह कायम गरेको देखिएको हुँदा कर्मचारी प्रशासन सम्बन्धी कार्य गर्ने मुख्य निकायले समय-समयमा व्यवस्थापन परीक्षण गरी कर्मचारी व्यवस्थापनमा प्रभावकारी भूमिका निर्वाह गर्नुपर्ने।	कतिपय स्थानीय तहबाट प्रचलित कानुन विपरित कामकाजमा आएका कर्मचारीको तहवृद्धि/तह कायम खारेज गरिएको तर प्रदेश तथा स्थानीय तहको कर्मचारी प्रशासन सम्बन्धी कार्य गर्ने मुख्य निकायबाट अपेक्षित रूपमा व्यवस्थापन परीक्षणको कार्य प्रभावकारी भएको नदेखिएको ।
१२	आ.व. २०८०/०८१	लक्षित वर्गसम्म पहुँच पुऱ्याउन प्रदेश तथा स्थानीय तहको कर्मचारी सेवा शर्त सम्बन्धी कानुनमा विपन्न खस आर्य र अपाङ्गता भएका व्यक्तिहरूका लागि भएको कानुनी व्यवस्थामा थप स्पष्टता हुन जरुरी रहेको ।	हालसम्म कानुनी स्पष्टता हुन नसकेको ।

परिच्छेद तेह्र

ध्यानाकर्षण तथा सुझाव

नेपालको संवैधानिक व्यवस्था एवम् प्रदेश कानुन बमोजिम गण्डकी प्रदेश लोक सेवा आयोग गठन भई प्रदेश तथा स्थानीय तहको सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउन प्रदेशका विभिन्न मन्त्रालय तथा निकायहरू, स्थानीय तहहरू र सङ्गठित संस्थाका लागि योग्यता, निष्पक्षता र स्वच्छताको पद्धति अवलम्बन गरी तेम्रो तहदेखि एघारौँ तहसम्मका जनशक्तिको भर्ना तथा छनोटको माध्यमबाट उपयुक्त मानव संसाधनको पदपूर्ति हुँदै आएको छ। यस अतिरिक्त आयोगले प्रदेश तथा स्थानीय तहको कर्मचारी सेवा गठन, सञ्चालन र सेवा शर्त सम्बन्धी कानुन निर्माण तथा परिमार्जनमा परामर्श दिने, प्रदेश तथा स्थानीय तहका कार्यालयको निरिक्षण गर्ने, जनप्रतिनिधि तथा कर्मचारीहरूसँग छलफल तथा अन्तरक्रिया गर्ने र विश्वविद्यालय एवम् क्याम्पस जस्ता शिक्षण संस्थामा अध्ययनरत विद्यार्थीहरूलाई सार्वजनिक सेवाप्रति आकर्षण बढाउन अनुशिक्षण गर्ने कार्यहरू गर्दै आइरहेको छ। उल्लिखित कार्यहरू सम्पादन गर्ने क्रममा अनुभुत गरेका विषयहरूलाई समेटी देहाय बमोजिम ध्यानाकर्षण तथा सुझाव प्रस्तुत गरिएको छ।

क्र. सं.	ध्यानाकर्षण	सुझाव
१.	प्रदेश र स्थानीय तहको निजामती तथा सरकारी सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन (नियुक्ति, सरुवा, बढुवा आदि कार्य) प्रदेश कानुन बमोजिम हुने संवैधानिक व्यवस्था बमोजिम प्रदेश र स्थानीय तहको निजामती, सरकारी सेवाको गठन, सेवा, शर्त सम्वन्धी कानुन जारी भई कार्यान्वयनमा आइसकेको अवस्थामा पनि प्रस्तावित सङ्घीय निजामती सेवा ऐनको परिच्छेद १२, प्रशासनिक अन्तरसम्बन्ध अन्तर्गत रहेका विभिन्न दफाहरूमा प्रस्तावित व्यवस्थाले प्रदेश सचिव र प्रमुख प्रशासकीय अधिकृत १० वर्षसम्म खटिई आउने समेतका विषयहरू नेपालको संविधानको व्यवस्था, भावना र मर्म एवम् कर्मचारी समायोजन ऐन, २०७५ अनुकुल देखिँदैन । प्रदेश एवम् स्थानीय तहको सार्वजनिक प्रशासनमा स्थायित्व नहुने, संस्थागत स्मरण कमजोर हुने, नीति तथा कार्यक्रम निर्माण र कार्यान्वयनमा असहज हुने, कर्मचारीको वृत्ति विकासमा असर पर्ने, खटिई आउने कर्मचारीमा प्रदेश/स्थानीय तहप्रति जिम्मेवारी, उत्तरदायित्व र जवाफदेहिताको अभाव हुने देखिन्छ।	सङ्घीय निजामती सेवा विधेयकमा सङ्घबाट प्रदेश सचिव र प्रमुख प्रशासकीय अधिकृत १० वर्षसम्म खटाउने, १२ औँ तहको पद १० वर्षसम्म सिर्जना हुन नसक्ने समेतका विषय संविधानको भावना, मर्म र कर्मचारी समायोजन ऐन, २०७५ अनुकुल नभएको सम्बन्धमा सङ्घीयताको मर्म अनुरूप प्रदेश तथा स्थानीय तहमा कार्यरत कर्मचारीहरूमा उत्प्रेरणा जगाउने, जिम्मेवारी र उत्तरदायित्व अभिवृद्धि गर्ने गराउने गरी ऐन जारी गर्नुपर्ने देखिन्छ।

क्र. सं.	ध्यानाकर्षण	सुझाव
२.	नेपालको संविधान, प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड) ऐन, २०७५, गण्डकी प्रदेश लोक सेवा आयोग ऐन,२०७६, गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ तथा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ जारी भइसकेपछि पनि उल्लिखित कानुन विपरित कतिपय स्थानीय तहले आयोगको परामर्श बिना ठूलो सङ्ख्यामा कर्मचारी स्थायी गर्ने कार्य गरेबाट योग्यता प्रणालीको प्रवर्धन तथा सामाजिक समावेशीकरणमा गहिरो असर र प्रभाव पार्ने देखिन्छ। जसबाट समग्र प्रदेशभित्रका स्थानीय सेवाका कर्मचारीहरूको नियुक्ति एवम् वृत्ति विकासमा समेत नकारात्मक प्रभाव पर्ने देखिन्छ।	नेपालको संविधान, प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड) ऐन, २०७५, गण्डकी प्रदेश लोक सेवा आयोग ऐन,२०७६, गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ तथा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ मा रहेको प्रदेश सरकार तथा स्थानीय तहबाट निवृत्तिभरण पाउने पदमा स्थायी नियुक्ति गर्दा प्रदेश लोक सेवा आयोगको सिफारिस/परामर्शमा मात्र गर्नुपर्ने व्यवस्था अक्षरशः पालना गर्नुपर्छ।
३.	नेपालको संविधान, प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड) ऐन, २०७५, गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६, गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ तथा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ मा भएको व्यवस्था विपरित प्रदेश निजामती सेवा र स्थानीय सेवाका पदमा करार सेवाबाट कर्मचारी भर्ना गरी कार्यसम्पादन गर्ने गराउने प्रवृत्ति देखिन्छ। यसबाट योग्यता प्रणालीको प्रवर्धन एवम् राज्यका निकायहरूमा नागरिकको समानुपातिक समावेशी सहभागिता सुनिश्चित गर्ने संवैधानिक एवम् कानुनी व्यवस्थामा प्रभावित हुने देखिन्छ।	प्रदेश तथा स्थानीय तहका कर्मचारीहरूको वृत्ति विकास सुनिश्चित गर्न कानुनबमोजिम सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गराउने, स्वीकृत गर्ने, पद दर्ता गर्ने, रिक्त पदको पदपूर्तिका लागि आयोगमा माग पठाउने र योग्यता प्रणालीको प्रवर्धन गर्दै आयोगबाट सिफारिस भई आएका कर्मचारीहरूलाई स्थायी नियुक्ति गर्नुपर्ने र स्थायी प्रकृतिको काममा करारमा कर्मचारी भर्ना गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्नुपर्ने देखिन्छ।
४.	संविधानको धारा २४४ को उपधारा (३) को प्रावधान बमोजिम सङ्घीय संसदबाट जारी भएको प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ ले प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेशको अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा तथा स्थानीय तहको सङ्गठित संस्थाको पदमा उपयुक्त उम्मेदवार छनोट गर्ने जिम्मेवारी प्रदेश लोक सेवा आयोगलाई दिएको छ। सोही ऐनको दफा २ को खण्ड (च) मा सङ्गठित संस्था भन्नाले पचास प्रतिशत वा सोभन्दा बढी शेयर वा जायजेथामा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रण भएको संस्था, कम्पनी, बैङ्क, समिति वा प्रदेश कानुन बमोजिम स्थापित वा प्रदेश सरकारद्वारा गठित आयोग, संस्था,प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद् र यस्तै प्रकृतिका अन्य सङ्गठित संस्थालाई परिभाषित गरेको छ।	प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ र गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६ द्वारा प्रदत्त जिम्मेवारीको मर्म र भावना अनुसार प्रदेश सङ्गठित संस्थाको सेवामा स्थायी पदपूर्ति आयोगको सिफारिसमा नियुक्त हुनुपर्ने भएकाले तदअनुकुल गण्डकी विश्वविद्यालय ऐन, २०७६ को दफा १३ को व्यवस्था संशोधन तथा परिमार्जन गर्नुपर्ने देखिन्छ।

क्र. सं.	ध्यानाकर्षण	सुझाव
	गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ९ मा उल्लिखित काम,कर्तव्य र अधिकारमा समेत प्रदेश निजामती सेवा, प्रदेश अन्य सरकारी सेवा, प्रदेश सङ्गठित संस्थाको सेवा, स्थानीय सरकारी सेवा र स्थानीय तहको सङ्गठित संस्थाको सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनोट गर्न परीक्षा सञ्चालन गर्नु आयोगको कर्तव्य हुने व्यवस्था गरिएको छ। यस अनुरूप स्वशासित सङ्गठित संस्थाको रूपमा स्थापित गण्डकी विश्वविद्यालयको पदमा पदपूर्ति गर्ने अधिकार आयोगमा हुनुपर्ने देखिन्छ। हालै उक्त विश्वविद्यालयले सीमित आन्तरिक प्रतियोगिताबाट करारमा कार्यरत कर्मचारीलाई स्थायी पदपूर्तिका लागि गरेको आन्तरिक विज्ञापनमा आयोगको गम्भिर ध्यानाकर्षण भएको छ। गण्डकी विश्वविद्यालय ऐन, २०७६ को दफा १३ बमोजिमको जनशक्ति व्यवस्थापन समिति संविधान, प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ एवम् गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६ सँग तादाम्यता भएको देखिँदैन। आयोगको परामर्श बिना यस किसिमको सीमित प्रतिस्पर्धीबीच गरिने स्थायी पदपूर्तिले योग्यताप्रणालीको मर्म र भावनामा अतिक्रमण हुने र खुला तथा समावेशी समूहबाट प्रतिस्पर्धा गर्न पाउने क्षमता र प्रतिभा भएका योग्य नागरिकको हक तथा अधिकार माथि आघात पुग्ने देखिन्छ।	
५.	प्रदेश र स्थानीय तहमा आयोगबाट सिफारिस भई नियुक्ति भएका, परीक्षणकाल समेत व्यतित नभएको अवस्थामा सरुवा सहमति दिने, सरुवा गर्ने र कामकाजमा खटाउने प्रवृत्ति हालसम्म जारी रहेको देखिन्छ। यसबाट कतिपय स्थानीय तहमा कर्मचारीको कमी भई सेवा प्रवाहमा प्रत्यक्ष असर परेको देखिन्छ भने कतिपय पदहरूमा दोहोरो पदपूर्ति हुने देखिन्छ। जसले गर्दा कर्मचारी व्यवस्थापन, दरबन्दी व्यवस्थापन र कर्मचारीको अभिलेख व्यवस्थापनमा समस्या र चुनौति सृजना हुने देखिन्छ।	गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ तथा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ ले व्यवस्था गरे बमोजिम सम्बन्धित ऐनको दफा किटान गरी अवधि खुलाएर कर्मचारीलाई एक कार्यालयबाट अर्को कार्यालयमा तथा एक स्थानीय तहबाट अर्को स्थानीय तहमा सरुवा गर्ने वा काजमा खटाउने गर्नु पर्दछ। प्रदेश तथा स्थानीय तहका कर्मचारीहरूको सरुवा बढुवा लगायतका कर्मचारी प्रशासन सम्बन्धी कार्यहरू गर्ने मुख्य निकायले समय-समयमा गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १२९ बमोजिम व्यवस्थापन परीक्षण गरी कर्मचारी व्यवस्थापनमा प्रभावकारी भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ।

क्र. सं.	ध्यानाकर्षण	सुझाव
६.	गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ तथा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ ले व्यवस्था गरे बमोजिमका सेवा, समूह, उपसमूह अनुसार हालसम्म पनि कतिपय पदनाम कायम हुन नसक्दा पदपूर्ति हुन सकेको छैन। प्रदेश सरकार र स्थानीय तहको दरबन्दी पुनरावलोकन गरी प्रदेश कितावखानामा पद दर्ता हुन सकेमा कर्मचारी सङ्केत नम्बरबाट सरुवा, बढुवा, काज तथा विभागीय कारवाही लगायतका विषयमा अभिलेख व्यवस्थापन भई कानुन बमोजिम आवश्यक जनशक्तिको पदपूर्तिमा सघाउ पुग्ने देखिन्छ।	गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ तथा नियमावली, २०७९ र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन तथा नियमावलीमा उल्लेख भएका विभिन्न सेवा समूह अनुसारका पदनामहरू तोकी शैक्षिक योग्यता स्पष्ट हुन सकेमा प्रदेश लोक सेवा आयोगबाट रिक्त पदमा पदपूर्ति गर्न सहज हुने देखिन्छ। प्रदेश तथा स्थानीय तहमा नयाँ सिर्जना तथा परिमार्जन भएका पदहरूको पद दर्ता गर्ने तथा आयोगबाट सिफारिस भएका कर्मचारीको सिटरोल दर्ता गर्ने कार्य अगाडि बढाई अभिलेख व्यवस्थापन अभियानका साथ सम्पन्न गर्न जरुरी देखिन्छ।
७.	प्रदेश तथा स्थानीय तहमा कार्यरत कर्मचारीले प्राप्त गर्ने औषधोपचार, उपदान, निवृत्तीभरण लगायतका सेवा सुविधाका सम्बन्धमा स्पष्ट कानुनी प्रबन्ध र संस्थागत तथा बजेट व्यवस्था हुन नसक्दा कार्यरत कर्मचारीहरूमा अन्यौलता सिर्जना भएको र खासगरी स्थानीय सेवाको पदमा छिटो छिटो पद रिक्त हुन गई सेवा प्रवाहमा नै प्रत्यक्ष असर परेको देखिन्छ।	स्थानीय तहमा कार्यरत कर्मचारीको मनोबल वृद्धि गरी सेवा प्रवाहमा उत्प्रेरित गर्न कर्मचारीले प्राप्त गर्ने सञ्चित बिदा, औषधोपचार, उपदान र निवृत्तीभरण लगायतका सेवा सुविधाको रकम सहज ढङ्गले प्राप्त हुने सुनिश्चितताका लागि आवश्यक कानुनी प्रवन्ध र संस्थागत तथा बजेटको व्यवस्था गर्न जरुरी देखिन्छ।
८.	गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६ तथा सम्बन्धित नियमावली, निर्देशिका र लोक सेवा आयोग, आधार र मापदण्ड बमोजिम विभिन्न महाशाखा/शाखागत स्वीकृत संरचनाबाट कार्यसम्पादन गर्नुपर्ने र हाल आयोग भाडामा रहेको भवनको संरचना आयोगको नियमित तथा दैनिक रूपमा सम्पादन गर्नुपर्ने कार्य प्रकृति अनुरूप नहुँदा कार्यसम्पादन असहज हुने गरेको छ।	संविधान एवम् सङ्घीय कानुन बमोजिम लोक सेवा आयोगका सिद्धान्त र मापदण्ड अवलम्बन गरी विभिन्न महाशाखा/शाखागत कार्य विभाजन अनुसारको गोप्य र संवेदनशील कार्य सम्पादन गर्न आफ्नै जग्गा तथा भवन संरचना निर्माण गर्न बहुवर्षीय कार्यक्रम अन्तर्गत आवश्यक बजेट विनियोजन भएकोले उपयुक्त जग्गा प्राप्तिका लागि आवश्यक पहल हुनुपर्ने देखिन्छ।

क्र. सं.	ध्यानाकर्षण	सुझाव
९.	प्रदेशको सार्वजनिक प्रशासनको संरचनालाई उपलब्ध स्रोत र साधनको सीमा भित्र रही सङ्गठन संरचना चुस्त दुरुस्त बनाउनु पर्ने देखिन्छ। कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भई आएका र प्रदेश लोक सेवा आयोगबाट सिफारिस भएका कर्मचारीको वृत्तिविकास, पदसोपान, सङ्गठनको गतिशिलता र सेवा प्रवाहमा पार्ने प्रभाव समेतको विश्लेषण गरी सङ्गठन संरचना र दरवन्दी पुनरावलोकनको कार्य वस्तुगत रूपमा हुन नसकेमा कार्यरत कर्मचारीको वृत्ति विकास, स्रोत साधनको अत्युत्तम उपयोग र सेवा प्रवाहमा असर पुग्न जाने देखिन्छ।	सङ्गठन तथा दरबन्दी संरचनालाई चुस्त दुरुस्त बनाई सार्वजनिक प्रशासनलाई मितव्ययी, सूचना प्रविधिमैत्री, उत्तरदायी र सेवाग्राही मैत्री बनाउन निरन्तर सुधार गर्दै लैजानुपर्ने हुन्छ। कार्यक्षेत्र एवम् कार्यविवरण, उपलब्ध स्रोत साधन तथा प्रविधि, आवश्यक जनशक्तिको पदसोपान, वृत्ति विकास, सेवा प्रवाह समेतलाई ध्यानमा राखी वस्तुपरक विश्लेषणको आधारमा सङ्गठन संरचना एवम् दरबन्दी पुनरावलोकन गर्न उपयुक्त हुने देखिन्छ।
१०.	प्रदेश लोक सेवा आयोगबाट सिफारिस भएका, समायोजन भई आएका र तहवृद्धि तथा बढुवा भएका कर्मचारीलाई कार्यप्रकृति अनुसारको सेवा प्रवेश तथा सेवाकालीन तालिमको समयमा नै व्यवस्था हुन नसक्दा कर्मचारीमा उत्प्रेरणामा कमी, सम्बन्धित कार्यक्षेत्र र कार्यप्रकृतिको अनुभवमा कमी हुन गई सार्वजनिक सेवा प्रवाहमा अपेक्षित उपलब्धि हुन नसकेको देखिन्छ।	कर्मचारी व्यवस्थापन गर्ने मुख्य जिम्मेवारी रहेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रदेशका मन्त्रालय/निकाय र स्थानीय तहसँग समन्वय गर्दै तालिम प्रदायक निकायहरूबाट सेवा प्रवेश, सेवाकालीन र समय-समयमा क्षमता अभिवृद्धि लगायतका तालिमहरूको व्यवस्था गर्नुपर्ने देखिन्छ।

अनुसूची-१

आयोगको लोगो

प्रयोग गरिएका सङ्केतको संक्षिप्त व्याख्या

१. पुस्तक: प्रस्तुत सङ्केतले प्रदेश लोकसेवा आयोग, गण्डकी प्रदेशबाट लिइने परीक्षा तयारीको लागि उम्मेदवारले महत्वपुर्ण पुस्तक, दस्तावेज, उत्कृष्ट लेखरचना, विद्वानका विचार तथा विभिन्न माध्यमबाट उपलब्ध हुने सामग्रीको अध्ययन र लोकसेवाको प्रश्नपत्र समेतको प्रतिनिधित्व गर्दछ ।

२. महिला/पुरुष: प्रस्तुत सङ्केतमा रातो रङले महिला र निलो रङले पुरुष (समावेशिता) लाई जनाउँछ । साथै उक्त सङ्केतले शान्त वातावरणमा निरन्तर, सुक्ष्म अध्ययनरत विद्यार्थी/उम्मेदवार र परीक्षामा सहभागिताको समेत प्रतिनिधित्व गर्दछ ।

३. कलम: बृहत अध्ययन पश्चात सहभागिले आफ्ना विचारहरु कलम मार्फत प्रकट गर्दछ र मूल्याङ्कन कर्ताले निष्पक्ष रुपमा जाँच गरी अङ्क प्रदान गरी सक्षम उम्मेदवार छनौट हुँदा सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउन सकिन्छ भन्ने विषयको प्रतिनिधित्व गर्दछ ।

४. तराजु: प्रस्तुत सङ्केतले उम्मेदवार छनौटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीको प्रवद्धनको प्रतिनिधित्व गर्दछ ।

५. प्रदेश नक्सा: प्रदेश लोकसेवा आयोग, गण्डकी प्रदेश रहेको प्रदेशको सङ्केत गर्दछ साथै यसमा प्रयोग गरिएको सेतो रङले प्रदेश अन्तर्गत रहेका हिमालहरुलाई समेत चिनाउँछ ।

६. हरियो रङ: प्रदेश अन्तर्गत रहेको भुगोल र वनजङ्गललाई जनाउँछ ।

७. निलो रङ : गण्डकी प्रदेशको प्रमुख पहिचान झल्काने बहुसंख्यक ताल तथा खोलानालाहरुको प्रतिनिधित्व गर्दछ ।

८. निलो रङ भित्रको सेतो धर्का: निलो रंग भित्रका पानीको वेभ जस्तै देखिने सेता धर्काले रमाइलो समूहलाई जनाउँछ ।

९. बुद्धका आँखा: शुद्ध अध्ययन र जाँचबुझलाई जनाउँछ ।

अनुसूची-२

आ.व. २०८१/०८२ को पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिका

क. प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवा तर्फ:

सि. नं.	तह	पदपूर्तिको किसिम		माग संकलन तथा प्रतिशत निर्धारण	विज्ञापन सूचना प्रकाशन	परीक्षा सञ्चालन	लिखित परीक्षा नतिजा	अन्तर्वार्ता र सिफारिस
१.	एघारौं तहका (अप्राविधिक/प्राविधिक) पदहरु	बढुवा		आवश्यकता अनुसार				
२.	नवौं तहका (अप्राविधिक/प्राविधिक) पदहरु	खुला, अन्तर तह, आ.प्र.		भदौ	असोज	कार्तिक/मंसीर	मंसीर/पुस	पुस/माघ
		बढुवा			दोस्रो बुधबार			
३.	स्वास्थ्य सेवाका आठौं तहका (प्राविधिक) पदहरु	खुला		भदौ	असोज दोस्रो बुधबार	कार्तिक/मंसीर	मंसीर/पुस	पुस/माघ
४.	सातौं तहका (प्राविधिक) पदहरु	खुला, अन्तर तह		असोज	कार्तिक दोस्रो बुधबार	मंसीर/पुस	माघ/फागुन	चैत्र/ बैशाख
		बढुवा						
५.	सातौं तहका (अप्राविधिक) पदहरु	खुला, अन्तर तह	प्रथम चरण	असोज	कार्तिक दोस्रो बुधबार	मंसीर/पुस	पुस/माघ	
			द्वितीय चरण			पुस/माघ	फागुन/चैत्र	चैत्र/ बैशाख
		बढुवा						
६.	पाँचौं तहका (प्राविधिक/अप्राविधिक) पदहरु	खुला	*प्रथम चरण	कार्तिक	मंसीर दोस्रो बुधबार	पुस/माघ	माघ/फागुन	
			द्वितीय चरण			माघ/फागुन	चैत्र/बैशाख	जेष्ठ/आषाढ
		बढुवा						
७.	चौथो तहका (प्राविधिक/अप्राविधिक) पदहरु	खुला	*प्रथम चरण	मंसीर	पुस दोस्रो बुधबार	माघ/फागुन	चैत्र/बैशाख	
			द्वितीय चरण			चैत्र/बैशाख	जेष्ठ/आषाढ	आषाढ
		आ.प्र.						
८.	तृतीय तह	खुला		मंसीर	माघ दोस्रो बुधबार	चैत्र/बैशाख	जेष्ठ/आषाढ	आषाढ

**प्राविधिक तर्फका सहायकस्तरका तोकिएका पदमा दुई चरणको परीक्षा सञ्चालन गर्ने गरी विज्ञापन प्रकाशन गरिनेछ।*

ख. प्रदेश संगठित संस्था तर्फः

सि. नं.	तह	पदपूर्तिको किसिम	माग संकलन तथा प्रतिशत निर्धारण	विज्ञापन सूचना प्रकाशन	परीक्षा सञ्चालन	लिखित परीक्षा नतिजा	अन्तर्वार्ता र सिफारिस
१.	प्रदेश संगठित संस्थाका सबै सेवा/समूह र तहका पदहरु	सम्बन्धित कानूनमा व्यवस्था भए बमोजिम	पुस	माघ दोस्रो बुधबार	चैत्र/बैशाख	जेष्ठ/आषाढ	आषाढ

द्रष्टव्य

१. वार्षिक कार्यतालिका लागू हुने मितिः २०८१ श्रावण १ गतेदेखि

२. जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा, कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवा, अन्तर तह प्रतियोगिता, आन्तरिक प्रतियोगिता र खुला प्रतियोगिताबाट हुने पदपूर्ति कर्मचारी सेवा शर्त प्रचलित कानुन बमोजिम हुनेछ।

३. प्रदेश सरकार तथा स्थानीय तहबाट पदपूर्तिका लागि माग प्राप्त नभएको खण्डमा तत्सम्बन्धी कामकारबाही कार्यतालिका बमोजिम हुनेछैन।

४. माथि कार्यतालिकामा नपरेका अन्य विषयहरूलाई क्रमशः समावेश गरिनेछ।

अनुसूची– ३

लोक सेवा आयोगहरूको पाँचौं राष्ट्रिय सम्मेलनको घोषणापत्र र निर्णयहरू

योग्यता, निष्पक्षता र स्वच्छता : लोक सेवा आयोगहरूको प्रतिबद्धता

लोक सेवा आयोगहरूको पाँचौं राष्ट्रिय सम्मेलन

२०८१ फागुन २३ र २४ गते, विराटनगर, कोशी प्रदेश, नेपाल

घोषणापत्र

लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगका हामी पदाधिकारीहरू

योग्यता प्रणालीको प्रवर्द्धक र संरक्षकको जिम्मेवारीलाई आत्मसात गर्दै,

योग्यता, निष्पक्षता, स्वच्छता र समावेशिताको सिद्धान्त अनुरूप सङ्घीयताको मर्म र भावना अनुकूल हुने गरी सार्वजनिक प्रशासनमा उपयुक्त जनशक्तिलाई आकर्षण गर्न र सबै तहमा योग्य र सक्षम जनशक्ति सिफारिस गर्न तथा अवलम्बन गरिएका योग्यता प्रणालीको अभिवृद्धि गर्न हामी लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगका पदाधिकारीहरू देहाय बमोजिमको प्रतिबद्धता व्यक्त गर्दछौं ।

१. योग्यता प्रणालीको प्रवर्द्धक र संरक्षकको जिम्मेवारीलाई आत्मसात गर्दै, जनशक्तिको छनौटमा योग्यता प्रणालीको सिद्धान्तलाई पूर्ण पालना गर्दछौं ।

२. योग्य र प्रतिभाशाली जनशक्ति भर्ना तथा छनौट गर्न आयोगलाई उत्कृष्ट केन्द्रको रूपमा विकास गर्न प्रयत्न गर्दछौं ।

३. प्रविधिको उच्चतम उपयोगको माध्यमबाट आयोगहरूको कार्यसम्पादनमा निष्पक्षता, स्वच्छता र विश्वसनीयता कायम गर्न प्रतिबद्ध छौं ।

४. योग्यता, निष्पक्षता र स्वच्छतालाई अझ सुदृढ र समय सापेक्ष सुधार गर्न लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगबीच निरन्तर समन्वय र सहकार्य गर्न प्रतिबद्ध छौं ।

यज्ञराज खोरेा	बसन्ती कुमारी सिंह शाही	प्रा.डिलाराम भट्टराई	विष्णुप्रसाद नेपाल	महेश्वर भेष्ठ	शिवराम यादव	महेन्द्रप्रसाद गुरागाई	माधवप्रसाद रेग्मी
अध्यक्ष	का.वा.अध्यक्ष	अध्यक्ष	अध्यक्ष	अध्यक्ष	अध्यक्ष	अध्यक्ष	अध्यक्ष
प्रदेश लोक सेवा आयोग, सुदूरपश्चिम प्रदेश	प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश	प्रदेश लोक सेवा आयोग, लुम्बिनी प्रदेश	प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश	प्रदेश लोक सेवा आयोग, बागमती प्रदेश	प्रदेश लोक सेवा आयोग, मधेश प्रदेश	प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश	लोक सेवा आयोग

इति संवत् २०८१ साल फागुन २४ गते रोज ७ शुभम् ।

योग्यता, निष्पक्षता र स्वच्छता: लोक सेवा आयोगहरूको प्रतिबद्धता

लोक सेवा आयोगहरूको पाँचौं राष्ट्रिय सम्मेलन

२०८१ फागुन २३ र २४ गते, विराटनगर, कोशी प्रदेश, नेपाल

निर्णयहरू

१. लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगहरूको वार्षिक कार्यतालिकामा एकरुपता कायम गर्न प्रयास गर्ने,

२. लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगहरुको समान पदको पाठ्यक्रम र परीक्षा योजनामा एकरूपता कायम गर्न प्रयास गर्ने,

३. कर्मचारीको वृत्ति विकास र सेवाका शर्तहरूमा सरकारलाई दिएका परामर्श कार्यान्वयन गर्नका लागि सम्बन्धित सरकारलाई ध्यानाकर्षण गराउने,

४. लोक सेवा आयोगले सङ्घीय कानुन बमोजिम अपनाएको सिद्धान्त र मापदण्ड प्रदेश लोक सेवा आयोगहरूसँग समन्वय गरी सार्वजनिक गर्ने,

५. कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम प्रदेश र स्थानीय तहमा समायोजन तथा लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगबाट सिफारिस भएका कर्मचारीको सेवा सुविधा र निवृत्तिभरण कोष व्यवस्थाको लागि सम्बन्धित तहका सरकारसँग अनुरोध गर्ने,

६. सङ्घीय निजामती सेवा ऐन अविलम्ब जारी गर्न अनुरोध गर्ने,

७. प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशका माननीय अध्यक्ष श्री सुरेशमान श्रेष्ठ, प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेशका माननीय अध्यक्ष श्री रामप्रसाद उपाध्याय तथा प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशका माननीय सदस्य श्री सुदर्शनप्रसाद ढकालको निवृत्त जीवन क्रियाशील, स्वस्थ र सुखी होस् भनी कामना गर्ने,

८. प्रदेश लोक सेवा आयोग, कोशी प्रदेशमा नियुक्त हुनु भएका माननीय अध्यक्ष श्री महेन्द्रप्रसाद गुरागाई, प्रदेश लोक सेवा आयोग, मधेश प्रदेशमा नियुक्त हुनु भएका माननीय अध्यक्ष श्री शिवराम यादव, प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशमा नियुक्त हुनु भएका माननीय अध्यक्ष श्री महेश्वर श्रेष्ठ तथा प्रदेश लोक सेवा आयोग, मधेश प्रदेशमा नियुक्त हुनु भएका माननीय सदस्य श्री सुनिलकुमार मिश्र, प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशमा नियुक्त हुनु भएका माननीय सदस्य श्री रामबहादुर खड्का र प्रदेश लोक सेवा आयोग कर्णाली प्रदेशमा नियुक्त हुनु भएका माननीय सदस्य श्री भक्तबहादुर ढकाललाई स्वागत गर्दै हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्ने,

९. लोक सेवा आयोगहरूको पाँचौं राष्ट्रिय सम्मेलन सम्पन्न गर्न सहयोग र समन्वय गर्नु भएकोमा प्रदेश लोक सेवा आयोग, कोशी प्रदेशलाई धन्यवाद दिने,

१०. लोक सेवा आयोगहरूको छैटौं राष्ट्रिय सम्मेलन मिति २०८२ फागुन २३ र २४ गते गण्डकी प्रदेशको पोखरामा आयोजना गर्ने ।

गजराज खोहोरा	वसन्ती कुमारी सिंह शाही	प्रा. हिरालाल भट्टराई	विष्णुप्रसाद नेपाल	महेश्वर श्रेष्ठ	शिवराम यादव	महेन्द्रप्रसाद गुरागाई	माधवप्रसाद रेग्मी
अध्यक्ष	का.वा.अध्यक्ष	अध्यक्ष	अध्यक्ष	अध्यक्ष	अध्यक्ष	अध्यक्ष	अध्यक्ष
प्रदेश लोक सेवा आयोग, सुदूरपश्चिम प्रदेश	प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश	प्रदेश लोक सेवा आयोग, लुम्बिनी प्रदेश	प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेश	प्रदेश लोक सेवा आयोग, बागमती प्रदेश	प्रदेश लोक सेवा आयोग, मधेश प्रदेश	प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश	लोक सेवा आयोग

इति संवत् २०८१ साल फागुन २४ गते रोज ७ शुभम् ।

अनुसूची– ४

प्रदेश लोक सेवा आयोगहरूको चौथो सम्मेलनको घोषणापत्र र निर्णयहरू

प्रदेश लोक सेवा आयोगहरूको चौथो सम्मेलनबाट पारित पोखरा घोषणापत्र, २०८१

नेपालको संविधानको धारा २४४ बमोजिम स्थापित प्रदेश लोक सेवा आयोगहरूबाट प्रदेश निजामती सेवा, स्थानीय सरकारी सेवा र संगठित संस्थाका पदहरूमा योग्यता, निष्पक्षता र स्वच्छता कायम गरी उपयुक्त उमेदवार छनौट तथा सिफारिस गर्ने कार्य हुँदै आइरहेको छ। प्रदेश लोक सेवा आयोगहरूले अवलम्बन गर्ने भर्ना तथा छनौट पद्धति र कार्यविधिलाई अझ बढी प्रभावकारी, व्यवस्थित तथा समसामयिक बनाउने एवम् कार्य सम्पादनको सिलसिलामा प्राप्त अनुभवहरूलाई एकआपसमा साझेदारी गर्दै समान धारणा निर्माण गर्ने अभिप्रायले यसपूर्व जारी भएका घोषणापत्रहरू कार्यान्वयन अवस्थाको समीक्षा गर्दै हामी पदाधिकारीहरू देहायका प्रतिबद्धता सहितको घोषणापत्र जारी गर्दछौं:

१. प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५ बमोजिम मापनयोग्य मानक सहितको सिद्धान्त र मापदण्ड प्रदेश लोक सेवा आयोगहरूसँग समन्वय गरी सार्वजनिक गर्न लोक सेवा आयोगलाई अनुरोध गर्ने,

२. नेपालको संविधान, सङ्घीयताको मूल मर्म र भावना एवम् कर्मचारी समायोजन ऐन, २०७५ को व्यवस्था समेतका आधारमा प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाबाट क्रमशः प्रदेश सचिव र प्रमुख प्रशासकीय अधिकृतको भर्ना तथा पदस्थापन र तहाँ कार्यरत कर्मचारीहरूको पदसोपान सहितको वृत्ति विकासलाई यथोचित सम्बोधन हुने गरी सङ्घीय निजामती सेवा ऐन शीघ्र जारी गर्न अनुरोध गर्ने,

३. समान तहको पदमा प्रतिस्पर्धामा भाग लिन नपाउने कानूनी व्यवस्था नभएका प्रदेशहरूमा आवश्यक कानुनी व्यवस्थाका लागि सम्बन्धित प्रदेश सरकारलाई अनुरोध गर्ने,

४. प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा सम्बन्धी कानूनमा उल्लेख भएबमोजिम संगठन संरचना तथा पद दर्ता सम्बन्धी कार्य समयमै सम्पन्न गरी आयोगबाट सिफारिस भई नियुक्ति भएका कर्मचारीहरूको व्यक्तिगत विवरण (सिटरोल) दर्ता तथा अध्यावधिकको कार्य गर्न सम्बन्धित प्रदेश सरकारलाई अनुरोध गर्ने,

५. निजामती सेवा ऐन, २०४९ तथा स्वास्थ्य सेवा ऐन, २०५३ का प्रावधान प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा सम्बन्धी कानूनमा भर्ना, सेवाका शर्त र सुरक्षा तथा अवकाशको उमेर सम्बन्धी कानूनमा तादात्म्य हुनेगरी आवश्यक व्यवस्थाका लागि सम्बन्धित प्रदेश सरकारलाई अनुरोध गर्ने,

६. प्रदेश लोक सेवा आयोगहरूबाट पदपूर्ति सम्बन्धी वार्षिक कार्यतालिकामा सम्भव भएसम्म एकरुपता कायम गर्ने,

७. आयोगका पदाधिकारीहरूको नियुक्ति, सेवाका शर्त र सेवाबाट अलग हुने व्यवस्था एवम् निजहरूले बहुवा समितिमा रही खेल्ने भूमिका र पदीय हैसियत समेतका आधारमा मर्यादा कायम हुने गरी हाल कायम रहेको मर्यादाक्रमलाई पुनरावलोकन गर्न अनुरोध गर्ने,

८. प्रदेश लोक सेवा आयोगहरूले सम्पर्क कार्यालयको रूपमा लोक सेवा आयोगको काठमाडौंमा रहेको कार्यालय परिसर भित्र प्रदेश लोक सेवा आयोगहरूको कार्यसम्पादनका लागि गोपनीयता, संवेदनशीलता र सुरक्षाको मापदण्ड अवलम्बन गर्नुपर्ने भएकोले पर्याप्त स्थान व्यवस्थापनका लागि लोक सेवा आयोगलाई अनुरोध गर्ने,

९. यसअघिका सम्मेलनहरूबाट पारित भई कार्यान्वयन हुन बाँकी रहेका घोषणाहरूलाई कार्यान्वयन गर्दै जाने।

मा. महेन्द्र प्रसाद गुरागाई अध्यक्ष प्रदेश लोक सेवा आयोग कोशी प्रदेश, बिराटनगर	मा. शिवराम यादव अध्यक्ष प्रदेश लोक सेवा आयोग मधेश प्रदेश, जनकपुरधाम	मा. महेश्वर पौड् अध्यक्ष प्रदेश लोक सेवा आयोग बागमती प्रदेश, हेटौंडा	मा. विष्णुप्रसाद नेपाल अध्यक्ष प्रदेश लोक सेवा आयोग गण्डकी प्रदेश, पोखरा
मा. प्रा. डिलाराम भट्टराई अध्यक्ष प्रदेश लोक सेवा आयोग लुम्बिनी प्रदेश, बुटवल	मा. रामप्रसाद उपाध्याय अध्यक्ष प्रदेश लोक सेवा आयोग कर्णाली प्रदेश, वीरेन्द्रनगर	मा. यज्ञराज बोहरा अध्यक्ष प्रदेश लोक सेवा आयोग सुदूरपश्चिम प्रदेश, धनगढी	

इति सम्वत् मिति २०८१ मंसिर १९ गते रोज ४ शुभम्.....।

२०८१ मंसिर १८ र १९ गते, गण्डकी प्रदेश, पोखरामा सम्पन्न प्रदेश लोक सेवा आयोगहरूको चौथो सम्मेलनका

निर्णयहरू

१. प्रदेश लोक सेवा आयोगहरूले प्रयोग गर्दै आइरहेका व्यवस्थापन सूचना प्रणाली (MIS) सँग सम्बन्धित प्राविधिक विषयहरू (OMR, अनलाइन प्रणालीहरू, वेबसाइट) मा एकरुपता कायम गर्ने,

२. कार्यकाल सफलतापूर्वक सम्पन्न गरी विदाई हुनु भएका वागमती प्रदेशका माननीय अध्यक्ष सुरेशमान श्रेष्ठ र माननीय सदस्य सुदर्शन प्रसाद ढकाललाई हार्दिक धन्यवाद ज्ञापन गर्ने र नवनियुक्त माननीय अध्यक्ष महेन्द्रप्रसाद गुरागाई (कोशी प्रदेश), माननीय अध्यक्ष शिवराम यादव (मधेश प्रदेश), माननीय अध्यक्ष महेश्वर श्रेष्ठ (वागमती प्रदेश), माननीय सदस्य भक्तबहादुर ढकाल (कर्णाली प्रदेश) तथा माननीय सदस्य सुनिल कुमार मिश्र (मधेस प्रदेश) लाई हार्दिक बधाई तथा कार्यकालको सफलताको शुभकामना प्रदान गर्ने,

३. प्रदेश लोक सेवा आयोगहरूको पाँचौ सम्मेलन मधेस प्रदेश, जनकपुरधाममा मिति २०८२ मंसिर १८ र १९ गते आयोजना गर्ने,

४. प्रदेश लोक सेवा आयोगहरूको सम्मेलनबाट पारित घोषणापत्र र निर्णयहरूको कार्यान्वयन स्थितिका सम्बन्धमा समन्वय, सहकार्य र साझेदारीका लागि सबै प्रदेश लोक सेवा आयोगहरूका सचिवहरूको एक समन्वय समिति गठन गर्ने र समितिको संयोजन गण्डकी प्रदेशका सचिवले गर्ने,

५. प्रदेश लोक सेवा आयोगहरूको चौथो सम्मेलनको आयोजना गरी सफलतापूर्वक सम्पन्न गरेकोमा प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेशलाई धन्यवाद प्रदान गर्ने।

मा. महेन्द्र प्रसाद गुरागाई अध्यक्ष प्रदेश लोक सेवा आयोग कोशी प्रदेश, विराटनगर	मा. शिवराम यादव अध्यक्ष प्रदेश लोक सेवा आयोग मधेश प्रदेश, जनकपुरधाम	मा. महेश्वर श्रेष्ठ अध्यक्ष प्रदेश लोक सेवा आयोग वागमती प्रदेश, हेटौंडा	मा. विष्णुप्रसाद नेपाल अध्यक्ष प्रदेश लोक सेवा आयोग गण्डकी प्रदेश, पोखरा
मा. प्रो. डिलाराम भट्टराई अध्यक्ष प्रदेश लोक सेवा आयोग लुम्बिनी प्रदेश, बुटवल	मा. रामप्रसाद उपाध्याय अध्यक्ष प्रदेश लोक सेवा आयोग कर्णाली प्रदेश, वीरेन्द्रनगर	मा. यज्ञराज खोहरा अध्यक्ष प्रदेश लोक सेवा आयोग सुदूरपश्चिम प्रदेश, धनगढी	

इति सम्वत् मिति २०८१ मंसिर १९ गते रोज ४ शुभम्.....।

अनुसूची– ५

आयोगको आ.व. २०८१/०८२ को पदपूर्ति सम्बन्धी कार्यसम्पादनको सारांश विवरण

विज्ञापन संख्या	बढुवा तर्फः ८९	प्रतिस्पर्धात्मक परीक्षा तर्फः १७३

क्र.सं.	तह		विज्ञापित पद संख्या		प्रतिस्पर्धात्मक परीक्षातर्फ उम्मेदवारको विवरण											बढुवामा दरखास्त नपरेका पदसंख्या
		मागपद	बढुवा	प्र.परीक्षा	आवेदक	दरखास्त	प्रथम चरणको परीक्षामा सहभागी			द्वितीय चरणको परीक्षामा सहभागी	अन्तरवार्ता मा छनोट	सिफारिस	अन्तरवार्ता र सिफारिस हुन बाँकी	विज्ञापित पद संख्या मध्ये नतिजा प्रकाशन हुन बाँकी	पदपूर्ति हुन नसकेका पद	
							प्रथम चरण (प्रथम पत्र र द्वितीय पत्र दुवै)	प्रथम चरण OMR (प्रथम पत्रमात्र)	जम्मा सहभागी							
१	एघारौं	६	६						०							२
२	नवौं	४०	३१	९	१५९	१७६	९५		९५		१५	६			३	१६
३	आठौं	११		११	३४३	४६७	२०९		२०९		२०	११				
४	सातौं	१३४	५२	८०	५६०२	८११८	१८३७	१५८७	३४२४	६२७	१६७	७९			१	४
५	पाँचौं	२४३	७७	१६६	२७३७८	४८००३	१२०	१९९७०	२००९०	५४४०	३१०	१०५	६१	६१		२४
६	चौथो	२५०		२५०	३१८२९	५७६९४	२६१	२११२०	२१३८१	८८८८	१११	०	२५०	२५०		
७	तेस्रो	८६		८६	११६७६	२२८८१	०	८४९५	८४९५	०	०		**८६**	८६		
	जम्मा	**७७०**	**१६६**	**६०२**	**७६९८७**	**१३७३३९**	**२५२२**	**५११७२**	**५३६९४**	**१४९५५**	**६२३**	**२०१**	**३९७**	**३९७**	**४**	**४६**
	संगठित संस्था	**१३**	**०**	**१०**	**५६**	**५८**	**३०**		**३०**		**१४**	**६**				
आ.व. २०८०/८१ को बाँकी																
४	पाँचौं	८७८		५७४							७४८	५७४				
५	चौथो	६२८		६०९							१००५	६०९				
	जम्मा	१५०६	०	११८३			०	०	०	०	१७५३	११८३	०	०		
कुल जम्मा		**२२८९**	**१६६**	**१७९५**	**७७०४३**	**१३७३९७**	**२५५२**	**५११७२**	**५३७२४**	**१४९५५**	**२३९०**	**१३९०**	**३९७**	**३९७**	**४**	**४६**

आयोग गतिविधिका केही झलकहरू

माननीय प्रदेश प्रमुख समक्ष आयोगको चौथो वार्षिक प्रतिवेदन पेश गर्नुहुँदै आयोगका अध्यक्ष

आयोगको प्रतिवेदन पेश भए पश्चात माननीय प्रदेश प्रमुखको साथमा आयोगका पदाधिकारी र कर्मचारीहरू

प्रदेश लोक सेवा आयोगहरूको चौथो सम्मेलनमा सम्बोधन गर्नुहुँदै प्रदेश लोक सेवा आयोग गण्डकीका अध्यक्ष

प्रदेश लोक सेवा आयोगहरूको चौथो सम्मेलनको सन्दर्भमा गण्डकी प्रदेश लोक सेवा आयोगको प्रथम पञ्चवर्षीय रणनीतिक योजना सार्वजनिक गरिँदै

प्रदेश लोक सेवा आयोगहरूको चौथो सम्मेलनका सहभागी र आयोगका कर्मचारी

आयोगको वार्षिकोत्सवको अवसरमा चौथो वार्षिक स्मारिका विमोचन गर्नुहुँदै माननीय प्रदेश प्रमुख

आयोगको लोगो अनावरण सहित हस्ताक्षर गर्नुहुँदै माननीय प्रदेश प्रमुख

चौथो वार्षिकोत्सव समारोहमा प्रमुख अतिथि, विशिष्ट अतिथिसँगको सामुहिक तस्विर

लोक सेवा आयोगका माननीय अध्यक्षज्यूसँग आयोगका पदाधिकारी तथा
कर्मचारीको परिचयात्मक कार्यक्रम

लोक सेवा आयोगको पाँचौ राष्ट्रिय सम्मेलनमा सहभागी सबै आयोगका पदाधिकारी

लोक सेवा आयोगको पाँचौ राष्ट्रिय सम्मेलनमा सहभागी आयोगका पदाधिकारी र कर्मचारी

तेस्रो तह, बनरक्षक पदको शारीरिक तन्दुरुस्ती परीक्षण परीक्षाका उम्मेदवारहरूलाई परीक्षाका विभिन्न इभेन्टको बारेमा जानकारी प्रदान गरिँदै ।

तेस्रो तह, बनरक्षक पदको शारीरिक तन्दुरुस्ती परीक्षण परीक्षामा सम्पन्न पश्चात संलग्न प्रहरी कर्मचारी सामूहिक तस्विर

सिफारिस भएका उम्मेदवारहरूलाई अनुशिक्षण गरिँदै

सिफारिस भएका उम्मेदवारहरूलाई अनुशिक्षण पश्चातको सामूहिक तस्विर

स्याङ्जा जिल्लाको सिस्ब्वारीमा सञ्चालन भएको क्षमता अभिवृद्धि तालिम कार्यक्रम

सिस्ब्वारीमा सञ्चालित क्षमता अभिवृद्धि तालिम कार्यक्रम पश्चातको सामूहिक तस्विर

भानु नगरपालिका तनहुँका जनप्रतिनिधी र कर्मचारीसँग अन्तरक्रिया पश्चातको सामूहिक तस्विर

धवलागिरी गाउँपालिका म्याग्दीका जनप्रतिनिधी र कर्मचारीसँग अन्तरक्रिया पश्चातको सामूहिक तस्विर

नवलपरासी (ब.स.पू.), गैंडाकोट न.पा.का पदाधिकारी र कर्मचारीसँग अन्तरक्रिया पश्चातको सामूहिक तस्विर

नवलपरासी (ब.स.पू.), देवचुली न.पा.का पदाधिकारी र कर्मचारीसँग पदपूर्तिसम्बन्धी अन्तरक्रिया

स्याङ्जा जिल्लाको वालिङ नगरपालिकामा आयोजित पदपूर्ति सम्बन्धी अन्तरक्रिया पश्चातको सामूहिक तस्विर

कास्की जिल्लाको मादी गाउँपालिकामा पदपूर्ति सम्बन्धी छलफल तथा अन्तरक्रिया पश्चातको सामूहिक तस्विर

पर्वतको विहादी गाउँपालिकाका पदाधिकारी र कर्मचारीसँग अन्तरक्रिया पश्चातको सामूहिक तस्विर

पर्वतको पैयूँ गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीसँग अन्तरक्रिया पश्चातको सामूहिक तस्विर